# आवधिक योजना

## खण्ड-क

(आ.व २०८०/८१ – २०८४/८५)

(अन्तिम प्रतिवेदन)

“विविधतामा एकता : समृद्धि हाम्रो प्रतिबद्धता”

महाङ्काल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोटीखेल, ललितपुर

बागमती प्रदेश, नेपाल

२०७९

## विषयसूचि


१.१. पृष्ठभूमि ........ १

१.२ आवधिक योजनाको उद्देश्य ........ २

१.३ आवधिक योजना तर्जुमा पक्रिया ........ २

२.१ पृष्ठभुमि ........ ६

२.२ प्रमुख समस्या तथा चुनौती ........ ६

२.३ प्रमुख सम्भावना तथा अवसर ........ ७

२.४ निर्देशक सिद्धान्तहरु ........ ९

२.५ सोच, लक्ष्य तथा उद्देश्य ........ ११

२.६ परिमाणात्मक लक्ष्य ........ १२

२.७ रणनीति तथा प्राथमिकता ........ १३

२.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ १४

३.१ कृषि तथा पशुपन्छी ........ २०

३.२. सिंचाई ........ २३

३.३.पर्यटन, सँस्कृति तथा सम्पदा ........ २७

३.४. उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती ........ ३१

३.५. श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ३४

४.१. स्वास्थ्य तथा पोषण ........ ३७

४.२. शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ ४१

४.३ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ४६

४.४ युवा तथा खेलकुद ........ ५१

५.२ सडक तथा पुल ........ ६०

५.३. खानेपानी तथा सरसफाई ........ ६४

५.४. जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ ६७

५.५.सूचना, सञ्चार तथा प्रविधि ........ ७१

६.१. वन तथा जैविक विविधता ........ ७५

६.२. भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........................................................ ७९
६.३. वातावरण तथा फोहोरमैला व्यवस्थापन ........................................................ ८२
६.४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........................ ८५
७.१. संस्थागत विकास तथा सुशासन ........................................................ ९०
७.१.१. पृष्ठभूमी ........................................................ ९०
८.१. पृष्ठभूमी ........................................................ १०१
८.२. संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........................................................ १०१
८.३. विषयक्षेत्र अनुसार अनुमानित बजेट ........................................................ १०५
८.४. स्रोत अनुमान तथा प्रक्षेपण ........................................................ ११३
८.५. स्रोत परिचालन रणनीति ........................................................ ११८
८.६. आवधिक योजना कार्यन्वयन ........................................................ ११९
८.७. अनुगमन तथा मूल्याङ्कन योजना ........................................................ १२१
सर्न्दभ सामाग्री ........................................................ १२६
अनुसूची(१  योजनाको बृस्तित विवरण ........................................................ १२७
अनुसूची-२ मिटिङ माईनुटस् ........................................................ १५८
अनुसूची-३ फोटोग्राफ ........................................................ १६१
अनुसूची-४ GIS नक्सा ........................................................ १६५

# परिच्छेद १: परिचय

## १.१. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा, स्थानीय तहको योजना तर्जुमा सम्बन्धी कार्यान्वयनमा एकरुपता तथा सहजताका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन जारी गरेको छ ।

गाउँपालिकाको सामाजिक, आर्थिक तथा भौतिक क्षेत्रमा समष्टिगत दिगा विकास हासिल गर्नका लागि दीर्घकालीन सोच, लक्ष्य तथा विषयगत उद्देश्यहरू निर्धारण गरि समग्र विकास प्रक्रियालाई सोअनुसार मार्गदर्शन र मापन गर्नका लागि स्पष्ट रणनीति, सिद्धान्त तथा प्राथमिकतासहित अपेक्षित नतिजाहरू पहिचान एवम् परिभाषित गरिएको दस्तावेजलाई आवधिक विकास योजना भनिन्छ ।

आवधिक योजनाले मुलुकमा राजनीतिक स्थायित्व पश्चात् नागरिकको ठूलो अपेक्षालाई साकार पार्न गाउँपालिकाहरूलाई स्पष्ट सोच, खाका, प्राथमिकतासहित तोकिएको दिशातर्फ डोहोर्‍याउन सहयोग पुर्‍याउने हुनाले आवधिक योजनाको भूमिका आफैंमा महत्वपूर्ण रहेको छ । यसका अतिरिक्त विद्यमान कानुनअनुसार गाउँपालिका र नगरपालिकाले संविधान, प्रचलित कानून तथा नीतिगत व्यवस्था बमोजिम स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनालगायत मध्यमकालीन खर्च संरचना समेत तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ । यस परिवेशमा गाउँपालिकामा कार्यरत अन्तराष्ट्रिय विकास साझेदार संस्था तथा आवधिक योजना तर्जुमाको लामो अनुभव बोकेको प्राविधिक संस्थाको प्राविधिक सहयोगमा गाउँपालिकाले यो योजना तर्जुमा गरेको छ ।

स्थानीय तहको योजना तर्जुमाका क्रममा दिगा विकास लक्ष्य र संघीय तथा प्रादेशिक योजनासँग तादम्यता जरुरी हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरि सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरको छ । सोही व्यवस्था अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारी वृद्धि, जनसहभागिता प्रवर्द्धन, समावेशी, दिगा विकास र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ । नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवम् कानून बमोजिम महाङ्काल गाउँपालिकाको योजना तर्जुमा सम्बन्धी जिम्मेवारी तथा अधिकारलाई समेत मनन् गरि यो योजना तर्जुमा गरिएको छ ।

संघीय शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय सरकारले समृद्धि र सुशासनको जनआकांक्षालाई दिशानिर्देश गर्न आवधिक योजनाको आवश्यकता रहेको छ । गाउँपालिका

क्षेत्रका समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरि निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक विकास योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफूले चाहेको गन्तव्यतर्फ डोऱ्याउने काम गर्दछ। नेपालको संविधान र कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषय र क्षेत्रलाई समेट्ने गरि स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्दछ ।

## १.२ आवधिक योजनाको उद्देश्य

महाङ्काल गाउँपालिकामा योजनाबद्ध विकासका लागि गाउँपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एकै स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक गाउँ विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । यो योजना योजना तर्जुमाका निर्दीष्ट उद्देश्यहरू देहायअनुसार छन्:

- दीर्घकालीन सोच उन्मुख रही समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक दस्तावेज तयार गर्ने,
- गाउँपालिकाका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,
- विषय क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारी कार्यलाई निर्देशित गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र समिक्षा सूचकहरूको खाका तयार पार्ने
- अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्ने ।

## १.३ आवधिक योजना तर्जुमा पक्रिया

**क. सन्दर्भ सामग्रीहरुको अध्ययन**

आवधिक योजना निर्माण कार्यको प्रारम्भमा स्थानीय सरकार सञ्चानलसँग सम्बन्धित विभिन्न ऐन, कानुन, गत आ.व.को नीति, कार्यक्रम तथा योजना, प्रगति प्रतिवेदन आदिको अध्ययन गरियो । महाङ्काल गाउँपालिकासँग सम्बन्धित अभिलेख, तथा उपलब्ध लेख रचना वा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरि यस गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावित विविध पक्षको समिक्षा गरियो । यसका अतिरिक्त गाउँपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषण साथै नेपालको संविधान, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गत ऐन, कानुन तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तर्गतका

आवधिक योजना निर्माण निर्देशिका, गाउँपालिकाको पार्श्वचित्र, घरधुरी सर्भेक्षणको प्रतिवेदन तथा अन्य सम्बन्धित स्रोत सामाग्रीहरुको अध्ययन गरियो । यी अध्ययनहरुको आधारमा महाङ्काल गाउँपालिकाले अगिंकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

### ख. अभिमुखीकरण तथा तयारी कार्यशाला

आवधिक योजना तर्जुमा सम्बन्धमा स्थानीय विकासका सरोकारवालामाझ समान बुझाइ कायम गर्न एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी आयोजना गरियो । कार्यशालामा गाउँकार्यपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कार्यालयका कर्मचारी, विषयगत महाशाखा/शाखाका प्रमुख, लक्षित वर्ग सञ्जालका प्रतिनिधि, व्यवसायिक संघ/संस्थाका प्रतिनिधि, सहकारी, नागरिक समाज, स्थानीय प्रबुद्ध व्यक्ति, राजनीतिक दलका स्थानीय प्रमुख/प्रतिनिधि तथा गैरसरकारी संस्थाका प्रतिनिधि लगायतका गाउँ विकासका सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गरियो । कार्यशालामा आवधिक योजना तर्जुमा ढाँचा, पक्रिया तथा जिम्मेवारी सम्बन्धी स्पष्टता र आवधिक योजना तर्जुमाको कार्ययोजना स्वीकृत गरियो ।

### ग. बहुसरोकारवालाहरु सँग प्रारम्भिक छलफल

तोकिए बमोजिमको ढाँचामा आवधिक योजना तर्जुमा गर्ने निर्णय बमोजिम स्थानीय तहको आयोजना तथा परामर्शदाता संस्थाको प्राविधिक सहयोगमा वि.सं. २०७९ जेठ ०९ गते आवधिक योजना तर्जुमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरि योजना तर्जुमा कार्य औपचारिक रुपमा प्रारम्भ गरियो । प्रारम्भिक चरणमा गाउँपालिकाको सहयोगमा गाउँपालिका स्थित बहुसरोकारवालाहरुसँग आवधिक योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर छलफल गरियो । गाउँपालिकाका सरोकारवाला (निर्वाचित, जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, गैर सरकारी संस्थाहरुका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफल संघिय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुकले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा छलफल भयो । साथै आवधिक योजना निर्माणमा सबै समुदायको सम्मान, समतामुलक तथा समानुपातिक प्रतिनिधित्वका लागि पालिका स्तरीय समितिहरु गठन गरियो । जस अन्तर्गत गाउँपालिकाका प्रमुखको अध्यक्षतामा मुल निर्देशक समितिको गठन निर्माण गरियो भने विषयगत समितिका अध्यक्षहरुको संयोजकत्वमा विषयगत समितिहरु गठन गरियो । यी समितिहरु गठनको मुख्य उद्देश्य भनेको कार्यशालामा आवधिक योजनाको अवधारणा, उद्देश्य, औचित्य तथा सम्बन्धीत विषयमा अभिमुखीकरण सहित विषय विज्ञ तथा विषयगत महाशाखा तथा शाखा प्रमुखहरुको सहजीकरण र समन्वयमा दीर्घकालिन सोच, गाउँ विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, सम्भावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, गाउँ विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गर्नु रहेको थियो ।

### घ. वडा प्रतिनिधिहरुसँग छलफल

निर्वाचित जनप्रतिनिधिहरुको सहभागितामा सबै वडाका प्रतिनिधिहरुसँग छुट्टा छुट्टै बैठक गरि चेकलिष्टका आधारमा वडाबासीहरुले भोगिरहेको अवस्था, विकासको चाहना र सम्भावनाहरुको बारेमा छलफल गरि सूचनाहरु संकलन गरियो । यसैगरि गाउँपालिकाको सामाजिक तथा प्राकृतिक अवस्थाको वस्तुस्थिती पहिचान गर्न सक्ने केहि प्रतिनिधिहरुको सहभागितामा लक्षित समुहसँग छलफल गरेर गाउँ बासीहरुको भावना र चाहनाहरु प्रतिनिधिमुलक रुपमा सूचना संकलन गरियो ।

### ङ. आधार रेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक विकास योजनाको खाका तयार गर्नुपुर्व महाङ्काल गाउँपालिकाको ६ वटै वडामा गई वडाको वस्तुस्थिति, समस्या, सम्भावना लगायतका विषयमा जानकारी लिने कार्य भएको थियो । साथै आवधिक योजना तर्जुमा कार्यमा सहयोग गर्ने महत्वपूर्ण सूचनाको आधारको रुपमा रहेको गाउँपालिकाको पार्श्वचित्र, यातायात गुरुयोजना, एकीकृत गाउँ विकास योजना तयारी सम्पन्न भइसकेको थियो । वस्तुगत विवरणमा भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ । आवधिक योजना तर्जुमाको क्रममा प्रस्तुत गरिएको वस्तुगत विवरणमा प्राप्त सुझाव अनुसार थप उपयोगी हुनेगरि तयार गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरि सरोकारवालाको नक्शाङ्कन, भूमिका तथा योगदानको लेखोजोखा समेत गरिएको थियो ।

### च. आवधिक योजना तर्जुमा गोष्ठी

आवधिक योजना तयारी अभिमुखीकरण कार्यक्रम तथा वडास्तरीय तथा लक्षित समूह परामर्शबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिबद्ध गरि मिति २०७९ असार १२ योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । गाउँपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, गाउँ विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा गाउँ विकासको लक्ष्य, उद्देश्य निर्धारण सहित नतिजा खाकामा ढाल्ने कार्य सम्पन्न गरियो ।

यस क्रममा सबै विषय क्षेत्रगत विकास अवधारणा, नतिजा खाका, कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, आवश्यक श्रोत र अनुगमन तथा मूल्याङ्कन खाकामा सहमति गरिएको थियो । यस चरणमा विगतका कार्यशालाहरुबाट प्राप्त उपलब्धि तथा सूचनाहरु समेतको सहयोग मार्फत योजना तर्जुमा भएको छ । गाउँपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ वर्ष आवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरियो । योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट)

मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नतिजामूलक अनुगमन तथा आवधिक समिक्षा तथा मूल्याङ्कन गरि नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरियो ।

**छ. सूचना/तथ्याङ्क प्रशोधन, व्यवस्थापन, विश्लेषण तथा योजना दस्तावेज तयारी**

योजना तर्जुमाका विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवम् निचोडका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरियो । साथै योजनामा योजनाविद् तथा विषय विज्ञहरुको सुझाव लिई योजना तर्जुमा प्राविधिक टोलीद्धारा आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सबै विषय एवं प्राविधिक पक्षहरुलाई तार्किक र वस्तुनिष्ठ रुपमा प्रस्तुत गरि आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

**ज. योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी**

माथि उल्लेखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरि आवधिक योजना सम्बन्धी प्रारम्भिक खाका तयार पारियो । तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि महाङ्काल गाउँपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरियो । प्रमाणीकरण गोष्ठीमा गाउँपालिकाको आवधिक योजनामा समावेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पुर्ण प्रारुप प्रस्तुत गरि सरोकारवालाबाट प्राप्त सुझावलाई संग्रहित गरियो । यसरी कार्यशालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समावेश गरि महाङ्काल गाउँपालिकाको आवधिक योजनाको अन्तिम दस्तावेज तयार गरिएको छ ।

# परिच्छेद २: सोच तथा विकासको अवधारणा

## २.१ पृष्ठभुमि

गाउँपालिका विकासको योजना तयार गर्दा वर्तमान अवस्थालाई ध्यान दिँदै योजनाको अन्त सम्ममा पालिका बासीको अधिकतम आवश्यकता पुरा गरि प्राप्त हुन सक्ने अवस्थालाई दर्शाउन सोच (Vision) तयार गर्नुपर्ने हुन्छ । उक्त सोच पुरा गर्न कस्ता कस्ता सिद्धान्तहरुको प्रयोग गर्ने, परिमाणात्मक लक्ष्य निर्धारण गर्ने, रणनीति तयार गर्ने र कार्यक्रमहरु लागु गर्न कार्यनीति समेत तयार गर्नु पर्ने हुन्छ । निर्धारित लक्ष्यमा पुग्न कस्ता समस्याहरु खडा छन् चुनौती र अवसरहरु के के छन् ती सबैको विश्लेषण गरि कुन क्षेत्रलाई जोड दिने कुन क्षेत्रलाई चालु राख्ने आदि विषयहरु प्राथमिकिकरण गर्नुपर्छ त्यसपछि मात्र लक्ष्यमा पुग्न सकिन्छ । आफूसँगै भएका सबल पक्षलाई बढाउदै समस्या र चुनौतीसँग जुध्दै अवसरहरुको उपयोग गर्नुपर्ने हुन्छ ।

## २.२ प्रमुख समस्या तथा चुनौती

गाउँपालिकाको समग्र विकास सम्बन्धी विकास योजनाको मुख्यआधार भनेको जनस्तरबाट महसुस गरिएका विकासको विभिन्न क्षेत्रहरुमा देखिएका सवल पक्षहरु जसले योजना कार्यन्वयनमा खेल्ने भुमिका तथा यसमा देखिएका कमजोरीहरुलाई न्युनिकरण गर्न, समस्याहरुलाई समग्र विश्लेषण गरेर पालिकाको निम्ती गर्न सकिने संभावनाहरुलाई नियोजित सम्बोधन गर्नु हो । यो योजना तर्जुमाका क्रममा स्थानीय समुदाय, वुद्धिजीवीहरु तथा सरोकारवालहरुबाट प्रस्तुत भएका समग्र समस्या तथा चुनौतीहरुलाई देहायका उपशिर्षकमा प्रस्तुत गरिएको छ ।

क) **समस्याहरु (Weakness)**

- खोला खोल्सी र सार्वजनिक जमिनको संरक्षण र दिगो व्यवस्थापन गर्न नसकिएको
- सडक निर्माण मापदण्ड लागु गर्न नसकिएको
- बेरोजगार र लुकेको बेरोजगारको अवस्था एकिन गर्न नसकेको तथा रोजगारी सिर्जना गर्न नसकेको
- प्लाष्टिक प्रदुषण नियन्त्रण गर्न नसकिएको
- धार्मिक, साँस्कृतिक र पर्यावरणीय सम्पदाको प्रचार प्रसार र विकास गर्न नसकेको
- खेलकुद प्रवर्द्धनमा पालिकाको लगानी वृद्धि गर्न नसकेको
- बालमैत्री स्थानीय शासन लागु गर्न नसकिएको (बाल विवाह, बाल श्रम कायम रहेको)
- सामाजिक विकृती जुवातास, जाडँरक्सी उन्मुलन गर्न नसकिएको
- कृषि सामाग्री तथा कृषि बजारको दिगो व्यवस्थापन गर्न नसकेको
- प्राविधिक शिक्षालय स्थापना गर्न नसकेको ।
- निर्वाहमुखी कृषि
- पर्यटक प्रर्वद्धनमा ध्यान दिन नसकेको
- भौगोलिक अवस्थिती

ख) **चुनौतीहरु (Threats)**

- स्थानिय श्रोत परिचालनमा दिगो विधि अपनाउन नसक्दा बाढी, पहिरो भूक्षय जस्ता प्राकृतिक प्रकोपहरु वृद्धि हुने चुनौती देखिन्छ ।
- सार्वजनिक विद्यालयहरु भएतापनि सबै अभिभावकको ध्यान समान रुपले आकर्षण गराउन चुनौती रहेको छ ।
- लैङ्गिक, सामाजिक तथा बेरोजगारी समस्या समाधान गर्न चुनौती रहेको छ ।
- बढ्दै गरेको बेरोजगारी तथा सुकुम्बासी समस्या समाधान ठूलो चुनौतीको रुपमा रहेको छ ।
- निर्वाहमुखी र परम्परागत कृषि प्रणालीलाई बदल्ने चुनौती
- धामी झाँक्रीमा विश्वास गर्ने परिवारलाई आधुनिक चिकित्सा पद्धतीमा बदल्ने चुनौती ।
- बालविवाह, कम उमेरमा हुने विवाह, बालश्रम उन्मुलन गर्ने चुनौती रहेको छ ।
- विभिन्न किसिमका गैसस, क्लब, सहकारी संस्थाहरुलाई उत्पादनमुखी बनाउन चुनौती रहेको छ ।

## २.३ प्रमुख सम्भावना तथा अवसर

यो योजना तर्जुमाका क्रममा स्थानीय समुदाय, बुद्धिजीवीहरु तथा सरोकारवालहरुबाट प्रस्तुत भएका समग्र सम्भावना तथा अवसरहरुलाई देहायका उपशिर्षकमा प्रस्तुत गरिएको छ ।

क) **सम्भावनाहरु/बलियो पक्ष (Strengths)**

- काठमाण्डौं उपत्यकासँग निकटतम अवस्थितिमा रहेकाले स्थानीय स्तरका वस्तु, सेवाका लागि काठमाडौं उपत्यकाको बजार उपलब्ध हुन सक्ने ।
- गाउँपालिकाको आफ्नै भवन बनिरहेको ।
- वडाकार्यालयहरुको आफ्नै भवनमा रहेको ।
- खोलानाला तथा पानिका मूलहरु प्रशस्त रहेको ।
- वनजंगल, जडिबुटी जस्ता प्राकृतिक साधन भएको ।
- पातलो वस्ती भएको कारण स्वच्छ र सफा हावापानी
- परिश्रमी जनताः कृषि र पशुपालनको लागि सुहाउँदो हावापानी
- पर्यटन पूर्वाधारका लागि प्राकृतिक र साँस्कृतिक सम्पदा रहेको ।
- नेपालको राजधानी काठमाण्डौ बाट नजिक ।
- विद्युत, संचार यातायातका पूर्वाधारको विस्तार
- शैक्षिक पूर्वाधारमा क्याम्पस १, मा.वि, ७ र २० वटा आधारभूत विद्यालय रहेको ।
- प्रत्येक वडामा स्वास्थ्यचौकी रहेको ।
- प्रत्येक विद्यालयमा बाल विकास कक्षा रहेको ।
- निर्वाचित जनप्रतिनिधिहरु
- कफी चिया जस्ता नगदेवालीको व्यवसायिक उत्पादन ।

ख) अवसरहरु **(Opportunities)**

- धार्मिक साँस्कृतीक र ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण बैतर्णीधाम, कालेश्वर महादेव, लोङ्तान गुम्बा जस्ता अंगलाई आवश्यक वातावरण र पूर्वाधार तयार गरि विशेष गरि भारतीय र बौद्ध धर्मावलम्बी पर्यटक प्रवर्द्धन गर्न सकिने अवसर छ ।
- चिहानडाँडा काटी स्मार्ट मार्केट र रंगशाला निर्माण गरि खेल पर्यटन विस्तार गर्न सकिने अवसर
- तल्लो जंगल भागलाई घेराबार गरि प्राकृतिक चिडियाखाना (Natural Zoo) तयार गरि प्रकृति प्रेमी पर्यटक भित्र्याउन सकिने अवसर सिर्जना गर्न सकिने ।
- पालिकामा रहेको खोलानालाबाट थोरै बिजुली निकाली रहेको अवस्थालाई Upgrade (स्तरोन्नती) गरि बढी बिजुली निकाल्न निजी क्षेत्रसँग सहकार्य गर्न सकिने अवसर छ ।
- धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदा क्षेत्रको नजिकका बस्तीहरुमा व्यवसायिक होमस्टे तथा होटल व्यवसाय संचालन गर्न र गराउन सकिने अवसर छ ।
- कफी, चिया, उत्पादन र प्रशोधन गरि रोजगारी आयआर्जन र उत्पादन बढाउने अवसर छ ।
- लौठ सल्ला, जंगली जडिबुटीहरु जस्ता उच्च मूल्यका वन पैदावर उत्पादन गर्न सकिने सम्भावना छ ।
- भईरहेका माध्यामिक विद्यालयमा प्राविधिक शिक्षा कक्षा थप गरि आवश्यक जनशक्ति तयार गर्न सकिने ।

## २.४ निर्देशक सिद्धान्तहरु

यस महाङ्गाल गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजनामा उल्लेखित उद्देश्यहरु प्राप्त गर्न निम्न अनुसार निर्देशक सिद्धान्तहरु निर्धारण गरिएको छ ।

### २.४.१. दिगो विकासको सिद्धान्तः

यस आवधिक योजनाले लक्षित उपलब्धिहरुलाई आर्थिक सामाजिक, तथा वातावरणीय रुपमा सन्तुलित राख्दै स्थानिय श्रोत र साधनहरुको आत्मनिर्भरतामा आधारित विकास कार्यक्रमहरुलाई दिगोपना प्रदान गर्ने तर्फ जोड दिईएको छ ।

### २.४.२. उद्यमशिलता तथा व्यवसायिक कृषिजन्य उद्योग स्थापनाको सिद्धान्तः

पालिकाको वर्तमान मौलिक प्रविधिमा आधारित उत्पादन स्थितिलाई प्रतिस्पर्धात्मक बजार प्रणालीमा जोड्न स्थानीय कृषक र समुदायलाई उद्यमशिलता विकास तालिमले कृषिमा आधारित उद्यमशिलता विकास तर्फ यस आवधिक योजनाले जोड दिएको छ ।

### २.४.३. भौतिक पूर्वाधार तथा वातावरणीय सन्तुलित विकासको सिद्धान्तः

यस आवधिक योजनाले सडक यातायात, मोटेरेबल पुल, खानेपानी, विद्युत, संचार लगायतका भौतिक पूर्वाधार विकास सम्बन्धि उपलब्धिहरुलाई यहाँको महाङ्गाल संरक्षण क्षेत्र तथा यहाँका प्राकृतिक सम्पदाहरुलाई नकारात्मक असर नपुऱ्याउने गरि एक आपसमा पुरक निकायका रुपमा अगाडि बढाउन जोड दिइएको छ ।

### २.४.४. स्थानिय श्रोतको समुचित व्यवस्थापन सिद्धान्तः

पालिका विकासलाई दिगो र आत्मनिर्भरतामा आधारित बनाउन यहाँका स्थानीय श्रोत साधनहरुको पहिचान, धार्मिक/साँस्कृतिक पर्यटन विकास, त्यसका समस्या, कारण तथा समाधानका उपायलाई सम्बोधन गर्न प्रयास गरिएको छ । अझ विशेष गरि महाङ्गाल गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्दै नतिजामुखी विकासका लागि आयमुखि र व्यवसायिक बनाउन समुचित व्यवस्थापनको सिद्धान्त अगाडि सारिएको छ ।

### २.४.५. रोजगार प्रवर्द्धन तथा कृषि पशुपालन विकासको सिद्धान्तः

पालिका आर्थिक विकासको मुख्य आधारको रुपमा रहेको खेती, जडिबुटी, पर्यटन, कृषि तथा पशुपालन क्षेत्रलाई सशक्त तथा रोजगारमूलक बनाउन मानविय श्रोत विकास, प्रचार प्रसार तथा व्यवसायिक विकासका माध्यमबाट अगाडि बढाउने सिद्धान्तलाई अगिंकार गरिएको छ ।

### २.४.६. साझेदारी तथा सहभागितात्मक विकासको सिद्धान्त

विकासको विभिन्न तह र कार्यक्रमहरु संचालन गर्न स्थानीय तह, प्रदेश तथा संघिय सरकार, विभिन्न गैरसरकारी संस्थाहरु, सहकारी, निजी अंग, विकास साझेदारहरु सँग समन्वय तथा संजाल स्थापना गरि योजनाबद्ध रुपमा अगाडि बढ्ने सिद्धान्तलाई जोड दिएको छ । स्थानिय सरकारको

रुपमा रहेको महाङ्गाल गाउँपालिकाको स्वीकृति पश्चात मात्र विकास योजनाहरु संचालन गर्न प्रोत्साहन गरिएको छ ।

### २.४.७. मानव संसाधन तथा संस्थागत विकासको सिद्धान्त

गाउँपालिका विकासका लागि विविध क्षेत्रहरुमा दक्ष मानविय संसाधन तथा सशक्त संस्थागत क्षमता आवश्यक पर्दछ । यसका लागि उपलब्ध मानवीय श्रोतलाई पुँजी निर्माण पद्धती निर्माण गरि प्रभावकारी तथा क्षमतावान बनाउने सिद्धान्तलाई अगाडि सारिएको छ । पालिकामा कृयाशिल सरकारी गैरसरकारी क्षेत्र लगायत सहकारी र निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरिएको छ ।

### २.४.८. लैङ्गिक तथा सामाजिक विकासको सिद्धान्त

गाउँपालिका विकासका सबै क्षेत्रहरुमा हुने कार्यक्रम तथा आयोजनामा महिला, दलित, आदिबासी, जनजाति तथा विपन्न वर्गको मानिसहरुको समावेसी सहभागितालाई यस आवधिक योजनाले प्रोत्साहन गर्नेछ । सेवा र सुविधाबाट पछाडी परेका वर्ग तथा समुदायको सहभागिता भूमिका तथा क्षमताको अभिवृद्धि गरि समाजिक न्यायमा आधारित सम विकास गर्न लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक तथा संस्थागत क्षमता सशक्तिकरण गर्ने सिद्धान्तलाई जोड दिइएको छ ।

### २.४.९. सुशासन पारदर्शी तथा जनकेन्द्रित विकासको सिद्धान्तः

गाउँपालिकाका हरेक तहमा गरिने क्रियाकलापहरुलाई चुस्त, दुरुस्त पारदर्शी तथा जनमुखि रुपमा योजना दस्तावेजमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न स्थानिय समुदायको भूमिका, अधिकार, सहभागिता एवम् पूर्ण जवाफदेहिता लाई आधार मान्ने सिद्धान्तलाई यस आवधिक योजनाले अभिन्न अंगको रुपमा आत्मसात गरेको छ । यसका लागि तथ्याङ्क प्रणाली अद्यावद्यिक गरि विकास योजना कार्यान्यवयन सँगै अनुगमन तथा मूल्याङ्कनलाई सशक्त रुपमा लगिनेछ ।

### २.४.१०. गैरसाकारी, सामुदायिक तथा निजी संस्थाहरुको क्षमता सशक्तिकरण तथा मूलप्रवाहीकरणको सिद्धान्तः

यस पालिका विकास गतिविधिमा सरोकार राख्ने स्थानीय सामुदायिक, गैरसरकारी, सहकारी तथा निजी संस्थाहरुलाई सक्रियता र मुलप्रवाहिकरणका लागि तिनिहरुको क्षमता अभिवृद्धि, साझेदारी तथा समावेशीकरणलाई अगाडि बढाउन क्षमता विस्तारका कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

## २.५ सोच, लक्ष्य तथा उद्देश्य

यस आवधिक योजनालाई गाउँपालिका विकासमा मार्ग निर्देशकका रुपमा अगाडि बढाउनका लागि यसको दिर्घकालिन सोच/परिकल्पना, लक्ष्य निर्धारण गरिएको छ : ।

### २.५.१ गाउँपालिकाको दीर्घकालीन सोच

**“विविधतामा एकताः समृद्धी हाम्रो प्रतिबद्धता”**

उल्लेखित सोच लाई पुरा गर्न “हाम्रो पौरख, महाङ्कालको गौरव” भन्ने नारा लाई तय गरिएको छ ।

### २.५.२ लक्ष्य

गाउँपालिकाको समष्टिगत विकास प्रक्रियालाई माथि उल्लेखित दिर्घकालीन सोचतर्फ उन्मुख गराउनका लागि निम्नानुसार लक्ष्यहरु तय गरिएको छः

- दिगा आर्थिक एवम् मानवीय विकास तथा राष्ट्रिय/अन्तराष्ट्रिय व्यापार व्यवसायको प्रवर्द्धन गर्ने ।
- कृषि, पशु, वन, सेवा र अन्य क्षेत्रमा उल्लेख्य मात्रामा उद्योग, व्यापार, व्यवसायका् विस्तार गर्ने ।
- कृषि पशुपालनमा तथा व्यवसाय गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्रका रुपमा स्थापित गर्ने ।

### २.५.३ उद्देश्य

यसै गरि अन्य विस्तृत उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

- उत्पादन, रोजगारी र आयमा दिगा वृद्धि गर्नु ।
- गाउँपालिकालाई साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु ।
- सभ्य, स्वस्थ र स्वावलम्बी जनशक्ति विकास गर्नु ।
- बसोबास, बजार, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु ।
- वनको दिगा व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधता संरक्षण गर्नु ।
- दिगा फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छताको अवस्था हासिल गर्नु ।
- समुदायलाई विपद् उत्थानशील र पूर्वाधारलाई विपद् प्रतिरोधी बनाउनु ।
- सेवा प्रवाह तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउनु ।

## २.६ परिमाणात्मक लक्ष्य

योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य तालिका १ मा दिईएको छ।

**तालिका १ : परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाई | आधार वर्षको अवस्था | | | योजनाको लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | पालिका | पालिका |
| क) | समष्टिगत गन्तव्य तथा सूचक | | | | | |
| १ | मानव विकास सूचकाङ्क | सूचकांक | ०.५७१ | ०.६४१ | ०.६१ | ०.६४ |
| २ | औसत आयु | वर्ष | | ७२ | ७१ | ७१.५ |
| ३ | ग्राहस्थ प्रतिव्यक्ति आम्दानी | युएस्डलर | | | | |
| ४ | साक्षरता दर | प्रतिशत | | ६९ | ७० | ८५ |
| ५ | बेरोजगारी दर | प्रतिशत | | | | |
| ६ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १७.१ | १२.२ | १३ | ५ |
| ख) | विषय क्षेत्रगत गन्तव्य र सूचक | | | | | |
| १ | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जि. | ११७.५ | १११.७ | ९० | ११५ |
| २ | काठको उत्पादन (लाखमा) | घ.मि. | ११४ | | | |
| ३ | कुल उद्योग व्यवसाय | संख्या | | | | |
| ४ | अपाङ्गताको अवस्था | प्रतिशत | | | २.८० | २ |
| ५ | पर्यटन आगमन (हजारमा) | संख्या | | | | |
| ६ | वैदेशिक रोजगारी रहेको घरपरिवार | प्रतिशत | | | ८१.७२ | ५५ |
| ७ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | | | ९५ |
| ८ | नवीकरणीय उर्जा उपयोगको अनुपात | प्रतिशत | ७ | | | १० |
| ९ | विद्युत उत्पादन क्षमता | मे.वा. | | | | |
| १० | सिँचित क्षेत्रफल | प्रतिशत | | ४३ | | ५५ |
| ११ | उपलब्ध सडक लम्बाई | कि.मि. | ७८९० | | | |
| १२ | माटोको जोडाइवाला ढुङ्गा/ईट्टाको गारो भएको घरमा बस्ने परिवारको विवरण | प्रतिशत | ४० | | ९८.०४ | ४० |
| १३ | स्थानीय तहमा इमेल र इन्टरनेटको अवस्था | प्रतिशत | ६५.९ | ७१.२ | ६ | ८८ |
| १४ | युवा जनशक्तिको अवस्था(१५-३९ वर्ष) | प्रतिशत | | | ३९.३६ | ५५ |
| १५ | विद्यालय (सामुदायिक र संस्थागत) | संख्या | | | २४/४ | २७/६ |
| १६ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९३ | ९४.८ | ९०.३४ | ९३ |
| १७ | माध्यामिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ४६ | ४८.२ | | ४९.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | उच्च शैक्षिक उपलब्धि (स्नातक) | जना | | | १.६९ | ३ |
| १९ | सुरक्षित सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | | ७०.७ | | ९५ |
| २० | बाल विवाह भएको जनसंख्या | जना | | | | |
| २१ | पाइपको पानी प्रयोग गर्ने परिवार | प्रतिशत | ८९ | | ९५.५२ | ९९ |
| २२ | साधारण शौचालय भएका परिवार | प्रतिशत | | ६४ | १३.५४ | ८० |
| २३ | बैंक तथा वित्तिय संस्थाको शाखा | संख्या | | | १ | ४ |
| २४ | घर/जग्गाको एकल स्वामित्व भएका महिला | प्रतिशत | १६.७ | १६.८ | ७.११/ ११.२३ | १२.२ |
| २५ | शौचालय नभएको परिवार | प्रतिशत | ४८.२ | ६६.० | २९.९२ | २ |

## २.७ रणनीति तथा प्राथमिकता

### २.७.१. रणनीतिहरु

गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य प्राप्त गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अवलम्बन गरिनेछ :

- तुलनात्मक लाभका कृषि, पशुपंक्षी, तथा वनजन्य उत्पादनको व्यावसायीकरण, विविधीकरण तथा औद्योगीकरण गर्ने
- कृषि, सांस्कृतिक तथा ग्रामीण पर्यापर्यटनको प्रवर्द्धन गर्ने
- गुणस्तरीय तथा व्यावसायिक शिक्षा र स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने
- सामाजिक न्याय, समावेशीकरण, संरक्षण तथा सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्ने
- दिगो तथा उत्पादनशील पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, उन्नत सञ्चार सूचना र स्वच्छ ऊर्जाको विकास, विस्तार र स्तरोन्नति गर्ने
- विकास प्रक्रिया तथा उपलब्धिलाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउने
- योजना चक्रका सबै हिस्सामा अन्तर सरकारी, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्राथमिकता दिने
- जनमुखी सेवा प्रवाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने

- आन्तरिक राजस्व सदृढीकरण, स्रोत परिचालन र वित्तिय अनुशासन प्रवर्द्धन गर्ने

#### २.७.२. प्राथमिकता

यस दीर्घकालीन सोच तथा लक्ष्य, संभावना तथा अवसर एवम् सरोकारवालाहरूसँगको छलफलका आधारमा यस गाउँपालिकाको प्रमुख प्राथमिकता प्राप्त क्षेत्र देहायअनुसार पहिचान गरिएको छ ।

- कृषि क्षेत्रको व्यावसायीकरण, विविधीकरण तथा औद्योगीकरण
- दिगो तथा उत्पादनशील पूर्वाधार, सहज यातायात, सुरक्षित आवास
- व्यावसायिक शिक्षा र स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी
- योजनावद्ध, दिगो, नतिजामुखी विकास र विपद् उत्थानशीलता
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- स्रोत व्यवस्थापन तथा वित्तिय अनुशासन

## २.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

### २.८.१ वित्तिय व्यवस्थापन

#### २.८.१.१ सार्वजनिक स्रोत परिचालनको आधार

महाङ्गाल गाउँपालिकाको आवधिक योजनाको दीर्घकालिन सोच अनुसारको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरुको प्राथमिकिकरण गरि सोको लागि आवश्यक स्रोतहरुको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरुको आँकलन र नयाँ स्रोतहरुको पहिचान गरि परिचालन तथा उपयोग गरिनेछ ।

**क) वित्तिय हस्तान्तरण**

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्धारा व्यवस्था गरिए बमोजिम यस गाउँ पालिकालाई संघ र प्रदेशहरुबाट देहाय बमोजिमका वित्तिय स्रोतहरु हस्तान्तरण हुनेछ ।

- ✓ संघीय सरकारद्धारा वार्षिक रुपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट
- ✓ प्रदेश सरकारद्धारा वार्षिक रुपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट
- ✓ वैदेशिक अनुदानतर्फ अन्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

**ख) आन्तरिक आय**

- ✓ स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरका रकमहरु ।

ग) अन्य

- ✓ गाउँपालिकाको बजेट संरचना बाहिर संघद्धारा प्रत्यायोजित कार्यक्रमअन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम
- ✓ निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम
- ✓ संघीय तथा प्रदेश तहबाट कार्यक्रमसहित प्राप्त हुने रकम

### २.८.१.२ कुल वित्तिय लगानी

गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि कूल रु. २५६ करोड वित्तिय लगानी हुने अनुमान छ। सार्वजनिक क्षेत्र अन्तर्गत रु. २२९ करोड लगानी हुने अनुमान गरिएको छ भने न्यून हुन आउने रु. २७ करोड निजी, सहकारी, जनसहभागीता तथा गै.स.स. बाट हुने अनुमान गरिएको छ।

**तालिका ७: आवधिक योजनामा बहुक्षेत्रगन अनुमानित लागत**

| क.सं. | श्रोत | रकम (रु. करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र | २२९ करोड | ९०% |
| २ | निजी क्षेत्र | २७ करोड | १०% |
| ३ | गैर सरकारी/ अन्तराष्ट्रि गै.स.स. | | |
| ४ | जनसहभागीता | | |
| ४ | कूल जम्मा | २५६ करोड | |

यसरी लागतको ठूलो हिस्सा सार्वजनिक क्षेत्रले ९० प्रतिशत छ भने निजी क्षेत्र र गैर सरकारी /अन्तराट्रिय गै.स.स.लाई समेत समाहित गरेर कार्यक्रमको साझेदारीको रूपमा लिइएको छ। आवधिक योजनामा बिभिन्न योजनाहरुको लक्ष्य प्राप्तिको लागि आवश्यक पर्ने ३०२ करोड भने गा.पा ले प्रदेश सरकार तथा संघीय सरकारका साथै अरु साझदारी संघ/संस्था बाट जम्मा गर्न सक्नेछ।

आधार बर्ष २०७८/०७९ को आधारमा कूल बजेट तर्फ सबै भन्दा धेरै झण्डै कूल बजेटको ४८.७५ प्रतिशत हिस्सा पूर्वाधार विकास क्षेत्रमा खर्च भएको देखिन्छ। १६.५ प्रतिशत खर्च सामाजिक विकासमा भएको छ भने आर्थिक विकासमा १९.५५ प्रतिशत, संस्थागत विकास र सुशाशनमा ०.४५ प्रतिशत र वातावरण क्षेत्रमा करिव १४.७५ प्रतिशत खर्च भएको छ। जसलाई तल तालिकामा देखाइएको छ।




चित्र नं. ४: प्रतिशतको आधारमा विषयगत खर्चको विवरण

### २.८.२ सार्वजनिक खर्च र खर्च बेहोर्ने श्रोतहरु

महाङ्काल गाउँपालिकाको प्रथम आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तिय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नुपर्नेछ। हाल आन्तरिक राजस्वका स्रोतहरूको सीमितताको कारणले संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू माथि निर्भर रहनुपर्ने स्थिति विद्यमान रहेको छ । लगभग ९० प्रतिशत रकम संघीय सरकार र प्रदेश सरकारबाट अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त हुने यस महाङ्काल गाउँपालिकाले स्थायी रूपमा अन्य श्रोतहरूको पहिचान गर्न पर्ने अवस्था देखिन्छ ।

**तालिका २ : सार्वजनिक खर्च**

| सि.न | क्षेत्र | अनुमानीत लागत | श्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | जनसहभागीता नगद, सार्वजनिक निजी साझेदारी | जम्मा |
| | | | ५ % | ७५ % | १० % | १० % | |
| १ | आर्थिक विकास क्षेत्र | ५३३४५०००० | २६६७२५०० | ४०००८७५०० | ५३३४५००० | ५३३४५००० | ५३३४५०००० |
| २ | सामाजिक विकास क्षेत्र | ३८२६३०००० | १९१३१५०० | २८६९७२५०० | ३८२६३००० | ३८२६३००० | ३८२६३०००० |
| ३ | पूर्वाधार विकास क्षेत्र | १२५५११०००० | ६२७५५५०० | ९४१३३२५०० | १२५५११००० | १२५५११००० | १२५५११०००० |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | ३८०३१०००० | १९०१५५०० | २८५२३२५०० | ३८०३१००० | ३८०३१००० | ३८०३१०००० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३९९०००० | ६९९५०० | १०४९२५०० | १३९९००० | १३९९००० | १३९९०००० |
| | जम्मा | २५६५४९०००० | १२८२७४५०० | १९२४११७५०० | २५६५४९००० | २५६५४९००० | २५६५४९०००० |

नोटः जन सहभागीता, गैसस तथा अगैससको रकमहरु एकै शिर्षक भित्र राखिएको छन ।

## बहुपक्षीय स्रोतहरूको परिचालन

यस गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि सह–वित्तियकरण एवं सहकार्यको रणनीतिलाई अवलम्बन गर्दै सार्वजनिक, सहकारी निजी क्षेत्र र गैर-सरकारी/अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरू लगायतबाट पूरक स्रोतहरू परिचालन गरिनेछन् । आवधिक योजनाले परिलक्षित गरेका आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरूका लागि सबै क्षेत्रहरूबाट सम्भाव्य स्रोतहरूको परिचालन गरिनेछ । सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा र गैर-सरकारी/अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरू समेत सहभागिता गराएर जान पर्नै अवस्था रहेको छ ।

## तालिका ३ : महाङ्काल गाउँपालिकाको सार्वजनिक खर्च र खर्च बेहोर्ने श्रोतहरु

| सि.न | आम्दानी विवरण | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | जम्मा |
| १ | वित्तिय समानिकरण अनुदान (संघ) | ८८८७२००० | १०२२०२८०० | ११७५३३२२० | १३५१६३२०३ | १५५४३७६८३.५ | ५९९२०८९०६.५ |
| २ | राजश्व बाँडफाँड (संघ) | ५९५५६१६६.३१ | ६८४८९५९१.२५ | ७८७६३०२९.९४ | ९०५७७४८४.४३ | १०४१६४१०७.१ | ४०१५५०३७९ |
| ३ | वित्तिय समानिकरण अनुदान (प्रदेश) | १३०५४३९७.५ | १५०१२५५७.१३ | १७२६४४४०.६९ | १९८५४१०६.८ | २२८३२२२२.८२ | ८८०१७७२४.९३ |
| ४ | राजश्व बाँडफाँड (प्रदेश) | १७६४८७६२.५ | २०२९६०७६.८८ | २३३४०४८८.४१ | २६८४१५६१.६७ | ३०८६७७९५.९२ | ११८९९४६८५.४ |
| ५ | सर्शत अनुदान (संघ) | १७४४८३७५० | १८३२०७९३७.५ | १९२३६८३३४.४ | २०१९८६७५१.१ | २१२०८६०८८.६ | ९६४१३२८६१.६ |
| ६ | आन्तरिक आम्दानी (राजश्व) | ४८३०००० | ५०७१५०० | ५३२५०७५ | ५५९१३२८.७५ | ५८७०८९५.१८८ | २६६८८७९८.९४ |
| ७ | सघंबाट प्राप्त समपुरक अनुदान | १९८३७५०० | २२८१३१२५ | २६२३५०९३.७५ | ३०१७०३५७.८१ | ३४६९५९११.४८ | १३३७५१९८८ |
| ८ | प्रदेशबाट प्राप्त समपुरक अनुदान | १४८३७१२७.५ | १७०६२६९६.६३ | १९६२२१०१.१२ | २२५६५४१६.२९ | २५९५०२२८.७३ | १०००३७५७०.३ |
| ९ | सर्शत अनुदान (प्रदेश) | २५६९६८०७.५ | २६९८१६४७.८८ | २८३३०७३०.२७ | २९७४७२६६.७८ | ३१२३४६३०.१२ | १४१९९१०८२.५ |
| १० | संघबाट विशेष अनुदान | ० | ० | ० | ० | ० | ० |
| ११ | प्रदेशबाट विशेष अनुदान | ३९६७५०० | ४५६२६२५ | ५२४७०१८.७५ | ६०३४०७१.५६३ | ६९३९१८२.२९७ | २६७५०३९७.६१ |
| १२ | बचत (अल्या रकम) | ० | ० | ० | ० | ० | ० |
| १३ | अन्य क्षेत्र (जि.स.स, सडक बोर्ड आदि) | ४२२६२५०० | ४४३७५६२५ | ४६५९४४०६.२५ | ४८९२४१२६.५६ | ५१३७०३३२.८९ | २३३५२६९९०.७ |
| | **जम्मा** | **४६५०४६५११.३** | **५१००७६१८२.३** | **५६०६२३९३८.६** | **६१७४५५६७४.७** | **६८१४४९०७८.६** | **२८३४६५१३८५** |

## २.८.३ सार्वजनिक खर्चको बाँडफाँट

**तालिका ४ : सार्वजनिक खर्चको बाँडफाँट**

| सि.न | व्यय | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | जम्मा |
| १ | चालु खर्च | ७३७२८००० | ८८४७३६०० | १०६१६८३२० | १२७४०१९८४ | १५२८८२३८०.८ | ५४८६५४२८४.८ |
| २ | पुजींगत खर्च | ३९१३१८५११.३ | ४२१६०२५८२.३ | ४५४४५५६१८.६ | ४९००५३६९०.७ | ५२८५६६६९७.८ | २२८५९९७१०१ |

# परिच्छेद ३ : आर्थिक क्षेत्र

## ३.१ कृषि तथा पशुपन्छी

### ३.१.१ पृष्ठभुमी

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हकको व्यवस्था गरेको छ । यसैगरि कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको एकल अधिकार गाउँपालिकाको मातहतमा हुने गरि स्थानीय तहको काम, कर्तव्य र अधिकारमा समावेश गरेको छ । यस महाङ्काल गाउँपालिकाको अधिकाशं बासिन्दाहरुको मुख्य पेशा कृषि रहेको छ । यहाँको कृषि परम्परागत निर्वाहमुखी देखिन्छ । कृषिमा अपवाद बाहेक व्यवसायिकिकरण हुन सकेको छैन । जसले गर्दा तुलनात्मक लाभका आधारमा कृषिमा उत्पादन प्रणाली लागु भएको छैन । कुल क्षेत्रफल ८२.४४ वर्ग कि.मि. भएको पालिकाको ३०% भूभाग आवास तथा खेतीयोग्य रहेको छ । बाँकी ७०% भाग वन जंगल झाडी बुट्यान जस्ता सरकारी (ऐलानी/पर्ती) रहेको छ । वन जंगल किनारमा फलफूल खेती सुन्तला, कागती, निबुवा जातका विरुवा रोपी फलफूलमा आत्मनिर्भर हुन सक्ने देखिन्छ ।

### ३.१.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • भौगोलिक बनावट<br>• निर्वाहमुखी खेती प्रणाली<br>• उत्पादकत्व ह्रास हुँदै जानु<br>• प्राविधिक दक्षताको कमि<br>• युवा जनशक्ति कृषि प्रति आकर्षित नहुनु<br>• गाउँघरमा जमिन बाँझो राख्ने प्रचलन बढ्दै गएको छ ।<br>• जमिनको खण्डीकरण सँगै कृषि यान्त्रिकरणमा समस्या आएको छ ।<br>• औद्योगिकरणको अभाव<br>• व्यवसायिक सोचका साथ खाद्यान्न बाली एवम् तरकारी खेती हुन नसक्नु | • युवालाई कृषि प्रति आकर्षित गराउनु ।<br>• मेसीन औजार उपकरण प्रयोग गर्न चुनौती ।<br>• कृषि बजार व्यवस्थापन गर्ने चुनौती ।<br>• बाँझो जमिनलाई उर्वर भुमिमा परिवर्तन गर्न ।<br>• निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकिकरण तर्फ उन्मुख गराउन ।<br>• सामुहिक खेतिको अवधारणा लागु गर्न । |

### ३.१.३ सम्भावना र अवसर

| सम्भावना | अवसरहरु |
|---|---|
| • मुख्य पेशा कृषिमा अधिकांश परिवार<br>• कृषि पशुपालनमानै जीविकोपार्जनको खोजी<br>• खेर गईरहेको पानीको अधिकतम उपोग गरि सिँचाईको व्यवस्था गर्दै कृषि उत्पादन वृद्धि गर्न सकिने ।<br>• सडक यातायातको सजिलो पहुँच रहेको । | • उच्च मूलयका उत्पादनको विस्तारले गाउँमै आय उत्पादन र रोजगारी बढाउने अवसर ।<br>• औद्योगिकीरण गर्ने अवसर<br>• सुन्तला प्रजानिका फलफूलको खेती विस्तार गरि वातावरण सफा र स्वच्छ बनाई आय बढाउने अवसर रहेको ।<br>• काठमाण्डौं उपत्यकाबाट नजिकैको दुरी रहेका कारण व्यवसायिकिकरण तर्फ उन्मुख हुन सकिने अवसर रहेको । |

### ३.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि गर्ने ।

**उद्देश्य**

१. व्यावसायिक कृषि, पशुपंक्षीजन्य उत्पादन र औद्योगिकीकरणमा वृद्धि गर्नु

२. कृषकको क्षमता अभिवृद्धि गरि उच्च मूल्य प्रजातिका व्यवसायिक खेतीलाई प्रर्वद्धन गर्ने ।

३. बाँझो रहेको खेतीयोग्य जमिनमा खेती गर्न प्रोत्साहित गर्ने ।

४. पशुपालनलाई पशुपालनसँग जोडी मासुजन्य र दुध जन्य पदार्थको बजार सुनिश्चित गर्ने ।

**रणनीति**

- कृषकको दक्षता अभिवृद्धि गरि व्यवसायिक रुपमा उत्पादन गर्न दक्ष बनाउने ।
- कृषिमा आधारित उद्योगहरु स्थापना गर्न प्रोत्साहन गर्ने ।
- कृषिमा आवश्यक पर्ने सामाग्रीहरुको नियामित आपूर्ति हुने संयन्त्रको विकास गर्ने ।

**कार्यनीति**

- कृषकहरुको क्षमता अभिवृद्धि गर्ने ।
- कृषि बाली तथा पशुपंक्षी बिमा कार्यक्रम संचालन गर्न सहजीकरण गर्ने ।
- कृषिका आधुनिक प्रविधि, सूचना तथा सञ्चारको उपयोग गर्ने ।
- कृषि सेवा केन्द्र, पशुसेवा केन्द्र, सूचना केन्द्र, संकलन केन्द्र र बजार केन्द्र स्थापनाको लागि सहजीकरण गर्ने ।

**प्रमुख कार्यक्रम तथा आयोजना**

महाङ्काल गाउँपालिकाको कृषि तथा पशुपालन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनुसारको कार्यक्रम तथा आयोजना

सञ्चालन गरिनेछ। कृषि तथा पशुपालन क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ३.१.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

गाँउपालिकाको दीर्घकालीन सोच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ।

- कृषि  नीति तयार भएको हुनेछ।
- कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुनेछ।
- महाङ्काल गाउँपलिकामा पकेट क्षेत्रहरु निर्धारण भएको हुनेछ।
- उच्च मूल्य भएका बालिहरुको उत्पादन सुरु हुनेछ।
- कृषकको क्षमता अभिवृद्धि भई कृषि पेशा महत्वपुर्ण व्यवसायको रुपमा स्थापित भएको हुनेछ।
- पशुपालन आर्थिक विकासको एक सशक्त व्यवसायको रुपमा रहनेछ।
- महाङ्काल गा.पा. बाट पशुजन्य उत्पादनको निर्यात बढेर जानेछ।

**तालिका ५ : कृषि क्षेत्रको अपेक्षित उपलब्धि**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | कृषि नीति तयारी | संख्या | - | ५ | पालिकाको प्रतिवेदन |
| २ | दक्ष अगुवा कृषक | संख्या | - | २०० | पालिकाको प्रतिवेदन |
| ३ | व्यवसायिक खेती गर्ने व्यक्ति | संख्या | - | १५० | पालिकाको प्रतिवेदन |
| ४ | कृषि उद्यम गर्ने व्यक्ति | संख्या | - | ४० | पालिकाको प्रतिवेदन |
| ५ | गोठ/खोरको सुधार | संख्या | - | ७०० | पालिकाको प्रतिवेदन |
| ६ | पकेट क्षेत्रको घोषणा | संख्या | - | २७ | पालिकाको प्रतिवेदन |

### ३.१.६ अनुमान तथा जोखिम पक्ष

- युवाहरुलाई कृषि प्रति आकर्षित गर्नु।
- कृषि नीति कार्यान्वयन गर्नु।

## ३.२. सिंचाई

### ३.२.१ पृष्ठभूमि

यस गाउँपालिकामा दुर्लुङ्ग खोला, ठोस्ने खोला, टुङ्गुन खोला, मसान खोला, खैरे खोला, देउता खोला जस्ता खोलाहरु र एक छेउबाट बागमती नदी समेत बगीरहेको छ । यी खोलाहरुबाट सिँचाईका लागि कुलो तथा नहरको व्यवस्था भने हुन सकेको छैन । केही ठाउँमा लिफ्टीङ्ग गरि व्यक्तिगत तवरले सिँचाई गर्नु बाहेक व्यवस्थीत कुलो नहरको रुपमा खेतबारीमा सिँचाई भने भएको देखिदैन । यस पालिकाका कृषकहरु पशुपालनमा बढि आश्रित रहेका छन् । अन्न फलफूल खेतीबाट भन्दा पशुजन्य उत्पादन दुध र मासु बढी निर्यात गरि खाद्य सामाग्री आयात गर्छन । खोला नाला धेरै भएतापनि सिँचाईको लागि प्रयोग नहुनाले कृषि उत्पादनको उत्पादकत्व न्युन रहेको पाइन्छ । सम्म फाँट नहुनाले सिँचाई प्रति कृषकहरुको रुची देखिदैन ।

### ३.२.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • भिरालो जमिन<br>• गहिरो खोँच भएका खोलाहरु<br>• वर्षाको पानीमा भर पर्नु पर्ने बाध्यता रहेको ।<br>• खेर गईरहेको पानीको उच्चतम प्रयोग हुन नसकेको | • भूबनोटका कारण सबै खेतीयोग्य जमिनमा सिँचाइको उपलब्ध हुन चुनौतीपूर्ण छ ।<br>• भूबनोटका कारण लागत बढी पर्न जान्छ ।<br>• पूर्वाधार निर्माण गर्दा पर्यावरणमा पर्ने असर मुख्य चुनौतीको रुपमा रहेको छ । |

### ३.२.३ सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • प्राकृतिक खोला, खोल्सीहरु प्रशस्त भएको ।<br>• सिँचाईलाई लघु जलविद्युत आयोजना सँग जोड्न सकिने । | • वैकल्पिक सिँचाइका उपायहरु पानी संकलन केन्द्र, थोपा सिँचाइ जस्ता प्रविधिहरुको विस्तार गर्न सकिन्छ । |

### ३.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

खेर गईरहेको पानीको उपयोग गरि सिँचाई सुविधा वृद्धि गरि उत्पादन र उत्पादकत्व बढाउने ।

**उद्देश्य**

१. सिँचाई आयोजनाको व्यवस्थापन समुदाय मार्फत गर्ने ।

२. सिँचाई उपभोक्ता समुहको क्षमता अभिवृद्धि गर्ने ।

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।** | |
| १.१ः परम्परागत सिंचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. परम्परागत सिंचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिंचाइको पहुँच वृद्धिको लागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरि प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| १.२ः आधारभूत सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरि सिंचाइको पहुँच बृद्धि गर्ने । | १. सिंचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरि प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिंचाइ संरचनाको निर्माण गरिनेछ ।<br>६. सतह सिंचाइको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिंचाइ गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>७. संरचना निर्माणको नियमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ।<br>८. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ।<br>९. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>१०. सिंचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता बृद्धि गरिनेछ ।<br>११.सिंचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ः कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।** | |

| | |
|---|---|
| २.१: खेतीयोग्य जमिन भएको तर सिंचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिंचाइको पहुँच बृद्धि गरिनेछ । | १. सिंचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिंचाइ कुलोहरूको प्रयोगमा आउनेगरि पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिंचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिंचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय,पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिंचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>७. सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ। |
| २.२: दिगो सिंचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>२. दिगो सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा बृद्धि गरिनेछ ।<br>३. सिंचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>४. सिंचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

महाङ्काल गाउँपालिकाको सिँचाई क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। सिँचाई क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ३.२.५ अपेक्षित तथा नतिजा खाका

गाँउपालिकाको दीर्घकालीन सोच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ।

१. पालिकाको जलश्रोत नीति तयार गरि लागु गरिएको हुनेछ।

२. पालिकाका जलश्रोत तथा मुहानहरु संरक्षण भएका हुनेछन्।

३. किसानहरुले थोपा सिँचाई, स्प्रीकंलर (Sprinkler) र सुख्खा पोखरीहरुको प्रयोग गरि सिँचाई गरेका हुनेछन्।

तालिका ६ : सिँचाई क्षेत्रको अपेक्षित उपलब्धि

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | नहर/कुलो निर्माण | संख्या | ६ | १५ | पालिकाको वार्षिक प्रतिवेदन |
| २ | पोखरी निर्माण | संख्या | - | १८ | |
| ३ | | संख्या | - | | |
| ४ | | संख्या | - | | |

### ३.२.६ अनुमान तथा जोखिम पक्ष

- सम्पूर्ण कृषक तथा कृषि समुह सिँचाईको महत्वबारे जानकार र सचेत रहनेछन् ।
- बाढी पहिरो तथा भूकम्प जस्ता प्राकृतिक प्रकोपको जोखिम न्यूनिकरण भएको हुनेछ ।
- कृषक तथा कृषि समुह सिँचाईका कुलो/नहर निर्माण, संरक्षण तथा संवर्द्धन गर्न सहायक हुनेछन् ।

## ३.३.पर्यटन, सँस्कृति तथा सम्पदा

### ३.३.१ पृष्ठभुमी

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातिय, बहुभाषिक, बहुधर्म र सामाजिक विविधता एवम् ऐतिहासिक एवम् साँस्कृतिक सम्पदाले भरिपूर्ण महाङ्काल गाउँपालिका प्रचार प्रसारको कमिले पर्यटकीय गन्तव्इ स्थलको रुपमा अगाडि आउन सकेको छैन । प्रविधि, संचार प्रणालीमा भएको अभूतपूर्व विकासले सिङ्गो विश्व नै एउटा ग्रामको रुपमा परिणत भईरहेको अवस्थामा पालिकाले यी सम्दाहरुलाई प्रचार प्रसार गर्नु अत्यावश्यक छ भने अर्को तर्फ पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक र गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक रुपमा रहेको भिर पाखा डाँडाकाडा, खोला नाला, हरियाली, सौन्दर्य त्यसैगरि साँस्कृतिक रुपमा रहेका मन्दिर बैतर्णीधाम जसको धार्मिक मान्यता समेत रहेको छ । साथै बौद्ध धर्मावलम्बीको लागि लोडतोड गुम्बा समेत रहेको छ । यस पालिकाको आलेभञ्ज्याङबाट तराई साथै काठमाण्डौं उपत्यकाको दृष्यावलोकन गर्न सकिन्छ । नेपाल अंग्रेज युद्ध भएको गढी भञ्ज्याङ्ग समेत यसै पालिकामा रहेको छ । यस पालिकामा रहेका पर्यटकीय स्थललाई व्यवस्थापन गरि पर्यटन व्यवसायलाई व्यवसायिक बनाउने हो भने पालिका बासीहरुको आय र रोजगारी वृद्धि गर्न सकिन्छ । पिकनिक स्पट, चिया तथा कफी बगान, चौतारा, अग्ला डाँडा, भञ्ज्याङहरु, गुम्बा, मन्दिर, बैतर्णीधाम आदि यस पालिकाका महत्वपूर्ण पर्यटकीय स्थलहरु हुन् ।

### ३.३.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • पर्यटकीय स्थलको प्रचार प्रसार हुन नसक्नु<br>• पर्यटकीय सुविधाको कमजोर उपलब्धता<br>• पर्यटकीय श्रोतको पहिचान र विविधीकरण नहुनु<br>• पर्यटकीय पूर्वाधार कमि<br>• पर्यटन स्थानिय समुदायको जीविको पार्जन सँग जोडिन नसक्नु । | • पूर्वाधार निर्माणमा आर्थिक चुनौती रहेको ।<br>• पर्यटकीय सेवा सुविधा पु¥याउने जनशक्ति तयार गर्न चुनौती ।<br>• पर्यटकहरुको सुरक्षित अवागमनको सुनिश्चितता गर्नु । |

### ३.३.३ सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • बैतर्णीधाम जस्ता महत्वपूर्ण धार्मिक स्थलहरु भएको ।<br>• लोङतोङ गुम्बा, छोर्तेनहरु प्रशस्त भएको<br>• काठमाण्डौं उपत्यका बाट नजिकको दुरिमा डाँडाकाडा, हरियाली, भिर पाखाहरु प्रशस्तमात्रामा भएको ।<br>• धुले भएपनि सडक सञ्जालको विकास भईसकेको । | • प्राकृतिक चिडियाखानाको रुपमा रहेको तल्लो भागको जंगललाई घेराबार गरि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने ।<br>• स्थानीय उत्पादन जस्तै खुवा, ट्राउट माछा आदिको लागि पर्यटक आकर्षण गर्न सकिने अवसर रहको । |

### ३.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

यस गाउँपालिकाको पर्यटन, संस्कृति तथा सम्पदा विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- गाउँपालिकालाई साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।

**उद्देश्य**

गाउँपालिकाको साँस्कृतिक तथा पर्यटन विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि गर्नु

२. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् पर्यटकीय सेवा सुविधाको स्तर वृद्धि गर्नु ।

रणनीति तथा कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि गर्नु** | |
| १.१. पर्यटकीय स्थलको पहिचान नक्साङ्कन, विकास र प्रवर्द्धन गर्ने | १. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरि सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिवृद्धि लगायतका कार्यहरू चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ।<br>२. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरि पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ।<br>३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरू सञ्चालन गरिनेछ।<br>४. वेबसाइट, युट्युब, फेसबुक, ट्वीटर आदि जस्ता सामाजिक सञ्जालको प्रयोग गरि आवश्यक प्रचार प्रसार गरिनेछ। |
| १.२ः पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने। | १. स्थानीय संस्कृति एवम् रितीरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. कृषि तथा पशुपालन पकेट क्षेत्र जस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको समेत विकास र विस्तार गरिनेछ।<br>३. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ।<br>४. निजी क्षेत्रसँग साझेदारी गरि गाउँपालिकाको सम्भाव्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार लगायत सेवा सुविधा सहित पर्यटन विकास गरिनेछ। |
| १.३ः पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गरिनेछ। | १. पर्यटन विकास विशेष गरि युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय वृद्धि गरिनेछ।<br>२. कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरि पर्यटन विकासको कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकास विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदाय प्राथमिकता दिई सञ्चालन गरिनेछ। |
| **उद्देश्य २: स्थानीय उत्पादन, कला तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् पर्यटकीय सेवा सुविधाको स्तर वृद्धि गर्नु।** | |

| | |
|---|---|
| २.१ः स्थानीय उत्पादन, कला तथा संस्कृतिको संरक्षण गरि व्यवसायिकता तर्फ आकर्षित गर्ने । | १. स्थानीय उत्पादनलाई ब्राण्डीङ गरि पर्यटन सँग जोड्ने ।<br>२. स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना स्थानीय स्तरमा गरिनेछ ।<br>३. मातृभाषाको जगेर्ना गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. पर्यटकलाई ध्यानमा राखी साँस्कृतिक महोत्सवहरू नियमित रुपमा आयोजना गरिनेछ ।<br>५. पर्यटन सूचना केन्द्रहरूको स्थापना गरिनेछ ।<br>६. होम स्टे प्रवर्द्धनलाई विशेष जोड दिइनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

महाङ्गाल गाउँपालिकाको पर्यटन, सँस्कृति तथा सम्पदा क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । पर्यटन, सँस्कृति तथा सम्पदा क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ३.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. स्थानीय उत्पादन तथा कृषि पर्यटन सँग जोडिएको हुनेछ ।

२. पर्यटनमा आधारित रोजगार तथा आयआर्जनका अवसरहरु सिर्जना भएका हुनेछन् ।

३. पर्यटन विकासको लागि आवश्यक भौतिक संरचनाहरु तयार भएका हुनेछन् ।

**तालिका ७ : पर्यटन क्षेत्रको अपेक्षित उपलब्धि**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | पर्यटन पदमार्ग निर्माण | कि.मि | - | ७ | योजना खाका |
| २ | होमस्टे | संख्या | - | ४० | योजना खाका |
| ३ | जातिय भाषा/पहिचान भेष भुषा | संख्या | - | ८ | योजना खाका |
| ४ | महाङ्गाल गाउँपालिका भित्रका सम्पदाको प्रचार प्रसार | संख्या | - | २० | योजना खाका |

### ३.३.६. अनुमान तथा जोखिम पक्ष

- पर्यटकहरुको सुविधा र गुणस्तर ।
- पर्यटकहरुको सुरक्षा प्रत्याभुत गर्नु ।
- पर्यटन सँगै भित्रिने आधुनिकिकरणले मोलिकता र सँस्कृति कमजोर बन्दै जान सक्नु ।
- पर्यटन आवगमनसँगै बढ्ने फोहोरमैला व्यवस्थापन ।

## ३.४. उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती

### ३.४.१. पृष्ठभूमि

विकासको संरचना र प्रविधिहरूमा आएका प्रगतिहरूले अब महाङ्काल गाउँपालिकाका कुनै पनि बस्तीहरू वाह्य क्षेत्र वा बजारबाट हुने आयात निर्यातबाट अलग रहन सकेको अवस्था छैन । भौगोलिक हिसावबाट विविधता रहेको यस पालिका भित्र खाद्यान्नको विनिमयमा एक आपसमा आश्रित रहेको अवस्था छ । मुख्य रुपमा लताकपडा, शिक्षा, स्वास्थ्य, संचार तथा यातायातका साधनहरू र कृषि तथा पशुपन्छिका लागि चाहिने मल, विषादि, दाना र औषधिहरू नै पालिका भित्र आपुर्ति हुने प्रमुख वस्तुहरू हुन् । विगतका तथ्याङ्कलाई हेर्दा गाँउपालिकाको वित्तिय संचिति ऋणात्मक देखिन्छ । आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधिकरण गर्न आवश्यक देखिन्छ ।

### ३.४.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • उद्योग स्थापनाको लागि कच्चा पदार्थको कमि<br>• दक्ष जनशक्तिको अभाव<br>• बढ्दो सहरी आकर्षण तथा बसाँईसराई<br>• उद्योग, व्यापार तथा व्यवसायलाई प्रवर्द्धन गर्न चाहिने तालिम तथा प्रशिक्षणको विषयमा उन्नत सोचको अभाव ।<br>• बैंक तथा वित्तिय संस्थाहरुबाट प्रवाह गर्ने ऋणमा सबै व्यवसायीहरुको पहुँच स्थापना हुन नसक्नु । | • सहर केन्द्रित जनसंख्यालाई व्यवसायिक सोच स्थापित गर्न ।<br>• बसाँईसराई रोकि स्थानीय दक्ष जनशक्तिको उत्पादन गर्न ।<br>• स्थानीय कच्चा पदार्थहरुलाई प्रयोग गरि उद्योग स्थापना गर्न ।<br>• उद्योग तथा व्यवसायको दिगोपन नहुनु ।<br>• |

### ३.४.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • काठमाण्डौं उपत्यका नजिकै भएको कारण उत्पादनमुखी उद्योगहरुको स्थापना गर्न सकिने ।<br>• स्थानीय श्रोत तथा उत्पादनलाई व्यवसाय र व्यापारको माध्यमबाट आर्थिक विकास सँग जोड्न सकिने ।<br>• माछा, मासु जन्य र दुध जन्य उत्पादनलाई प्राथमिकतामा राखी निर्यात गर्न सकिने ।<br>• प्राकृतिक जडिबुटीहरुको खोज तथा बिक्रि गर्न सकिने । | • पर्यटकीय पूर्वाधारको विकास गरि पर्यटनलाई उद्योगको रुपमा विकास गर्न सकिने ।<br>• स्थानिय जंगलमा पाईने काठ दाउरा, जडिबुटीको व्यापार व्यवसाय बढाउने अवसर छ ।<br>• पशुपंक्षीको दाना, पशपंक्षीबाट हुने उत्पादनको प्रशोधन उद्योग स्थापना गरि संचालन गर्न सकिने अवसर । |

### ३.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

उद्योग स्थापनाको वातावरण निर्माण गर्ने ।

**उद्देश्य**

१. स्थानीय सीप एवम् कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवम् विस्तार तथा औद्योगिकीकरणको आधार तयार गर्ने ।

रणनीति तथा कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय सीप एवम् कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवम् विस्तार तथा औद्योगिकीकरणको आधार तयार गर्नु** | |
| १.१ स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | १. उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरि सम्भाव्य उद्योगहरूको स्थापनामा जोड दिइनेछ ।<br>२. कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र सञ्चालन गरिनेछ ।<br>३. युवालाई लक्षित गरि सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ । |

| | |
|---|---|
| | ५. स्थानीय उत्पादन जस्तै दुधजन्य उत्पादन, जडिबुटी, पशुजन्य उत्पादन आदिको संकलन र प्रशोधनमा आधारित उद्योगको स्थापनामा जोड दिइनेछ । |
| २.२. औद्योगिक विकासको आधार तयार गर्ने | १. नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरि गाउँपालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरि औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>२. उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संघ संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।<br>३. गाउँपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सव सञ्चालन गरिनेछ ।<br>४. उद्योग सञ्चालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारीसँग समन्वय, सहकार्य गरिनेछ । |

### प्रमुख कार्यक्रम तथा आयोजना

महाङ्काल गाउँपालिकाको उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ३.४.५.अपेक्षित उपलव्धि तथा नतिजा खाका

- युवाहरु उद्यमी भएका हुनेछन् ।
- बढ्दो सहरी आर्कषण स्थानीय उद्यम प्रति आकर्षित भएका हुनेछन् ।
- स्थानीय उत्पादनले व्यवसायीकरणको माध्यमबाट आर्थिक विकासमा टेवा पुऱ्याएको हुनेछ ।
- औद्योगिक ग्रामको स्थापना भएको हुनेछ ।

**तालिका ८ : उद्योग, व्यापार, व्यवसाय तथा आपूती उपलव्धि तथा नतिजा खाका**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | सिप विकास/उद्यम विकास तलिम/उद्यमी अध्ययन भ्रमण | संख्या | - | २० | योजना खाका |
| २ | नीति निर्देशिका तयारी | संख्या | - | ५ | योजना खाका |
| ३ | उद्यमी/व्यवसायी | संख्या | - | ८० | योजना खाका |
| ५ | दुग्ध प्रशोधन/दुग्ध संकलन केन्द्र स्थापना | संख्या | - | २/१५ | योजना खाका |
| ६ | जडिबुटी संकलन तथा प्रशोधन उद्योग | संख्या | - | २ | योजना खाका |

### ३.४.६.अनुमान तथा जोखिम पक्ष

- सहर केन्द्रित जनसंख्यालाई स्थानीय उद्योगमा टिकाउन ।
- बदलिदो आर्थिक संरचना सँगै सामाजिक सद्भाव कायम राख्नु ।

## ३.५. श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ३.५.१. पृष्ठभूमि

महाङ्काल गाउँपालिकामा रहेका सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष समुह) का व्यक्तिहरुको मुख्य पेशा कृषि भएकोले आफ्नो श्रम खेतीपाती तथा पशुपालनमा खर्च गर्दछन् । रोजगारीका शिलशिलामा विदेश तथा सहर केन्द्रित जनसंख्या पनि धेरै छन् भने स्वरोजगार भएका पनि छन् । यस पालिकामा बसाँईसराईको दर उच्च भएकोले रोजगारीको कमि साथै श्रम शक्तिको अभाव समेत भएको देखिन्छ । यस पालिकामा जेष्ठ नागरिक ३८९ जना, दलित जेष्ठ नागरिक ९ जना, एक महिला २६९ जना, पूर्ण अपाङ्ग ३५ जना, आशिंक अपाङ्ग ४४ जना गरि जम्मा ७४६ जनाले सामाजिक सुरक्षा भत्ता पाईरहेको तथ्याङ्क पाईन्छ ।

### ३.५.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • श्रमिकमा सिपको अभाव/अदक्ष श्रमिक<br>• बसाँईसराई<br>• रोजगारीको कमि<br>• युवा जनशक्ति विदेश पलायन हुनु ।<br>• मौसमी तथा लुकेको बेरोजगारी | • हरेक वर्ष श्रम बजारमा आउने श्रमीकको व्यवस्थापन ।<br>• रोजगारी सिर्जना गर्न चुनौती<br>• सबै जाति सम्प्रदायलाई दक्ष बनाउने ।<br>• व्यवसायिक सोचको विकास गरि स्वरोजगारी वृद्धि गर्ने चुनौती रहेको । |

### ३.५.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • श्रमलाई कृषि, पशुपालन र पर्यटकीय क्षेत्रमा प्रयोग गर्न सकिने ।<br>• काठमाण्डौँमा व्यापार व्यवसाय गरिरहेका जनसंख्यालाई गाउँमा नै आकर्षित गर्न सकिने । | • पर्यटकीय क्षेत्रमा रोजगारी सिजर्ना गर्न सकिने ।<br>• खेर गईरहेको जडिबुटी औद्योगिकरण गर्न सकिने ।<br>• आजको युवा भोलीको उद्यमी बनाउन सकिने अवसर रहेको । |

### उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सक्रिय जनशक्तिलाई उत्पादनशिल जनशक्ति बनाई रोजगारीको अवसर सिर्जना गर्ने ।

**उद्देश्य**

१. स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ः युवालाई लक्षित गरि उत्पादन र रोजगारीमा वृद्धि गर्ने । | |
| १.१ः युवालाई लक्षित गरि उत्पादन र रोजगारीमा वृद्धि गर्ने । | १. बेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजना संचालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिनेछ ।<br>३. सङ्घ तथा प्रदेशले ल्याएको रोजगार मूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ ।<br>४. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइने छ ।<br>५. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिने छ ।<br>६. पालिकामा रहेको बैङ्क तथा वित्तय संस्थाहरूसँग समन्वय गरि सस्तो ब्याजदरमा ऋणको व्यवस्था गरि युवाहरूका लागि उद्यमशील कार्यक्रम सञ्चालन गरिने छ |

**प्रमुख कार्यक्रम तथा आयोजना**

महाङ्काल गाउँपालिकाको श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ३.५.५. अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपलब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

- श्रम जनशक्ति तयार भई रोजगारी बढेको हुनेछ ।
- स्वरोजगार भएका सक्रिय जनसंख्या वृद्धि भएको हुनेछ ।
- नवप्रवर्तन सोचहरुको विकास भएको हुनेछ ।

**तालिका ९ : श्रम, रोजगारी र सामाजिक सुरक्षा अपेक्षित उपलब्धिहरु**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | गा.पा. स्तरीय श्रम तथा रोजगार सूचना एवम प्रशिक्षण केन्द्र स्थापना | संख्या | - | १ | योजना खाका |
| २ | उद्यमी संख्या | संख्या | - | ८० | योजना खाका |
| ३ | रोजगार श्रमीक संख्या | संख्या | - | १५० | योजना खाका |
| ४ | महिला उद्यमी संख्या | संख्या | - | १०० | योजना खाका |
| ५ | लघु उद्यमी संख्या | संख्या | - | १५० | योजना खाका |

### ३.५.६. अनुमान तथा जोखिम पक्ष

- गाउँमा नै रहेको नागरिकलाई दिगो रोजगारीको व्यवस्थापन गर्नु ।
- युवा जनशक्तिलाई दक्ष जनशक्तिको रुपमा विकास गर्नु ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

## ४.१. स्वास्थ्य तथा पोषण

### ४.१.१. पृष्ठभूमि

यस गाउँपालिकामा ६ वटा स्वास्थ्य चौकीहरु छन् । जसमा १० वटा बेड संख्या रहेको छ भने ३९ जना स्वास्थ्यकर्मिहरु कार्यरत रहेका छन् । ६ वटा स्वास्थ्य चौकी मध्य ४ वटामा बर्थिङ्ग सेन्टर रहेका छन् । त्यसैगरि ४ वटा नीजि क्लिनीकहरु पनि संचालनमा रहेका छन् । यस पालिकामा ७१% गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेको तथ्याङ्क छ भने ५४ जना महिला स्वयंसेविका रहेका छन् । पहिलो पल्ट गर्भवती जाँच गराउने जम्मा ४३% मात्र देखिन्छ । यहाँका बासिन्दाहरु अझै पनि विरामी हुँदा पहिलो पल्ट धामीझाँक्रीको मा जाने ३१.१% रहेका भेटिन्छन् भने अस्पताल वा स्वास्थ्इ संस्था जाने ६४.६% रहेका छन् । पुरानो चिन्तन बाट ग्रसित समाज अझै पनि भेट्न सकिन्छ ।

### ४.१.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • स्थानीय स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको पूर्वाधार र औजार तथा उपकरणलगायत जनशक्ति व्यवस्थापन कमि रहेको छ ।<br>• विशिष्ट तथा विशेषज्ञ सेवाको पहुँच कमि रहेको छ ।<br>• सबै वर्ग तथा समुदायका व्यक्तिलाई स्वास्थ्य सेवाका पहुँचमा ल्याउन नसक्नु<br>• स्वास्थ्य सेवा लिने अभ्यास कम देखिनु<br>• संक्रमण र महामारीजन्य रोगहरूको समुचित नियन्त्रण नहुनु<br>• स्थानीय स्तरमा उत्पादिन खानेकुरा भन्दा आयातित प्याकेटमा उपलब्ध हुने खानेकुरा खाने चलन रहेको ।<br>• एम्बुलेन्स सेवाको प्रभावकारिता नहुनु । | • धामिझाँक्रि प्रतिको विश्वास जस्तो रुढिवादी चिन्तन हटाउन ।<br>• स्वास्थ्य संस्थाहरुलाइ सुविधा सम्पन्न बनाउन ।<br>• स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तिहरु उपलब्ध गराउन ।<br>• स्वास्थ्यमा प्रधिवि तथा उपकरण उपलब्ध गराउन<br>• जनतालाइ नियमित स्वास्थ्य सेवा लिन उत्प्रेरीत गर्न<br>• पर्याप्त औषधीहरुको व्यवस्थापन गर्न<br>• नसर्ने तथा दीर्घरोगमा वृद्धि हुँदै गएको छ ।<br>• आधुनिक अप्राकृतिक खानपान, तनावपूर्ण दैनिकी र स्वस्थ जीवन शैलीको कमि रहेको छ भने जंङ्क फुड, सुर्तीजन्य पदार्थ र मदिराजन्य वस्तुको सेवनका कारण जनस्वास्थ्य समस्या आउने गरेको छ । |

### ४.१.३. सम्भावना तथा अवसरहरु

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| ● भइरहेका ६ वटा स्वास्थ्य चौकी स्तरोन्नती गरि गोटीखेलको स्वास्थ्य चौकीलाई अस्पताल बनाउन सकिने सम्भावना ।<br>● तालिम प्राप्त स्वास्थ्य सेवा प्रदान गर्ने जनशक्ति ८७ जना लाई प्रयोग गरि स्वास्थ्य सेवा विस्तार गराउन सकिने सम्भावना ।<br>● सबै वडामा सडक सञ्जाल भएकोले एम्बुलेन्स सेवाको प्रभावकारी सञ्चालन गर्न सकिने सम्भावना । | ● स्थानीय स्तरमा उत्पादित खाद्यान्नको उपभोग गरि स्वस्थ खानपान गर्ने बानी विकास गर्न सकिने ।<br>● स्वास्थ्य तथा पोषण क्षेत्रमा विभिन्न गैससको सहयोग रहेको देखिन्छ ।<br>● स्वास्थ्य क्षेत्र प्रमुख प्राथामिकता मध्ये एक भएकोले बजेट विनियोजनमा वृद्धि गर्दै लैजान सकिने ।<br>● पोषण सम्बन्धि प्रयाप्त जनाकारी प्रदान गर्न सकिने |

### ४.१.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**
सबै नागरिकलाई आधारभूत गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध गराउने ।

**उद्देश्य**

१. गाउँपालिकाका सबै नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।

२. थप लगानीको वातावरण सिर्जना गरि स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः गाउँपालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।** | |
| १.१ः गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरि प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ४. स्वास्थ्यको सहज पहुँचकालागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. ल्याब सेवा सञ्चालनकालागि आवश्यक पहल अघि बढाइनेछ । |
| १.२ः पालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरि सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. पालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरि आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ः थप लगानी वातावरण सिर्जना गरि स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।** | |
| २.१ः स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरि ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यवसायिक सङ्घ-संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| २.२ः पालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने । | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरि प्रयोग तथा वितरण गरिनेछ ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरि लागू गरिनेछ । |

### प्रमुख कार्यक्रम तथा आयोजना

महाङ्काल गाउँपालिकाको स्वास्थ्य तथा पोषण क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। स्वास्थ्य तथा पोषण तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ४.१.५. अपेक्षित उपलब्धिहरु तथा नतिजा खाका

- सबै नागरिकहरुको आधारभूत तथा गुणस्तरी स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि भएको हुनेछ।
- बालबालिकाको खोप लगाउनेको दरमा उल्लेखनिय वृद्धि भएको हुनेछ।

- सबै वालवालिकाहरुको जन्म सुरक्षित रुपमा जन्म केन्द्रमा भएको हुनेछ र मातृ तथा बाल मृत्युदरमा  कमि भएको हुनेछ ।
- गाउँपालिकाबासीहरुले नियमित रुपमा स्वास्थ्य जाँच गराएको हुनेछन ।
- गाउँपालिकाबासीहरुले स्वास्थ्य बिमा गराएका हुनेछन् ।
- प्रजनन स्वास्थ्यमा सुधार भएको हुनेछ ।

**तालिका १० : स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | २४ घण्टे प्रसुती सेवा सञ्चालन | संख्या | - | ६ | योजना खाका |
| २ | स्वास्थ्य चौकीहरुमा पूर्ण दरबन्दी | संख्या | - | ६ | योजना खाका |
| ३ | निशुल्क वितरीत ३४ थरीका औषधीहरु वितरण | वडा संख्या | - | ६ | योजना खाका |
| ४ | २४ घण्टे प्रसुती सेवा प्रदान गर्ने संस्था | संख्या | - | ४ | योजना खाका |

### ४.१.६. अनुमान तथा जोखिम पक्ष

- दक्ष कर्मचारी लाई स्वास्थ्य संस्थामा टिकाई राख्न ।
- स्थानीय स्वास्थ्य संस्थाहरु प्रति विश्वसनीयता कायम राख्न ।
- जटिल स्वास्थ्य सेवाहरुको उपलब्धता स्थानीय स्तरमा नै प्रवाह गर्न ।

## ४.२. शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ४.२.१ पृष्ठभूमि

यस महाङ्काल गाउँपालिकामा २० वटा आधारभूत विद्यालय, ६ वटा सामुदायिक र १ वटा निजि गरि जम्मा ७ वटा माध्यामिक विद्यालय र एउटा क्याम्पस रहेको छ। गाउँपालिकाको पार्श्वचित्र अनुरसार ति विद्यालयमा १२०१ छात्र र ११७४ छात्रा गरि जम्मा २३७५ जना विद्यार्थी छन् । जसमध्ये ९४% भन्दा बढी विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन्। ५ वर्ष वा सो भन्दा माथिका उमेर समुहका जम्मा १०९५० जना मध्य झण्डै १% निरक्षर रहेका छन् भने १.४६% उच्च शिक्षा हासिल गरेका छन्। त्यसैगरि २७ वटा बालविकास कक्षा संचालन भएका छन्। तिनमा ३१९ जना बालबालिका छन् । यि विद्यालयहरु मध्ये १९ वटा विद्यालयमा खेल मैदान रहेको, १० वटा विद्यालयमा पुस्तकालय रहेको, ४ वटा विद्यालयमा विज्ञान प्रयोगशाला रहेको र सबै विद्यालय गरि जम्मा ९६ वटा कम्प्युटर रहेको देखिन्छ। त्यसैगरि विद्यालयमा जम्मा ७२ वटा शौचालय रहेका छन् जसमा ४० वटा शिक्षक विद्यार्थी दुवैले प्रयोग गर्ने, ११ वटा शिक्षक शिक्षिकाका लागि र २१ वटा छात्र छात्राका लागि भिन्ना भिन्नै रहेका छन् । सबै विद्यालयमा जम्मा १८९ जना शिक्षक शिक्षिका छन् भने जसमा १३५ जना पुरुष र ५४ जना महिला छन्। शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको छ।

### ४.२.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • विषयगत शिक्षकको कमि<br>• गुणस्तरीय शिक्षकको अभाव<br>• माध्यामिक र उच्च माध्यमिक तहमा व्यवहारिक र प्राविधिक शिक्षाको कमि हुनु<br>• पुस्तकालय, शैक्षिक सामाग्री र विज्ञान प्रयोगशाला आदिको उपलब्धता नहुनु।<br>• सबै विद्यालयमा इन्टरनेटको पहुँच नहुनु।<br>• सबै विद्यालयहरुमा खेलकुद मैदानहरुको उचित व्यवस्थापन नहुनु।<br>• विद्यालय भवन तथा अन्य भौतिक सुविधाहरु व्यवस्थित नहुनु।<br>• सामुदायिक विद्यालय प्रति आकर्षणमा कमि | • दक्ष जनशक्ति व्यवस्थापन<br>• सिपयुक्त शिक्षाको उपलब्धता<br>• तह अनुसार विद्यार्थीको टिकाउ<br>• विद्यालयहरुलाई आपसमा गाभ्न तथा मर्ज गर्न<br>• कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउन<br>• सामुदायिक विद्यालयलाई विश्वसनीय बनाउन।<br>• विद्यालयहरुमा लगानी श्रोतको व्यवस्था गर्न। |

### ४.२.३. सम्भावना तथा अवसर

| सम्भावना तथा अवसर | अवसरहरु |
|---|---|
| • सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न सके नीजि विद्यालय सँग प्रतिस्पर्धा गर्न सक्ने बनाउने सम्भावना रहेको ।<br>• प्राविधिक शिक्षा तर्फ रुची बढ्नाले आवश्यक जनशक्ति पालिका भित्रै तयार हुने ।<br>• प्रत्येक वडामा मावि तह सञ्चालन गरिने छ ।<br>• बेरोजगारी दर कम हुँदै जाने । | • नयाँ बनेका भौतिक संरचनाहरु समावेशी र सुविधा सम्पन्न भएका<br>• प्राविधिक शिक्षा तर्फ बढ्दो आकर्षण<br>• शिक्षामा प्रविधिको प्रयोग<br>• नियमीत अनुगमन तथा मुल्यांकन<br>• शिक्षण सिकाई कृयाकलापमा सूचना तथा तथा सञ्चारको बढ्दो प्रयोग |

### ४.२.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव श्रोतको विकास गर्ने ।

**उद्देश्य**

- सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरि शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधि मैत्री बनाउनु ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।
- पहुँच र गुणस्तर अभिवृद्धि गरि उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधि मैत्री र रोजगारमूलक बनाउने ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु ।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरि शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु।** | |
| १.१: यस गाउँपलिकाको माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क, प्रविधि मैत्री तथा भौतिक सुबिधा सम्पन्न बनाउन पहल गर्ने तथा कार्यन्वयन गर्ने । | १. शैक्षिक सामाग्री, स्तरीय भवन, फर्निचर, प्रयोगशाला तथा सवारी साधन सहित सुविधा सम्पन्न विद्यालय बनाइनेछ ।<br>२. गाउँपालिकामा  कम्तिमा ४ वटा सुविधा सम्पन्न प्राविधिक विद्यालय स्थापना गरि सञ्चालन गरिनेछ ।<br>३. सवै विद्यालयमा आधारभूत तह देखि नै अंग्रेजी, गणित, विज्ञान,कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइने<br>४. सबै विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ ।<br>५. सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, सामुदायिक वन समिती, क्लव तथा स्थानीय गैससलाई परिचालन गरिनेछ । |
| **उद्देश्य २: प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विसतार र गुणस्तर सुनिश्चित गर्नु ।** | |
| २.१: समावेशी सहितको व्यवसायिक सिप विकासको लागि प्राविधिक शिक्षाको आधारशिला तयार पार्ने । | १. महिला, दलित, अपाङ्ग, विपन्न तथा सिमान्तकृत समूहको गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षामा पहुँच सुनिश्चित गर्दै लगिनेछ ।<br>२. भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गर्न अन्तर सरकार, अन्तर स्थानीय तह, गैसस र निजी क्षेत्र समेतसँग समन्वय गरि उपयुक्त विद्यालयमा छात्रवृत्ति सहित पठनपाठनको व्यवस्था गरिनेछ ।<br>३. सवै विद्यालयमा आधारभूत तह अन्तर्गत शुरु देखि नै अंग्रेजी, गणित, विज्ञान, कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइनेछ ।<br>४. प्रविधिक शिक्षा बाली विज्ञान, कृषि पशु विज्ञान तथा पर्यटन व्यवसाय सम्बन्धित विषय कक्षा ११ र १२ मा पढाइ हुने वातावरण सिर्जना गर्ने । |

| उद्देश्य ३ः पहुँच र गुणस्तर अभिवृद्धि गरि उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधमैत्री र रोजगारमूलक बनाउने ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु । | |
|---|---|
| ३.१ः शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधमैत्री र रोजगारमूलक बनाउने । | १. आधारभूत शिक्षाबाट वञ्चित विद्यालय उमेर समूह का किशोरकिशोरीहरूलाई उनीहरूको अनुकूल अनौपचारिक सीपमूलक र साक्षरता कक्षा सञ्चालन गरिनेछ ।<br>२. आधारभुत तहमा स्थानीय सिपको प्रतिनिधित्व हुने गरि स्थानीय पाठ्यक्रममा यस सम्बन्धी सामग्री समावेश गरिनेछ ।<br>३. हरेक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गर्न भौतिक र प्राविधिक पक्षलाई सुदृढिकरण गरिनेछ ।<br>४. हरेक साधारण विषय पढाउने विद्यालयलाई कम्तिमा एउटा प्राविधिक र एउटा व्यवसायिक विषय पढाउन प्रोत्साहन गर्दै जनशक्ती र श्रोतको लागि सहयोग गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

महाङ्काल गाउँपालिकाको शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । शिक्षा, विज्ञान तथा नवप्रवर्तन तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ४.२.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. पूर्ण साक्षर गाउँपालिका भएको हुनेछ
२. बाल मैत्री गाउँपालिका घोषणा भएको हुनेछ ।
३. प्राविधिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
४. विद्यालयको शैक्षिक गुणस्तरमा आमुल सकारात्मक परिवर्तन भएको हुनेछ ।
५. शिक्षण सिकाई प्रकृयामा प्रविधिको सदुपयोग भएको हुनेछ ।
६. स्थानीय पाठ्यक्रम तयार भई लागु भएको हुनेछ ।

**तालिका ११ : शिक्षा क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | सामुदायिक अध्ययन केन्द्र तथा गाँउ पुस्तकालय सञ्चालन | संख्या | - | १ | |
| २ | दक्ष शिक्षकको दरबन्दी पुरा विद्यालय | संख्या | - | २५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विद्यालयहरु प्रविधिमैत्री भएको विद्यालय (कक्षा ६ भन्दा माथि) | संख्या | - | ७ | |
| ४ | खेल मैदान कम्पाउण्ड व्यवस्थित भएको विद्यालय | संख्या | - | १० | |

### ४.२.६. अनुमान तथा जोखिम पक्ष

- शिक्षालाई पालिकाले विशेष प्राथमिकता दिएको हुनेछ ।
- विद्यार्थीहरु पालिकाको विद्यालयमा नै अध्ययनरत हुनेछन् ।
- विद्यालय नियमित संचालन भएको हुनेछ ।
- महामारी, प्राकृतिक प्रकोपबाट विद्यालय टाढा रहनेछ ।

## ४.३ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.३.१ पृष्ठभुमि

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

यस पालिकामा महिला ४९%, पुरुष ५१% रहेको छन् । त्यसैगरि ब्राह्मण क्षेत्री ३८%, जनजाती ५४% र दलित ८% रहेको देखिन्छ । त्यसै गरि १४ वर्ष मनिका बालबालिका २३% रहेका छन् । महिला सशक्तिकरण गर्नका लागि सामाजिक साथै आर्थिक रुपमा सम्पन्न बनाउनु पर्ने देखिन्छ । जनजातिको बाहुल्य रहेको जनसंख्याको बनोटमा दलित पछाडी परेको देखिन्छन् ।

बाल अधिकार सम्बन्धि अन्तराष्ट्रिय महासंधी १९८९ मा हस्ताक्षर गरि नेपालले बाल अधिकार प्रवर्द्धन गर्ने स्वीकार गरेको छ। बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्न बालबालिका सम्बन्धी ऐन २०७५ लागु गरिएको छ । त्यसैगरि ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु कल्याणकारी राज्यको दायित्व हो भने अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइनु पर्दछ ।

### ४.३.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लैङ्गिक विभेद<br>• सम्पत्तिमा महिलाको स्वामित्व कम हुनु ।<br>• ठूलो र विकट भूगोलका कारण बालबालिकालाई शिक्षा र स्वास्थ्य सेवामा कठीनाई ।<br>• बालविकासको न्युन अवसर रहेको ।<br>• फरक क्षमता भएका मानिसहरुको पहिचान हनु नसक्नु ।<br>• महिलाहरुमा सिप तथा दक्षताको अभाव<br>• बालबालिकालाई श्रममा प्रयोग गरिनु ।<br>• जेष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभवको उपयोग र नयाँ पीढिमा हस्तान्तरण हुन नसक्नु ।<br>• अपाङ्गमैत्री शिक्षाको अभाव हुनु । | • महिलाहरुका भुमिकालाई सहायकका रुपमा हेरिनु<br>• महिलाहरुलाई घर भित्रका काममा सिमित गरिनु<br>• महिलाहरुमा दक्ष सिप तथा प्राविधीक ज्ञानको अभाव<br>• बालिबालिकाहरुका व्यक्तित्व विकासका न्यून अवसरहरु<br>• घरायसी काममा बालबालिकाहरुको श्रमको उपयोग<br>• ज्येष्ठ नागरिकहरुका अनुभवको उपयोग गर्ने संयन्त्रको अभाव<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई विभेद तथा वहिष्करण |

### ४.३.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • निर्वाचित प्रतिनिधिहरु विकासका नमुना बन्न उत्सुक<br>• महिलाहरुमा सचेतनाको विकास<br>• लक्षित वर्ग आफ्नो अधिकारका लागि सचेत<br>• सूचना, संचार तथा विद्यालय शिक्षाले नागरिक आफ्नो अधिकार प्राप्ति सम्बन्धमा जानकार भएको | • महिलाहरुको सिप तथा दक्षतामा अभिवृद्धि गरि आय आर्जनका कार्यहरुमा सहभागिता वृद्धि गर्न सकिने<br>• महिला सशक्तिकरणका कारण सामाजीक विभेदको अन्त गर्न सकिने<br>• बाल विकासका कार्यक्रमहरु मार्फत बालबालिकाहरुको व्यक्तित्व विकास गर्न सकिने<br>• ज्येष्ठ नागरिकका अनुभव र सिकाईलाई सदुपयोग गरेर नयाँ अवसरहरु सिर्जना गर्न सकिने<br>• समावेशी सोच तथा व्यवहारको विकास |

### ४.३.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विकासको मूलधारमा पहुँच नपुगेका विपन्न तथा अल्पसंख्यक, जनजाति र महिलाहरुलाई शिक्षा स्वास्थ्य रोजगारी लगायतका क्षेत्रमा न्यायोचित पहुँच वृद्धि गर्ने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।

२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु ।

३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु

४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक र अधिकारको सँरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१ पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता बृद्धि गर्ने । | १. गाउँपालिकाका नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| १.२ लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै पालिकामा राहतकोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २ :बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१ विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ । |

| | |
|---|---|
| २.२ बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बालबालिकाके प्रोफाइल तयार गरिनेछ ।<br>२. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरि बालबालिकाको सहभागिता बढाइनेछ ।<br>३. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>४. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरि बाल सहभागितामा बृद्धि गरिनेछ । |
| २ :३. बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वडामा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बालमैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३ : ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| .३१: ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| .३२: ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरि सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ । |
| .३३: ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४ : अपाङ्गता भएका व्यक्तीका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।** | |
| .४१: अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरि सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ । |

| | |
|---|---|
| | ३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| .४२ः अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवस्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महाङ्काल गाउँपालिकाको महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । महिला, बालबालिका तथा लक्षित वर्ग तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ४.३.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. महिला सशक्तिकरणका मार्फत सामाजिक विभेदहरु न्यून भई महिला सहभागिता वृद्धि भएको हुनेछ ।

२. जोखिममा भएका वालवालिकाहरुको संरक्षण र वालवालिकाहरुको व्यक्तित्व विकासको अवसर सिर्जना भएको हुनेछ ।

३. अपाङ्गता भएका व्यक्तिहरुको आत्मसम्मान र सहभागितामा वृद्धि भएको हुनेछ

४. ज्येष्ठ नागरिकका अनुभव तथा ज्ञानहरुको सदुपयोग भएको हुनेछ ।

**तालिका १२ : लक्षित वर्ग कार्यक्रम क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | विपन्न र पिछडिएका महिलालाई सिप तथा उद्यमशिलता विकासमार्फत रोजगारीको अवसर वृद्धि | प्रतिशत | - | ४० | |
| २ | वाल विवाह, दाईजो प्रथा, तिलक, देउकी, वोक्सी, छाउपडी लगायत सबै प्रकारका कुरीती अन्धविश्वास र महिला हिंसामा न्युनीकरण | प्रतिशत | - | ५० | |
| ३ | बालबालिका, महिला तथा लक्षित वर्गको निर्णय प्रकृयामा संलग्नता वृद्धि भएको हुनेछ | प्रतिशत | - | ३० | |
| ४ | सामाजिक लैङ्गिक तथा जातिय विभेदमा कमि | उजुरी प्रतिशत | - | २० | |

### ४.३.६. अनुमान तथा जोखिम पक्ष

- महिला तथा  सिमान्तकृत वर्ग तालिम पश्चात व्यवसायिक कृयाकलापमा समावेश गरि रोजगारी र आय आर्जन तर्फ उन्मुख भएको हुनेछन् ।
- बालमैत्री स्थानीय शासन लागु गर्न पालिका प्रतिबद्ध भएको हुनेछ ।

## ४.४ युवा तथा खेलकुद

### ४.४.१ पृष्ठभूमि

व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासका लागि खेलकुद अपरिहार्य छ। त्यसैले "सबैका लागि खेलकुद" भन्ने अभियान सञ्चालन गरि समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बाालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलाडीलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई पालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नुपर्ने भएको छ ।

### ४.४.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • युवा पलायन<br>• युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु<br>• युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु<br>• "विकास-अनुशासन-गतिशीलता" सँग युवाहरूलाई जोड्न नसक्नु<br>• सामाजिक र सांस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु | • युवाहरको शहरतर्फको आकर्षण रोक्न<br>• वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यवसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु ।<br>• सामाजिक कार्यमा युवाहरुको सहभागिता वृद्धि गर्नु ।<br>• खेलकुद प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरुको आयोजना गरि स्वच्छ तथा प्रतिस्पर्धी खेलाडी विकास एवम् खेल संस्कृतिको विकास गर्नु । |

### ४.४.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • ठूलो संख्यामा खेर गईरहेको युवा श्रमलाई उद्यम तथा सिल्पीमा विकास गरि आय आर्जन बढाउन सकिने ।<br>• खेलकुद तथा मनोरञ्जनात्मक कृयाकलाप गर्न उपुक्त पर्यावरण रहेकोले विकास गर्न सकिने ।<br>• युवा जनशक्तिलाई विकासका कार्यहरुमा सहभागि गराई विकास लाई गति दिन सकिने । | • उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु<br>• संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तराष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु<br>• युवा आकर्षण कार्यक्रम लागु गरि बाहिरिएका युवालाई फर्काउने अवसर रहेको । |

### ४.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने ।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।

२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| १.१: विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२: युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ । |

| | |
|---|---|
| १.३ः युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरि उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यवसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४ः युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरि राष्ट्रको गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २ः खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।** | |
| २.१ः खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. पालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ ।<br>३. पालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न कभर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिने छ। |
| २.२ः खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरि खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |

| | |
|---|---|
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. पालिकामा कम्तिमा एउटा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरि खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

### प्रमुख कार्यक्रम तथा आयोजनाहरु

महाङ्काल गाउँपालिकाको युवा तथा खेलकुद क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । युवा तथा खेलकुद तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ४.४.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि भएको हुनेछ
२. खेलकुद पूर्वाधारको विकासबाट युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाइएको हुनेछ ।
३. प्रत्येक वार्डमा खेलमैदान निर्माण तथा स्तरबृद्धि गरिने छ ।
४. खेदकुदमा महिलाहरुको उल्लेखनिय सहभागितामा वृद्धी भएको हुने छ ।

**तालिका १३ : लक्षित वर्ग कार्यक्रम क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय खेलकुद मैदान | संख्या | - | १ | बिमिरेचौर |
| २ | विद्यालय स्तरीय खेलकुद मैदान | संख्या | - | ५ | बिमिरेचौर |
| ३ | कभर्डहल निर्माण | संख्या | - | १ | बिमिरेचौर |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | खेलकुद प्रतियोगिता पालिका स्तरीय | पटक | - | २ | बिमिरेचौर |

### ४.४.६. अनुमान तथा जोखिम पक्ष

- सिप विकास, क्षमता विकास, लघु उद्यममा युवा रोजगारी सँग जोडिएको हुनेछ ।
- स्थानीय स्तरमा निजी क्षेत्रबाट प्राप्त हुने रोजगारीमा युवालाई जोडिएको हुनेछन् ।

# परिच्छेद ५ : पूर्वाधार क्षेत्र

## ५.१. वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ५.१.१. पृष्ठभूमि

प्रशासनिक हिसाबले बागमती प्रदेशलाई ११९ स्थानीय तह  र ११२१ वडाहरूमा बिभाजन गरिएको छ । त्यसमध्ये ललितपुर जिल्लामा अवस्थित महाङ्काल गा.पा. एक हो । श्रोत र साधनको हिसाबले प्राय सबै क्षेत्र ग्रामिण परिववेशको भए पनि केही भूभागहरू भने शहर उन्मूख हुन थालेका छन् । । तसर्थ, अपेक्षाकृत उच्च जनघनत्व र जनसंख्यामा विविधता, श्रमको विशिष्ट विभाजन, सडक तथा चुस्त यातायात सुविधा उपलब्ध, पर्याप्त खानेपानी, बिजुली तथा सूचना प्रणालीको व्यवस्था, सबै नागरिकको शिक्षा स्वास्थ्य तथा रोजगारमा पहुँच, पर्याप्त सुबिधा सहितको आवासको व्यवस्था, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि, सुरक्षा, प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन, आदि शहरी व्यवस्थापनका आधारभूत सिद्धान्तहरूलाई ख्याल गर्दै दिगो विकास लक्ष्य ११ हासिल गर्न तथा गरिबी कम गर्दै गाउँपालिकाको सामाजिक-आर्थिक विकासमा टेवा पुऱ्याउन शहरी विकास क्षेत्रलाई उच्च प्राथमिकतामा राखी काम गर्नुपर्ने आवश्यकता छ ।

### ५.१.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • भूउपयोग नीति अनुसार बस्ती विकास नहुनु<br>• बिभिन्न ठाउँ हरूमा मापदण्ड विपरित आवास निर्माण हुनु तथा मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नहुनु<br>• पातालो वस्ती, साना साना आवासिय भवन<br>• एकै पटकमा सेवा प्रदान गर्न बनाउन पर्ने भवनहरू र तिनीहरूकोलागि आवश्यक मानव स्रोत एवम् साधनहरूकोलागि गर्नु पर्ने लगानी पुऱ्याउन सक्षम हुन नसक्नु<br>• वस्तीहरु जोखिममा हुनु ।<br>• एकीकृत बस्ती विकासको अवधारणा नहुनु ।<br>• आवास तथा भवन निर्माण हुँदा दक्ष जनशक्ति तथा प्राविधिकको पहुँच नहुनु । | • शहर उन्मुख बस्ती विकास गराउन ।<br>• एकीकृत वस्ती विकासलाई कार्यान्वयन गर्न ।<br>• भवन निर्माण मापदण्ड लागु गर्न ।<br>• सबै वस्तीमा आधारभुत पुर्वाधारको विकास गर्न ।<br>• प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण गर्न ।<br>• सामुदायिक निर्माणको अवधारणा कार्यान्वयन गर्न । |

### ५.१.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
| --- | --- |
| • एकीकृत वस्ती विकासको सम्भावना रहेको ।<br>• सामुदायिक भवनहरु निर्माण गर्न सकिने ।<br>• भवन निर्माण मापदण्ड बनाई अब बन्ने भवनहरुलाई व्यवस्थित गर्न सकिने ।<br>• वस्ती बस्न स्वस्थकर हावापानी रहेको ।<br>• | • यस गाउँपालिकामा कुनै ठुलो अव्यवस्थित किसिमको शहरीकरण नभइसकेकोले शुरुको अवस्थाबाट नै वैज्ञानिक ढङ्गले वस्ती विकासको अवधारणा अगाडि बढाउन सकिने ।<br>• भौगोलिक अवस्था र बस्तीलाई एकीकृत कार्यमूलक योजना मार्फत बस्ती विकास कार्यक्रम सञ्चालन गर्न सकिने ।<br>• सुरक्षित आवास निर्माणमा जनचेतना वृद्धि हुनु । |

### ५.१.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. एकीकृत आवास तथा बस्ती विकास गरि अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।

२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरि स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| **उद्देश्य १ः एकीकृत आवास तथा बस्ती विकास गरि अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।** | |
| १.१ः ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीति तथा बस्ती विकास योजना तर्जुमा गरि लागू गरिनेछ ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ । |

| | |
|---|---|
| | ३. भौगोलिक रूपले विकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ । |
| १.२: घना बस्ती रहेका ग्रामीण क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने। | १. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कायन्वयन गरिनेछ ।<br>२. कृषियोग्य जमिनमा सुरक्षित गरिनेछ ।<br>३. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ । |
| १.३: भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने । | १. एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ। |
| **उद्देश्यः २ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरि स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।** | |
| २.१: स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरि उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ । |
| २.२: भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना बृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरि एकीकृत जनसेवा प्रदान गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महाङ्काल गाउँपालिकाको बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ५.१.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- एकीकृत आवार तथा वस्ती विकास गरि अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह भएको हुनेछ ।
- स्थानीय निर्माण सामाग्रीको अधिकतम प्रयोग गरि स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित भवनहरु निर्माण भएको हुनेछन् ।
- सुरक्षित आवासमा बसोबास गर्नेको संख्या बढ्नेछ ।
- भवन निर्माण मापदण्ड तयार भई कार्यान्वयन भएको हुनेछ ।

**तालिका १४ : लक्षित वर्ग कार्यक्रम क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | एकीकृत बस्ती | संख्या | - | ४ | योजना खाका |
| २ | सामुदायिक भवन | संख्या | - | ३ | योजना खाका |
| ३ | तालिम केन्द्र | संख्या | - | १ | योजना खाका |
| ४ | सार्वजनिक शौचालय | संख्या | - | ७ | योजना खाका |

### ५.१.६. अनुमान तथा जोखिम पक्ष

- दक्ष जनशक्तिको अभावले निर्माण कार्यको गुणस्तरीयता परीक्षण ।
- आधुनिक निर्माण सामाग्रीले परामपरागत निर्माण सामाग्रीलाई निरुत्साहित गर्नु ।
- भवन निर्माण मापदण्ड अनुरुप भवन बनाउन जनता आर्थिक रुपले सबल नहुनु ।
- प्राकृतिक प्रकोपको जोखिम निर्धारण गर्न नसक्नु ।

## ५.२ सडक तथा पुल

### ५.२.१. पृष्ठभूमि

नेपालको सन्दर्भमा सडक यातायात महत्वपूर्ण साधान हो । यस गाउँपालिकामा २.५ मिटरका मौसमी सडक देखि कच्ची तथा पक्की सडकहरु रहेका छन् । लले चन्दनपुर सडकले मानीखेल, गोटीखेल र चन्दनपुरलाई जोडेको छ। त्यसैगरि टुङ्गन कोरीडरले मानिखेल, गोटी खेल लाई जोडेको छ । सबै वडामा सडक सञ्जाल पुगेको छ । २.५ मिटर देखि ५ मिटर चौडा सम्मका सडकको लम्बाई पालिका भर १५७ कि.मि. रहेको छ। वडाका केन्द्रमा बस स्टेशन रहेका छन् भने, बसपार्क व्यवस्थीत भएको देखिएन । दैनिक लगनखेल बसपार्कबाट सार्वजनिक यातायात संचालनमा आइरहेको छ। पालिकाको अधिकांश सडकको गुणस्तर सुधार गर्नु पर्ने देखिन्छ। झोलुङ्गे-२, ट्रस २ र पूल कलभर्ट २२ गरि जम्मा २६ वटा पूल पूलेसा पालिकामा छन् ।

### ५.२.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • यातायात पूर्वाधारमा अपेक्षित एकीकृत विकास नहुनु,<br>• भौगोलिक विकटता हुनु<br>• कच्ची सडक मात्र भएकोले जाखिम हुनु<br>• छरिएर रहेको वस्ती<br>• पहिरो तथा भूक्षयको जोखिम<br>• निर्माण भईसकेका सडकहरु मर्मत तथा संरक्षणको अभावमा हुनु,<br>• ठूला योजनाहरुमा लगानी स्रोतको अभाव हुनु । | • छरिएर रहेको बस्तीमा सडक विस्तार गर्नु<br>• बाह्रै महिना चल्ने सुरक्षित सडक निर्माण गर्नु<br>• पहाडी कठिन भौगौलिक अवस्थाका कारण निर्माण कार्य खर्चिलो हुनु<br>• सडक निर्माणबाट वातावरणमा पर्न सक्ने असर र निम्तन सक्ने प्राकृतिक प्रकोप यस गाउँपालिकाको प्रमुख चुनौतीको रुपमा रहेको छ । |

### ५.२.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • कच्ची भएपनि सडक ट्र्याक खुलिसकेको ।<br>• निर्माणमा स्थानीय जनशक्ति प्रयोग गर्न सकिने ।<br>• काभ्रेको दुर्लुङ हुँदै तराई जोड्नृ मार्ग तथा रातोमाटे च्याम्राङबेसी मार्ग लाई ठुलादुर्लुङ करिडोरको रुपमा विकास गर्न सकिने । | • भौतिक पूर्वाधारमा जनताका बढ्दो चासो<br>• सडक सञ्जाल मार्फत पर्यटन, कृषि तथा व्यवसायलाई बढावा दिन सकिने अवसर रहेको । |

### ५.२.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**
दिगो सडक पूर्वाधार विकास मार्फत नागरिकको सहज पहुँच पुऱ्याउने ।

**उद्देश्य**
१. गुणस्तरिय सडक पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा गा.पा.का नागरिकहरूको पहुँच वृद्धी गर्नु ।
२. सडक पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरि सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः गुणस्तरिय सडक पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा पहुँच वृद्धी गर्नु ।** | |
| **१.१ः** योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने । | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरि सोको पालना गरि सडकको गुणस्तर कायम गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ । |
| **१.२ः** गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, | १. व्यवसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ । |

| | |
|---|---|
| समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | २. गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीब्रता दिइनेछ ।<br>३. सडकमा वर्षैभरि निर्वाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीब्रता दिइनेछ । |
| १.३ः छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने । | १. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ । |
| **उद्देश्य २ः सडक पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरि सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।** | |
| २.१ः प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरि यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरि सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| २.२ः पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने । | १. पदमार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ ।<br>२. पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरि स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महाङ्काल गाउँपालिकाको सडक तथा पुल क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। सडक तथा पुल तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ५.२.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- गाउँपालिकाको यातायात गुरुयोजना कार्यान्वयन प्रारम्भ भएको हुनेछ।
- सडक मापदण्ड र सडक क्षेत्र (Right of way) निर्धारण भएको हुनेछ।
- सबै वडा केन्द्र तथा प्रमुख पर्यटकीय स्थलसम्म सर्वयाम सडकले जोडिएको हुनेछ।
- गाउँपालिका केन्द्रसम्म पक्की सडक पुगेको हुनेछ।
- यातायात सुविधाको उपलब्धता सरल भएको हुनेछ।
- सडक निर्माणबाट हुने प्राकृतिक जोखिम बायो इन्जिनियरिङ प्रविधिबाट न्युनिकरण भएको हुनेछ।

**तालिका १५ : सडक तथा पुल क्षेत्रका नतिजा खाका**

| *सि.नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | नयाँ ट्र्याकहरु | कि.मि. | - | २२ | |
| २ | गाँउपालिका भित्रको व्यवस्थीत कालोपत्रे सडक | कि.मि. | - | १५ | |
| ३ | ग्राभेल तथा सोलिङ गरिएको सडक | कि.मि. | - | ३० | |
| ४ | मोटरेबल पुल | संख्या | - | ४ | |
| ५ | झोलुङ्गे पुल | संख्या | | ५ | |

### ५.२.६. अनुमान तथा जोखिम पक्ष

- सडक तथा पुल निर्माण गर्दा वन जंगल तथा वातावरणमा उच्चतम प्रभाव पर्न सक्ने।
- नीजि जग्गा अधिग्रहण गर्न समस्या आईपर्ने।
- भौगोलिक विकटताको कारण खर्चिलो निर्माण हुन सक्ने।

## ५.३. खानेपानी तथा सरसफाई

### ५.३.१. पृष्ठभूमि

यस पालिकामा वन जंगल खोलानाला जस्ता प्राकृतिक श्रोत साधन प्रशस्त रहेकोले खानेपानीको समस्या त्यति धेरै देखिँदैन । २०७५ को घरधुरी सर्भेक्षण अनुसार ९५.८% घरपरिवारका मानिसहरु पाइपबाट पठाइएको पानी आपूर्ती भईरहेको छ। शौचालय प्राय सबै घरमा छ।१२ वटा सार्वजनिक शौचालय पालिका भित्र रहेका छन् । दैनिक ६००० के.जि. फोहोर निस्कन्छ जसमा ८० प्रतिशत फोहोर जैविक हुन्छ र यसलाई जैविक मल बनाउन प्रयोग गरिन्छ भने १२०० के.जी. जति सिसा, धातु, प्लाष्टिक, कागज, छाला, खर जस्ता फोहोर ठाउँठाउँमा छरिएर रहेको (फालेको) देखिन्छ । यस्तो किसिमको फोहोरलाई पालिकाले सरसफाई योजना बनाएर व्यवस्थापन गर्न सके पालिकाको फोरमैला समेत उचित व्यवस्थापन हुने देखिन्छ ।

### ५.३.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • जलस्रोतले धनी भएतापनि सबै घरधुरीमा शुद्ध खानेपानीको पहुँच पुऱ्याउन सकिएको छैन ।<br>• खानेपानीको स्रोतहरुको उचित व्यवस्थापन गर्न सकिएको छैन ।<br>• खानेपानीको शुद्धता परीक्षण हुन सकेको छैन । | • फोहोमैला विसर्जन र पुनः प्रयोग प्रणालीलाई कार्यान्वयन गर्नु ।<br>• खानेपानी स्वच्छताको आवश्यक जाँच गर्नु ।<br>• खेर गईरहेको पानीको उच्चतम प्रयोग गर्नु ।<br>• बनिसकेका खानेपानी आयोजनाहरुको उचित संरक्षण र संवर्द्धन गर्नु । |

### ५.३.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • खानेपानीको प्राकृतिक स्रोतहरुको उपलब्धता ।<br>• जनसहभागिता<br>• घरेलु सरसफाई विधिलाई अवलम्बन गर्न सकिने ।<br>• जनचेतना अभिवृद्धि गरि नियमित रुपमा गाउँ, टोल र सार्वजानीक स्थलहरुको सरसफाई तथा व्यवस्थापन गर्न सकिने । | • भएका मुहानहरुको संरक्षण गरि खानेपानीको वितरण गर्न सकिने<br>• एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानीको आपूर्ति<br>• उपभोक्ताहरुको क्षमता अभिवृद्धि गरि श्रोतको संरक्षण तथा सदुपयोग<br>• उपभोक्ता समुहको क्षमता अभिवृद्धि गरि निरन्तर मर्मत संभार तथा योजना संरक्षण |

### ५.३.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबै जनसङ्ख्यालाई आधारभूत शुद्ध खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।

२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।

३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१ः पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ।<br>२. “एकघर एक धारा” कार्यक्रम लागु गरिनेछ । |
| **उद्देश्य २ः गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।** | |
| २.१ः आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ ।<br>३. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।** | |
| ३.१ः प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरि करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ । |

| | |
|---|---|
| | ६. सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महाङ्काल गाउँपालिकाको खानेपानी तथा सरसफाई क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । खानेपानी तथा सरसफाई तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ५.३.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. सबै घरमा स्वच्छ खानेपानीको उपलब्धता भएको हुनेछ ।

२. खानेपानीको नियमित जाँच गरि उपभोग भएको हुनेछ ।

३. खानेपानीको श्रोतहरुको पहिचान भएको हुनेछ ।

४. सबै घरमा र सार्वजानीक स्थलहरुमा शौचालय भएको हुनेछ ।

**तालिका ४.१: खानेपानी तथा सरसफाई क्षेत्रका नतिजा खाका**

| *सि. नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | शुद्ध खानेपानी उपभोग गर्ने जनसंख्या | प्रतिशत | - | ९५ | प्रस्तुत कार्यक्रम |
| २ | शौचालयको प्रयोग गर्ने जनसंख्या | प्रतिशत | - | १०० | प्रस्तुत कार्यक्रम |
| ३ | सार्वजनिक शौचालयको निर्माण | संख्या | - | १८ | प्रस्तुत कार्यक्रम |

### ५.३.६. अनुमान तथा जोखिम पक्ष

- सबै घरधुरीमा समान खानेपानी वितरण नभएको हुन सक्छ ।
- नीजि जग्गामा पर्ने खानेपानी मुहानहरुको विषयमा विवाद उत्पन्न हुन सक्नेछ ।
- लगानीको श्रोतमा कमि ।

## ५.४. जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा

### ५.४.१.पृष्ठभूमि

यस पालिकामा विद्युत उत्पादन गर्न सकिने खाला नालाहरु भएतापनि ठूलोपरिमाणमा विद्युत उत्पादन गर्न सकेको छैन। साना लघु जलविद्युत परियोजनाहरु संचालन भएका भएता पनि राष्ट्रिय प्रशासन लाईनको विद्युतले ती लघु जलविद्युत आयोजनाहरु हाल बन्द भईसकेको अवस्था छ। त्यसैगरि सिँचाइका परम्परागत कुलोहरुले केही भागमा उत्पादन बढाउन सकेपनि ठूला नहरहरुको पूर्वाधार तयार भएको छैन। वैकल्पिक उर्जाको प्रयोग निकै नै कम देखिन्छ। भएका लघु जल विद्युत आयोजना समेत बन्द भएका छन्।

### ५.४.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • जलश्रोत तथा नदी व्यवस्थापनको योजना तयार नभएको।<br>• वैकल्पिक उर्जाको प्रर्वद्धन नभएको।<br>• लघु जलविद्युत आयोजनाहरुको अध्ययन हुन नसकेको। | • जलविद्युत आयोजनाहरुका लागि लगानी जुटाउन चुनौती रहेको।<br>• खाना पकाउने प्रयोजनकालागि प्रयोग हुने परम्परागत ऊर्जाको स्रोतलाई स्वच्छ र आधुनिक ऊर्जाले प्रतिस्थापन गर्न।<br>• जलश्रोतको उपभोगबाट निम्तिन सक्ने नदी कटान, पहिरो जस्ता जोखिमको व्यवस्थापन गर्न। |

### ५.४.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • प्रशस्त जलस्रोतहरुको उपलब्धता।<br>• लघु जलविद्युत आयोजना सञ्चालन गर्न सकिने।<br>• परम्परागत चुलोलाई आधुनिक उर्जाले विस्थापित गरि दाउराको खपत कम गर्न सकिने। | • आधुनिक प्रविधिको प्रयोग गरि परम्परागत व्यवहारलाई परिवर्तन गरि उत्पादन वृद्धि हुनु<br>• ऊर्जा विकासबाट अन्य साना तथा घरेलु उद्योग स्थापना तथा सञ्चालनमा सहजता हुनु<br>• लिफ्ट खानेपानी तथा सिँचाई आयोजनाहरुको सञ्चालन गर्न सकिनु अवसरका रुपमा रहेका छन्। |

### ५.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नवीकरणीय तथा वैकल्पिक उर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ उर्जामा सबैको पहुँचमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण-मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु ।

२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

घ. रणनीति तथा कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि गर्नु ।** | |
| **१.१ः** ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरि दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संघीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरि उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापान गरिनेछ । |
| **१.२ः** उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरि संस्थागत विकासमा जोड दिने । | १. गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>२. गाउँपालिकामा उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरि डाटाबेस तयार गरिनेछ ।<br>३. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत, सम्भार र संस्थागत विकास गरिनेछ ।<br>४. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रशारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २ः परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु ।** | |

| | |
|---|---|
| २.१: ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरि बहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ ।<br>४. सिंचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरि लिफ्टीङ्ग प्रणाली सञ्चालन गरिनेछ ।<br>५. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरि दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ।<br>६. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महाङ्काल गाउँपालिकाको जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ५.४.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- घरायसी प्रयोजनकालागी ऊर्जाको अधिकतम् प्रयोग भएको हुनेछ।
- खाना पकाउन जलविद्युत उर्जा तथा नवकरणीय उर्जाको प्रयोगमा बृद्धि भई दाउराको प्रयोगमा ह्रास आएको हुनेछ
- मुख्य बस्ती तथा सार्वजनिक ठाउँहरुमा सोलार बत्तीको प्रयोग भएको हुनेछ।

### तालिका १६ : उर्जा तथा विद्युत नतिजा खाका

| *सि. नं.* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | जलविद्युत पहुँच भएको घरधुरी | प्रतिशत | - | ९५ | |
| २ | वैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | - | ५ | |
| ३ | खाना पकाउन दाउरा प्रयोग गर्ने घरधुरी | प्रतिशत | - | २० | |

### ५.४.६. अनुमान तथा जोखिम पक्ष

- परम्परागत उर्जा उपभोग प्रणाली ।
- जलश्रोत उत्पन्न प्रकोप व्यवस्थापन ।
- जलविद्युत उत्पादनमा लगानीको कमि ।

## ५.५.सूचना, सञ्चार तथा प्रविधि

### ५.५.१. पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्वर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् । बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरि एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरि सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ। गा.पा.ले अनलाइन तथा अन्य प्रविधिमा आधारित सूचनाहरू गाउँपालिकाबासीहरूलाई उपलब्ध गराउदै आइरहेको छ। वेवसाइटमार्फत सुचना तथा जानकारीहरू दिँदै आइरहेको छ ।

### ५.५.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • टेलिफोन टावर पर्याप्त नहुनु ।<br>• सबै वडा कार्यालय, स्वास्थ्य केन्द्र, सामुदायिक सेवा केन्द्र तथा विद्यालयहरुमा इन्टरनेट पहुँच नहुनु ।<br>• गाउँपालिकाको वेबसाईट चुस्त नहुनु ।<br>• स्थानीय पत्रिका वा रेडियो जस्ता सञ्चार माध्यम नहुनु । | • जनसंख्याको वितरण अनुसार सञ्चार सेवा उपलब्ध गराउन ।<br>• सञ्चार सेवाको सकारात्मक प्रयोग गर्न ।<br>• सञ्चारको साधन प्रयोगमा सबै जनताको पहुँच बनाउन ।<br>• सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउन |

### ५.५.३ सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • स्थानीय सञ्चार माध्यम स्थापना गर्न सकिने ।<br>• विद्युतीय सेवा प्रणालीको विकास गर्न सकिने ।<br>• सोसियल मिडियाको उच्चतम प्रयोग गरि जनतालाई सुसुचित गर्न सकिने ।<br>• सञ्चारको माध्यमबाट पालिकाको पर्यटकीय सम्भावनालाई प्रचार प्रसार गर्न सकिने । | • सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु<br>• प्रशासनिक लगायत दैनिक कामकाजकालागि आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत सहज एवम् चुस्त बनाउन सकिने<br>• पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने<br>• सूचना तथा सञ्चार प्रविधिलाई विद्यमान योजना तथा नीति अनुरूप गाउँपालिकालाई सूचना तथा सञ्चार प्रविधि मैत्री बनाउन सकिने |

### ५.५.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

ग्रामिणस्तरमा उपलब्ध हुनसक्ने सञ्चार प्रणालीका सेवाहरु सहज रुपमा उपलब्ध गराउने ।

**उद्देश्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरि आमनागरिकको जीवस्तरलाई सहज बनाउने ।

**रणनीति तथा कार्यनीति**

**तालिका १७ : सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।** | |
| १.१ः सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरि | १. गाउँपालिकाका सबै वडा तथा सार्वजनिक स्थानहरुमा इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ । |

| | |
|---|---|
| सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | २. सबै कार्यालयका वेवसाइट, इमेल, फेसबुक, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरि सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यवसायिक बनाइनेछ ।<br>५. गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| २.२: सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ ।<br>२. गाउँपालिकाका सबै ठाँउमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरि आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३. गाउँपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महाङ्गाल गाउँपालिकाको सञ्चार सेवा क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। सञ्चार सेवा तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ५.५.५. अपेक्षित उपलब्धिहरु

- आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुगेको हुनेछ ।
- गाउँपालिकाको सबै वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थानहरुमा इन्टरनेट सुविधा पुगेको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा उपलब्ध भएको हुनेछ ।
- गाउँपालिकाका विविध विषयगत क्षेत्रका तथ्याङ्कहरूको संकलन, प्रसोधन, व्यवस्थापन कार्य सम्पन्न भएको हुनेछ ।

**तालिका १८ : सञ्चार सेवा क्षेत्रका नतिजा खाका**

| *सि. नं* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | वडास्तरमा कार्यालयहरुमा इन्टरनेटको सेवा | वडा संख्या | - | सबै वडा | |
| २ | स्थानीय सरकारबाट हुने सम्पुर्ण सूचना र प्रगतिहरु विद्युतीय माध्यमबाट उपलब्ध | वडा संख्या | - | सबै वडा | |
| ३ | पालिकाका विद्यालयहरुमा इन्टरनेटको सेवा पुर्‍याउने | संख्या | - | सबै | |
| ४ | पालिकाका स्वास्थ्य संस्थाहरुमा इन्टरनेटको सेवा पुर्‍याउने | वडा संख्या | - | सबै | |
| ५ | पालिकाका सार्वजनिक स्थलहरुमा इन्टरनेटको सेवा पुर्‍याउने | संख्या | | १२ | |

### ५.५.६. अनुमान तथा जोखिम पक्ष

- सूचनाहरुको गोपनियता ।
- सञ्चार तथा प्रविधिको सकारात्मक प्रयोग ।
- गुणस्तरीय सूचना प्रविधिको अवलम्बन ।

## ६.१. वन तथा जैविक विविधता

### ६.१.१. पृष्ठभूमि

महाङ्काल गाउँपालिकाको सबैभन्दा धरै क्षेत्रफल ओगटेको क्षेत्र वन, झाडी तथा चरण क्षेत्र नै हो । करिब ७०% भूभाग वन तथा झाडी क्षेत्रले ओगटेको छ । पालिकामा ४२ वटा सामुदायिक वन, ६ कबुलियत वन, ३ वटा धार्मिक वन र एउटा सरकारी वन रहेको छ । सामुदायिक वनको संरक्षण संवर्द्धन र उपयोग स्थानीयले नै गरेका छन् । वन जंगलमा विभिन्न खालका वनस्पतिहरुको समिश्रण रहेको छ । यि वनहरु मृग, हरिण, घोरल जस्ता जनावरहरुको तथा विभिन्न जातका पंक्षी/चराचुरुङ्गी हरुको वासस्थान हो । सामुदायिक वनमा लौठ सल्लाको खेती पनि भई रहेको छ । जुन औषधिय प्रयोगको लागि उपयुक्त वनस्पती सावित भएको छ । त्यसैगरि यस पालिकामा २ वटा सहकारी संस्थाहरुले जडिबुटीको काम गर्दछन् । यि सबै ठोस कुरालाई आधार मानेर भन्न सकिन्छ कि महाङ्काल गाउँपालिका जैविक विविधताले सम्पन्न पालिका हो ।

### ६.१.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण<br>• अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनाश र खण्डिकरण हुने गरेको<br>• उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएको ।<br>• वन फँडानी पूर्ण रुपमा नियन्त्रण हुन नसकेको ।<br>• वन्यजन्तुहरुको आक्रमण बाट जनधन तथा खेती बालीको क्षती<br>• महत्वपूर्ण जडीबुटीहरूको अन्वेषण र प्रशोधन हुन नसकेका | • वन संरक्षणकालागि स्थानीय तहमा क्षमता र जिम्मेवारी वृद्धि गर्नु ।<br>• जैविक विविधता कायम राख्दै विकासका पूर्वाधार तयार गर्ने ।<br>• दुलर्भ वन्यजन्तुहरुको सुरक्षा<br>• जडिबुटीहरुको पहिचान तथा खोजि |

### ६.१.३ सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • महत्वपूर्ण जडीबुटीहरूको भण्डार<br>• स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसायको विकासका प्रशस्त योगदान<br>• प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण हुनगई पर्यटन व्यवसायको विकास हुनु<br>• वनजन्य काष्ठ उद्योग स्थापना गर्ने कच्चा पदार्थ उपलब्ध | • जडिबुटी संकलन गरि आय र रोजगार बढाउने अवसर रहेको ।<br>• बढ्दो वन जंगलको कारण वृक्षारोपणमा धेरै रकम खर्च गर्नु नपर्ने<br>• समुदायमा आधारित वन व्यवस्थापन मार्फत स्थानीय जनताको जीवनयापन सहज हुनु<br>• वन, जलाधार, कृषि, पशुविकास, सिंचाइ लगायतका निकाय बीच सहकार्य, समन्वय तथा एकीकृत विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सक्ने अवसर |

### ६.१.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका क्षेत्रका वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तर सुधार गर्ने ।

**उद्देश्य**

- दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १: दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने । | |
| २.१: वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरि नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा वजारीकरण गरिनेछ ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न निजी तथा सहकारी क्षेत्रलाइ प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु सँरक्षण, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ ।<br>६. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ । |
| **उद्देश्य २:** जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने । | |
| २.१: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरि तारबार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गर्न सहयोग गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका विरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महाङ्काल गाउँपालिकाको वन तथा जैविक विविधता क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। वन तथा जैविक विविधता क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ६.१.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन भएको हुनेछ।
- वन्यजन्तु र जैविक विविधताको संरक्षण गरिएको हुनेछ।
- उपलब्ध जडिबुटीहरुको खोजि, पहिचान र प्रशोधन गरि औद्योगीकरण गरिएको हुनेछ।
- वन्यजन्तु बाट हुने आक्रमण न्युनीकरण भएको हुनेछ।

तालिका ४.२: जैविक विविधता संरक्षण क्षेत्रका नतिजा खाका

| *सि. नं* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | नर्सरी स्थापना | वडा संख्या | - | ३ | |
| २ | स्थानिय जातका अन्नबाली, दलहन, तेलहन, फलफूल बालीका जातहरुको सूचिकरण, | वडा संख्या | - | ६ | |
| ३ | जडिबुटी प्रशोधन केन्द्र स्थापना | संख्या | - | २ | |

### ६.१.६. अनुमान तथा जोखिम पक्ष

- वन पैदावारको चोरी निकासी ।
- वन्यजन्तुहरुको संरक्षण गर्न ।
- विकासको गतिविधिबाट हुने पर्यावरणको दोहन ।

## ६.२. भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ६.२.१. पृष्ठभूमि

महाङ्काल गाउँपालिकामा रहेको दुर्लुङ खोला ललितपुर जिल्लाको दक्षिण पूर्वी भेगमा पर्दछ । यस दुर्लुङ खोलाले २७.१९ वर्ग कि.मि. क्षेत्रफल ओगटेको देखिनछ । र यसका ६ वटा सहायक खोला रहेका छन् । यस गाउँपालिकामा धेरै नदीनालाहरु रहेका छन् । दुर्लुङ खोला, ठोस्ने खोला, टुमुन खोला, बाग्मती नदी, खैरे खोला, देउता खोला आदि महाङ्काल गाउँपालिकाका मुख्य नदीहरु हुन् । गाउँमा भएका नदीनालाहरुको उचित प्रयोग गर्न सक्ने हो भने यस गाउँपालिकामा मत्स्यपालन, तरकारी तथा फलफूल खेतीको राम्रो सम्भावना देखिन्छ । गाउँबासीहरु आर्थिक रुपमा सक्षम हुन सक्छन् ।

### ६.२.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • विकासको गतिविधि सञ्चालन पश्चात सुख्खा पहिरो तथा भूक्षय<br>• नदी कटान<br>• जलश्रोतको उच्चतम् प्रयोग हुन नसक्नु ।<br>• रासयनिक मलको अनियन्त्रित प्रयोगले माटोको गुणस्तर निरन्तर खस्किरहेको छ । | • नदी किनारमा हुने क्षयीकरण जोगाउने चुनौती ।<br>• जलाधार व्यवस्थापना गर्ने चुनौती रहेको ।<br>• विकासको गतिविधिले हुने प्रकोप न्यूनीकरण गर्न चुनौती रहेको । |

### ६.२.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • बायोइन्जिनियरिङ विधिलाई विकासको गतिविधि सँग उपयोग गर्ने ।<br>• जलाधार व्यवस्थापन गरि पर्यटकीय कृयाकलापहरु जस्तै साहसिक खेलहरु आदि सञ्चालन गर्न सकिने । | • जलाधार व्यवस्थापन गरि आयआर्जन वृद्धि गर्न सक्ने अवसर रहेको ।<br>• माछा पोखरीहरु निर्माण गरि मत्स्य पालन लाई व्यवसायिकरण गर्ने अवसर रहेको । |

### ६.२.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

जोखिममा रहेको बस्ती तथा क्षेत्रलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापन मार्फत जोगाउने ।

**उद्देश्य**

१. भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरि उपलब्ध वित्तिय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु ।

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरि उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु।** | |
| **१.१ः** जनसहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरि भूमिको उत्पादकत्व वृद्धि गर्ने । | १. बाटोमुनि भूक्षय रोक्न अम्रिसो लगायत प्राविधिक रूपले उपयुक्त बिरुवाहरू लगाइनेछ ।<br>२. बाँस निगालो जस्ता बिरुवा भएमा बायो इन्जिनियरङ्गमा समेत टेवा पुग्ने बिरुवाहरू लगाइनेछ ।<br>३. कृषियोग्य जमिनलाई पहिरोबाट जोगाउन तटबन्ध गर्ने, ग्याभिन जाली भरिनेछ । |
| **१.२ः** बाह्य र आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा भूसंरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणकालागि स्थानीय निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महाङ्काल गाउँपालिकाको भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ६.२.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- वातावरणीय सन्तुलन कायम भएको हुनेछ ।
- खोला तथा नदी कटानको जोखिम क्षेत्रहरुमा आवश्यक पूर्वाधार निर्माण भएको हुनेछ ।

तालिका १९ : भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रका नतिजा खाका

| *सि.नं* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | वनजन्य उद्योग स्थापना | संख्या | - | ३ | |
| २ | तटबन्ध निर्माण | कि.मि | - | १५ | |

### ६.२.६. अनुमान तथा जोखिम पक्ष

- विकासको गतिविधिमा रोक हुन सक्ने ।
- प्राकृतिक प्रकोप ।

## ६.३. वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.३.१. पृष्ठभूमि

महाङ्काल गाउँपालिका एक ग्रामिण क्षेत्र भएको कारण शहरी क्षेत्रमा जस्तो फोहोर मैला र प्रदुषण कमै मात्रामा हुन्छ । स्थानिय निकायले नै गाउँको फोहोरमैला व्यवस्थापन गर्नको लागि केही कदमहरु भने चालेको पाइन्छ । मानव लासहरु अन्त्यष्टि गर्नको लागि विभिन्न घाटहरुको निर्माण गरेको पाइन्छ । गाउँमा त्रिवेणी घाट, च्यानडाँडा, दुर्लुङ खोला, वैतर्णी घाट, गोटीखेल, च्यानडाँडा, खोरभञ्ज्याङ च्यान, कालेश्वर च्यान आदि घाट तथा च्यानडाँडोको व्यवस्था गरिएको छ ।

### ६.३.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • घरेलु स्तरमा समेत सरसफाइको पूर्ण व्यवस्थापन हुन नसकेको<br>• समुदायमा फोहरमैला व्यवस्थापनकोलागि सम्भावित ठाउँ र तिनको प्राविधिक पक्षको विश्लेषण गर्न नसकिएका<br>• सार्वजनिक स्थलमा शौचालय तथा फोहरमैला व्यवस्थापन हुन नसक्नु<br>• फोहरमैलाको व्यवस्थापनलाई चुस्त र प्रविधिमैत्री बनाउन नसक्नु<br>• गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाइको मूल प्रवाहबाट बाहिर हुनु | • पाखो तथा भिरालो जमिनमा फोहरमैला व्यवस्थापनको लागि भौतिक संरचना बनाउन कठिन हुनु<br>• घरेलु र सामुदायिक क्षेत्रको सरसफाइको व्यवस्थापनमा समुदायको चासो कम हुनु<br>• बस्तीहरूमा शौचालयको सरसफाइमा समेत समस्या हुनु |

### ६.३.३. सम्भावन तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • पातालो बस्ती भएका कारण घरेलु उपाय बाट फोहोरमैला व्यवस्थापन गर्न सकिने सम्भावना रहेको ।<br>• कुहिने फोहोरहरुलाई एकीकृत व्यवस्थापन गरि प्रांगारिक मलको रुपमा प्रयोग गर्न सकिने ।<br>• प्लाष्टिक जन्य फोहोरमैला प्रशोधन गरि स्थानीय स्तरमा उत्पादन हुने दुध, किवि जुस आदिको प्याकेजिङमा प्रयोग गर्न सकिने । | • सरसफाइ र वातावरण बीच सन्तुलन कायम गर्न सकिने<br>• सरसफाइको दिगो विकासकोलागि वैकल्पिक वित्तिय स्रोतको व्यवस्थापन गर्न सकिने तथा सरसफाइको अवस्थामा सुधार गरि विभिन्न संक्रामक रोगहरूको प्रभावबाट समुदायका नागरिकहरूलाई बचाउन सकिने । |

### ६.३.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

पर्यावरण मैत्री, स्वच्छ महाङ्काल गाउँपालिका निर्माण गर्ने ।

**उद्देश्य**

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।

२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| **१.१ः** समुदायका घनाबस्ती भएको ठाउँ र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ ।<br>२. प्रत्येक घनाबस्ती, बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरि फोहरमैला व्यवस्थापन गरिनेछ ।<br>३. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरि विवरण तयार पारिनेछ । |
| **१.२ः** गाउँपालिकामा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. शहरी शहरन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरबृद्धि गरिनेछ ।<br>३. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण गरिनेछ । |
| **उद्देश्य २ः सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।** | |
| **२.१ः** सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच बृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. गाउँ टोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरि सरसफाइ गरिनेछ ।<br>३. फोहरमैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरि फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| **२.२ः** सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनकोलागि जनचेतना सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

महाङ्काल गाउँपालिकाको वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ६.३.५. अपेक्षित उपलब्धि

- गाउँपालिकामा फोहर सङ्कलनको व्यवस्था मिलेको हुनेछ।
- सरसफाइ सुविधा सबैको पहुँचमा भएको हुनेछ।

**तालिका २० : जैविक विविधता संरक्षण क्षेत्रका नतिजा खाका**

| *सि.नं* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | फोहोर विशेषगरि प्लाष्टिक संकलन | स्थान | - | ६ | |
| २ | वातावरण सरसफाई सूचना बोर्ड | स्थान | - | २५ | |
| ३ | डम्पीङ्ग साइट | स्थान | - | ६ | |

### ६.३.६. अनुमान तथा जोखिम पक्ष

- फोहोर व्यवस्थापन सम्बन्धि जनचासो अभिवृद्धि हुनेछ।
- पूर्णरुपमा प्लाष्टिकको प्रयोग प्रतिबन्ध गर्न।

## ६.४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ६.४.१. पृष्ठभूमि

नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठुलो क्षति हुने गरेको छ । मुख्यत: भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर हुनसक्ने कारण नेपाल विपद्को उच्च जोखिममा रहेको छ । यसैगरि कोरोना, हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । महाङ्काल गाउँपालिका क्षेत्र विशिष्ट भौगोलिक बनौट, भिरालोपन, कमजोर चट्टान र प्राकृतिक तथा जलवायु एवम् मानवीय क्रियाकलापबाट सिर्जित विपद्का दृष्टिले जोखिममा रहेको छ । प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनाहरूबाट धनजन तथा विकासका पूर्वाधारहरूको क्षतिले आर्थिक तथा सामाजिक विकासमा ठुलो असर पर्न सक्छ । दुर्गम र कठिन भौगोलिक बनावटका कारण यो क्षेत्रको आधारभूत सेवामा पहुँच कठिन भएको र विकास प्रक्रियाहरूमा वाधा पर्दै आएको छ ।

### ६.४.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • मनसुनी वर्षाले सिर्जना गर्ने बाढी पहिरो र डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतबारी तथा भौतिक पूर्वाधारमा क्षति<br>• विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन र सूचना प्रवाहमा समन्वयको कमि<br>• विपद् हुनु अघि त्यसको तयारी र प्रतिकार्यका क्रियाकलापहरू क्रियाशील हुन नसकिएको अवस्था छ ।<br>• क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानको कमि<br>• स्थानीय स्तरको विपद् सम्बन्धी भरपर्दो तथ्याङ्क अद्यावधिक गर्न नसकिएको | • विकासका नाममा उचित सर्वेक्षण नै नगरि यत्रतत्र डोजर लगाई पूर्वाधार निर्माण गर्नु ।<br>• उद्धार राहात र पुनर्स्थापनाको लागि प्रभावकारी सयन्त्रको कमि हुनु ।<br>• नीति, निर्देशिकाहरूको अभाव हुनु<br>• भएका ऐन नियमको पालना राम्रो सँग नहुनु । |

### ६.४.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • सडक सञ्जाल भएकोले विपद् व्यवस्थापनलाई सहज बनाउन सकिने ।<br>• विपद् व्यवस्थापन तथा न्यूनीकरण गर्न नयाँ प्रविधि, सिकाई विस्तार गर्न सकिने । | • जनसमुदाय तथा विपद् सम्बन्धी जनचेतना अभिवृद्धि हुने खुला क्षेत्रहरूको संरक्षण हुनु<br>• परम्परागत ज्ञान, सीप र स्थानीय स्रोतहरूको दिगो प्रयोग हुने तथा आकर्षक भू-वातावरण सिर्जना हुनु |

### ६.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**प्रमुख लक्ष्य**

विपद्बाट हुने मानवीय, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमि ल्याउने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरि पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।

२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरि महाङ्काल गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।

३. प्रदुषण मुक्त र स्वच्छ वातावरण कायम गर्न मानविय क्रियाकलाप तथा विकास प्रकृयालाई जलवायु अनुकुलित बनाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाँउहरूको पहिचान गरि पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| **१.१ः** विपद् रोकथाम मार्फत् विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. विपद् कोषको स्थापना गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरि एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ । |

| | |
|---|---|
| | ४. विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| **१.२ः** सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथाङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइहरू स्थापना गरिनेछ ।<br>२. गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>३. गाउँपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| **१.३ः** विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकामा कार्यरत निकायहरूले आआफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू समावेश गरि कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/ विपद्को जोखिमलाई न्यूनीकरण गरि गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१ः विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढीपहिरो, चटयाङ, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरि त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरि सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ। |

| | |
|---|---|
| | ४. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| **उद्देश्य ३ः प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।** | |
| **३.१ः** जल तथा मौसम सम्बन्धी सूचना तथा सेवालाई नियमित रूपमा सम्प्रेषण गरि सम्बन्धित संस्था तथा सरोकारवालाहरूलाई जलवायु परिवर्तन न्यून गर्ने कार्यहरूमा परिचालन गर्ने । | १. जलवायु अनुकुलन योजना तयार गर्ने ।<br>२. वातावरण तथा जलवायु परिवर्तन अनुकूलन, वातावरणीय तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।<br>३. मौसम, जलवायु सम्बन्धी सूचना तथा जानकारी उपभोक्ताहरूलाई सजिलै उपलब्ध हुन सक्ने संयन्त्र विकास गरिनेछ ।<br>४. वातावरण प्रदुषण गर्ने बस्तु उत्पादन कम गर्न पुनः प्रशोधन एवम् प्रयोग गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

१. सूचना सङ्कलन, प्रशोधन, विपद् न्यूनीकरण, पूर्व तयारी, पुनर्निर्माणबारे तालिम सञ्चालन

२. ड्याम निर्माण, गल्छि, पहिरो नियन्त्रण, नदी क्षेत्रमा पक्की तटबन्ध निर्माण

३. विपद् व्यवस्थापन कार्यमा प्रयोग हुने आवश्यक भौतिक साधनहरू (प्राथमिक उपचारका साधन, स्ट्रेचर, पर्याप्त राहत सामाग्रीहरू) आदिको व्यवस्था

४. उपयुक्त खाली स्थानहरू पहिचान गरि विपद्का बेला राहत सामग्रीहरू भण्डारण र पीडितहरूलाई आपतकालीन बस्ने संरचनाहरू निर्माण

५. विपद् व्यवथापन सम्बन्धी अन्तक्रिया, गोष्ठी, भेला आदि सञ्चालन

६. पालिका स्तरीय विपद् व्यवस्थापन संस्थागत तथा इकाइ स्थापना

७. जलवायु अनुकुलन सम्बन्धमा बहस पैरवी चलाउने ।

## ६.४.५. अपेक्षित उपलब्धि

- स्थानीय जलवायु अनुकुलन योजना तयार भई लागु भएको हुनेछ ।
- जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरि पूर्व चेतावनी प्रणालीको विकास भएको हुनेछ ।
- गा.पा.मा प्रकोप र विपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना हुनुको साथै आधुनिक उपकरण, बन्दोवस्ती, प्रविधि र दक्ष जनशक्तीको विकासले मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरि महाङ्गाल गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास भएको हुनेछ ।

तालिका २१ : विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता क्षेत्रका नतिजा खाका

| *सि. नं* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | जलवायु अनुकुलन योजना तयार | संख्या | - | १ | |
| २ | उद्धार क्षेत्रहरु तयार भएको | स्थान | - | ६ | |

### ६.४.६. अनुमान तथा जोखिम पक्ष

- प्राकृतिक प्रकोपले क्षति पुऱ्याएको ।
- विपद्को बेलामा आवश्यक पर्ने तालिम प्राप्त जनशक्ति अभाव हुन सक्ने ।
- विपद् व्यवस्थापनको लागि आवश्यक पर्ने सामाग्री अभाव हुन सक्ने ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

## ७.१. संस्थागत विकास तथा सुशासन

### ७.१.१. पृष्ठभूमी

महाङ्काल गाउँपालिकाको यो आवधिक योजना कार्यान्वयन गर्न लगायत सम्पूर्ण विकास निर्माणका कार्यक्रमहरू सही ढङ्गले सञ्चालन गर्न गाउँकार्यपालिकालाई तदनुरूपको कानुनी अधिकार, वित्तिय स्रोत साधनको निश्चितता, आफ्नो कार्यक्षेत्र भित्र गुणस्तरीय मानव संसाधनको उपलब्धता र संस्थागत क्षमता सर्वोपरी महत्वका विषय हुन् ।

नेपालको संविधान भाग १७ मा स्थानीय कार्यपालिकाको कार्यसम्पादन सम्बन्धी व्यवस्था छ । धारा २१४ मा स्थानीय गाउँपालिका तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँ कार्यपालिकामा निहित रहने उल्लेख छ । संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिकाको हुने कुरा पनि जनाइएको छ । धारा २१८ मा गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने उल्लेख छ भने धारा २१९ मा यसदेखि बाहेक स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था संविधानको अधीनमा रही संघीय कानुन बमोजिम हुने कुरा स्पष्ट गरिएको छ । संविधानको अनुसूची-८ मा निम्नलिखित विषयहरूमा गाउँ कार्यपालिकाको अधिकार रहने कुरा जनाइएको छ ।

- गाउँ प्रहरी,
- सहकारी संस्था,
- एफ. एम सञ्चालन,
- स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर),
- सेवा शुल्क दस्तुर,
- पर्यटन शुल्क,
- विज्ञापन कर,
- व्यवसाय कर,
- भूमिकर (मालपोत),
- दण्ड जरिवाना,
- मनोरञ्जन कर,
- मालपोत सङ्कलन,
- स्थानीय सेवाको व्यवस्थापन,
- स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन,
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू,

- आधारभूत र माध्यमिक शिक्षा,
- आधारभूत स्वास्थ्य र सरसफाइ,
- स्थानीय बजार व्यवस्थापन,
- वातावरण संरक्षण र जैविक विविधता,
- स्थानीय सडक, कृषि सडक,
- सिंचाइ,
- गाउँ सभा,
- स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन,
- घर जग्गा धनी पुर्जा वितरण,
- कृषि तथा पशुपालन,
- कृषि उत्पादन व्यवस्थापन,
- पशु स्वास्थ्य,
- सहकारी,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन,
- बेरोजगारको तथ्याङ्क सङ्कलन,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण,
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा,
- विपद् व्यवस्थापन,
- जलाधार,
- वन्यजन्तु,
- खानी तथा खनिज पदार्थको संरक्षण, तथा
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

गाउँपालिकाका यी संविधान प्रदत्त अधिकारहरूको उपभोग बारेको विस्तृत व्याख्या स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ। यिनका अतिरिक्त संविधानको अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि अनेकौं विषयहरू समेटिएका छन्। यी सबै व्यवस्थाहरूका अधीनमा रही महाङ्काल गाउँपालिकाले हालसम्म ४ वटा ऐन, ३ वटा नियमावली तथा ११ वटा कार्यविधिहरू र गरि १८ वटा दस्तावेज तयार गरेको छ।

### ७.१.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • संस्थागत क्षमतामा कमि<br>• प्रशासन, प्रतिनीधि र प्राविधिक कर्मचारीहरुको मनोबल र जवाफदेहिता कमि ।<br>• कर्मचारीहरुको दरबन्दी तथा आवश्यकता अनुसार नियुक्ति नभएको ।<br>• कर्मचारी तथा जन प्रतिनीधिहरुको क्षमता विकास योजना नभएको ।<br>• वृत्ती विकासको व्यवस्था लागू हुन सकेको छैन ।<br>• आवश्यक ठाउँमा सिसि टि.भि. नभएको ।<br>• पावर व्यकअप नभएको । | • योजना बद्ध व्यवस्थित तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना गर्न समस्या ।<br>• कर्मचारीहरु लाई लामो समयसम्म टिकाउन ।<br>• सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचना बदल्नु ।<br>• शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु ।<br>• विकास निर्माणका कार्यहरु समयमै गुणस्तीय ढङ्गले सम्पन्न गर्नु । |

### ७.१.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • विद्युतीय प्रणालीमा आधारित सेवा प्रवाह गर्न सकिने ।<br>• न्यायिक समितिलाई उच्चतम प्रयोग गरि सुशासन कायम गर्न सकिने ।<br>• नवजनप्रतिनिधिलाई तालिम प्रदान गरि स्थानीय सरकार सञ्चालनका लागि पुर्ण क्षमतावान बनाउन सकिने ।<br>• राजस्व सुधार गर्न सकिने ।<br>• सेवा लाई छिटो, छरितो र सजिलो प्रवाह गर्ने वातावरण सिर्जना गर्न सकिने ।<br>• कर्मचारीहरुलाई दण्ड र पुरस्कारको विधि लागु गर्न सकिने । | • सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच अभिवृद्धि हुनु ।<br>• भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकास जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई सेवा ग्राही मैत्री बनाउन सकिनु ।<br>• सेवा प्रदायक संस्थाहरुले सुशासन कायम राखि सेवा प्रवाह गरेकाले छिटो छरितो सेवा प्रवाह गर्न र पारदर्शीता बनाउन सकिनु, |

### ७.१.४. उपक्षेत्रगत, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट महाङ्कालको आर्थिक समाजिक विकास गर्ने ।

### उद्देश्य

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु,
- स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,
- आन्तरिक र वाह्य श्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु,
- योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउनु ।

### रणनीति तथा कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १**: स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउन । | |
| १: स्थानीय शासन तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने | १. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरि नियमपालनामा अभिवृद्धि गरिनेछ ।<br>२. स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरि नियमित अभ्यास गरिनेछ ।<br>३. आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरि टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरि कार्य सम्पादन प्रक्रियामा र उपलब्धिमा जवाफदेहिता वृद्धि गरिनेछ ।<br>४. गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र, गुनासो सुनुवाई संयन्त्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको अभ्यास गरिनेछ ।<br>५. सुशासन तथा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको पालना गरिनेछ र सेवा प्रवाहमा कर्मचारीको मनोबल बढाउन प्रोत्साहनको कार्यक्रम संचालन गरिनेछ । |

| | |
|---|---|
| | ६. सदाचार नीतिको प्रवर्द्धन गरिनेछ र भ्रष्टचार विरुद्ध शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।<br>७. सेवा प्रवाहलाई प्रभावकारी बनाउन e-governance प्रणाली प्रयोग बढाइनेछ । |
| २ः गाउँपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने । | १. गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरि नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>२. वडा तथा गाउँपालिकास्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता (Standard and Norms) को विकास गरि कार्यान्वयन गरिनेछ ।<br>३. गाउँपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ ।<br>४. गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आाधारित संस्था मार्फत नागरिक शिक्षा सञ्चालन गरि स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधा बारे प्रवोधीकरण गरिनेछ ।<br>५. निर्णय प्रक्रियामा नागरिकको दायित्व र अधिकारका सम्बन्धमा आम नागरिकलाई सचेत गराउन नागरिक शिक्षा प्रदान गरिनेछ । |
| **उद्देश्य २ः स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने | १. कार्यपालिका तथा वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन निर्माण गरि कार्यालयको भौतिक क्षमता अभिवृद्धि गरिनेछ ।<br>२. एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधि समेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरुको समेत व्यवस्थापन गरि वडा कार्यालयलाई सेवा केन्दको रुपमा विकास तथा सुदृढ गरिनेछ ।<br>३. सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः वृद्धि गरिनेछ ।<br>४. सेवा प्रवाहको सहजता र सुविधाको लागी सरोकारवालाको समन्वयमा कम्तीमा बर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ ।<br>५. विकास कार्यमा समुदायको सहभागिता वृद्धि गर्न, वडास्तरका आयोजना सञ्चालन गर्न र संचालित आयोजना सञ्चालन प्रक्रिया तथा गुणस्तरमा समुदायको |

| | |
|---|---|
| | निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरि परिचालन गरिनेछ ।<br>६. विकास निर्माण, कृषि तथा पशुपालन, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरि सेवा सञ्चालन गरिनेछ ।<br>७. सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक मैत्री र महिलामैत्री रुपमा निर्माण गरिनेछ ।<br>८. गाउँपालिकाको संस्थागत तथा वित्तिय क्षमता अनुरुप कोभिड लगायत महामारी र विपद् पश्चात राहत तथा सुविधा उपलब्ध गराउने र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सहयोग वितरण एवं व्यवस्थापनमा सहजीकरण गरिनेछ ।<br>९. सूचनाको हक सम्बन्धी ऐनका बारेमा गाउँपालिकाबासीलाई सूसुचित गरिनेछ। |
| २. गाउँकार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने । | १. कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ । सो अनुसार प्रदेश लोक सेवा आयोगमा कर्मचारी पदपुर्तिका लागि नियमित रुपमा माग पेश गर्ने र अत्यावश्यक सेवाका लागि करारमा नियुक्ति गरि सेवा सञ्चालन गरिनेछ ।<br>२. कार्यालयमा एकीकृत सेवा प्रवाहको लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ ।<br>३. संगठन तथा क्षमता विकास रणनीति सहित गाउँपालिकाको विस्तृत क्षमता विकास योजना र कार्यहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।<br>४. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ ।<br>५. सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ ।<br>६. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामुखी र जवाफदेही बनाइनेछ र कार्यसम्पादनमा उत्कृष्ट सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| ३: कार्यविधि निर्माण गरि सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित गर्ने । | १. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा प्रचलित कानून र कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरि कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>२. नियमित कार्यक्रममा समावेश गरि स्वीकृत नीति, ऐन, नियम कार्यविधि बारेमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई अभिुखीकरण गरिनेछ ।<br>३. एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा सञ्जाल निर्माण, क्षमता विकास गरि सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ ।<br>४. गाउँपालिकामा कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरि कार्यान्वयन गरिनेछ ।<br>५. स्वमूल्याङ्कन र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्ययोजना तर्जुमा गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।<br>६. अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले अन्य कर्मचारीसँग कार्य सम्पादन सम्झौता कार्यप्रणालीलाई नतिजामा आधारित बनाइनेछ र उत्कृष्ट काम गर्ने कर्मचारीलाई सम्मान र प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ३: आन्तरिक र बाहृय श्रोत परिचालनमा वृद्धि गर्नु तथा राजस्व प्रणाली सुदृढ बनाउनु ।** | |
| १. आन्तरिक राजस्व वृद्धिमा जोड गर्ने । | १. आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरि प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. नियमित वैठक, तालिम तथा क्षमता विकास गरि राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ वृद्धि गरिनेछ ।<br>३. आन्तरिक र वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित वैठक र छलफल गरिनेछ ।<br>४. माध्यामिक तहको स्थानीय पाठ्यक्रममा कर, शुल्क र दस्तुर सम्बन्धी विषय समावेश गरि पठनपाठन शुरुवात गरिनेछ ।<br>५. राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ ।<br>६. वैज्ञानिक आधार र प्रमाणमा आधारित भई राजस्व स्रोतको संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ७. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरि यसबारे जानकारी र प्रचार प्रसारद्धारा व्यवसाय दर्ता र वार्षिक कर संकलनलाई सहज बनाइनेछ । |
| २. राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरि व्यवस्थित गर्ने । | १. राजस्व शाखालाई थप व्यवस्थित र क्रियाशील बनाउन शाखामा कर्मचारीको व्यवस्था सीप तथा दक्षता अभिवृद्धि गरिनेछ ।<br>२. स्थानीय राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गरिनेछ ।<br>३. सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>४. राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ ।<br>५. वार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरि खर्चको लेखाजोखा र वित्तिय जोखिम न्यूनीकरण गरिनेछ ।<br>६. गाउँपालिकाबासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ ।<br>७. सूचना प्रविधिको उपयोग गरि गाउँपालिकाको बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरि वित्तिय अनुशासन कायम गरिनेछ ।<br>८. विपद्को प्रभावको कारण उत्पादन, उद्यम व्यवसाय, रोजगारी र आयमा परेको नकारात्मक असरलाई मध्यनजर गर्दै आर्थिक ऐनमा व्यवस्था गरि कर छुट तथा सहुलियतको व्यवस्था गरिनेछ ।<br>९. राजस्व शाखामा थप कर्मचारी, भौतिक सुविधा र राजस्व सम्बन्धी ऐन, नियम, कार्यविधि तथा सफ्टवयरको व्यवस्था गरि राजस्व परिचालनलाई थप व्यवस्थित गरिनेछ । |
| ३. सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरि संरक्षण र उपयोग गर्ने । | १. स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरि संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि समोचित व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| | २. कार्यविधि तर्जुमा गरि गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>३. प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सर्वेक्षण, नक्शाङ्कन र अभिलेखीकरण विवरण अद्यावधिक गरिनेछ र प्रचलित कानून अनुसार परिचालन गरिनेछ । |
| ४. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रद्रेश र संघीय सरकारका निकायहरु सँग साझेदारी विकास गर्ने । | १. निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरि स्रोत परिचालनमा अभिबृद्धि गरिनेछ ।<br>२. स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित वैठक, छलफल र संचार गरिनेछ ।<br>३. निजी क्षेत्रलाई कर परामर्श सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ४: योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु ।** | |
| १. योजना व्यवस्थापन प्रक्रिया लाई सरल, सूचना प्रविधि तथा नागरिकमैत्री र पारदर्शी बनाउने । | १. आयोजना वैंक सम्बन्धी कार्यविधि तयार गरि आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाको आधारमा गाउँपालिकामा आयोजना वैंक तयार गरिनेछ ।<br>२. कार्यविधि तयार गरि विस्तृत संभाव्यता अध्ययन भएका वा डिपिआर तयार भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>३. आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरि कार्यान्वयन गरिनेछ ।<br>४. पुर्वाधार विकास गर्दा अपाङ्ग तथा बालमैत्री अवधारणा लागु गरिनेछ ।<br>५. आयोजना तथा कार्यक्रमको अनुगमन, सार्वजनिक सुनुवाई तथा समग्र कार्यक्रमको सामाजिक आर्थिक उपलब्धिको लेखाजोखा समेत सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभावकारी बनाइनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने । | १. योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>२. आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ । |

| | |
|---|---|
| | ३. आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>४. एकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरि बार्षिक कार्यान्वयन योजना तयार गर्ने सो अनुसार बार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।<br>५. रु. ५० लाख भन्दा माथिको लागतका आयोजनाहरुको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>६. स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधि अनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, बार्षिक, मद्यावधी र आवधिक रुपमा प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र बार्षिक समिक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने | १. गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरि नियमित वैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ ।<br>२. गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ ।<br>३. टोल विकास संस्था गठन गरि सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ ।<br>४. सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरुको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकासको प्रक्रियामा परिचालन गरिनेछ ।<br>५. गाउँपालिका क्षेत्र भित्रका नवप्रवर्तन, सीप, अध्ययन, कला, भाषा, संस्कृति, उद्यम व्यवसाय आदि क्षेत्र प्रतिभालाई संरक्षण र प्रोत्साहन गरिनेछ ।<br>६. सेवा प्रदायक कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि सेवाकालिन तालिम संचालन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

१. सेवाप्रवाह, संस्थागत विकासजस्ता पक्षमा क्रमश आधुनिकीकरण गर्दै जान संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

२. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।

३. जनप्रतिनिधिहरुलाई स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार गर्नुपर्ने कार्यहरुबारे ३ दिने आवासिय तालिम प्रदान गरिनेछ ।

४. तेश्रो वर्ष पुनः स्थानीय तहको अधिकार र जनप्रतिनिधिहरुको काम, कर्तव्य र अधिकार सम्बन्धि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।

### ७.१.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- गाउँपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ ।
- सेवाप्रवाहमा विद्युतीय प्रविधिको प्रयोग भएको हुनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।

**तालिका २२ : जैविक विविधता संरक्षण क्षेत्रका नतिजा खाका**

| *सि.नं* | *सूचक* | *एकाई* | *आधार वर्षको अवस्था* | *आवधिक योजनाको अन्त्यको स्थिति* | *पुष्ट्याईको आधार* |
|---|---|---|---|---|---|
| १ | राजश्व प्रणालीमा सुधार | संख्या | - | सबै कार्यालय | |
| २ | नागरिक बडापत्र | संख्या | - | सबै कार्यालय | |
| ३ | सेवा प्रवाह छिटो छरितो | संख्या | - | सबै कार्यालय | |
| ४ | सेवा प्रवाहमा संस्थागत दक्षता अभिवृद्धि | संख्या | | सबै कार्यालय | |

### ७.१.६. अनुमान तथा जोखिम पक्ष

- विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्दा सबै उमेर समुह तथा क्षेत्रलाई सहजता नहुन सक्छ ।
- सेवाकालिन अवधिमा कर्मचारीहरु छिट्टै सरुवा हुने छैनन् ।

# परिच्छेद ८ : कार्यान्वयन व्यवस्था

## ८.१. पृष्ठभूमी

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न बागमती प्रदेश सरकारले निर्माण गर्ने लक्ष्यका साथ प्रदेशको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरेको छ । योजनाबद्ध विकासकालागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ । त्यसैले महाङ्काल गाउँपालिकाले पनि पन्ध्रौं योजना तथा बागमती प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती प्रदेशको योजना निर्माणलाई मार्गनिर्देश गर्न नीति तथा योजना आयोगले "बागमती प्रदेशको स्थिति पत्र, २०७६" प्रकाशमा ल्याइसकेको छ । स्थितिपत्रले सुझाएका विभिन्न सवालहरू र विभिन्न सरोकारवाला संघसंस्था तथा व्यक्तिहरूको सुझाव समेत समेटी प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजना प्रकाशनमा ल्याएको छ र सोहि आधारमा महाङ्काल गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना तयार पारिएको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरि उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

## ८.२. संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

### ८.२.१. कार्यालय, जनशक्ति तथा सेवा व्यवस्थापन

**सोच**

सुविधायुक्त कार्यालय र सक्षम जनशक्तिमार्फत गाँउ प्रशासनलाई जनमैत्री र प्रतिस्पर्धी बनाउने ।

**प्रमुख लक्ष्य**

- गा. पा. प्रशासन सञ्चालनका लागि दरबन्दीअनुसारको पूर्ण जनशक्ति व्यवस्थापन गर्ने ।
- सेवा कार्यालयहरु एकीकृत भवनबाट प्रदान गर्ने गरि व्यवस्थापन गर्ने ।

**उद्देश्य**

- पूर्ण र सक्षम जनशक्तिको माध्यमबाट जनताका सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्ने ।
- नागरिकहरुको सोच, गुनासो, सुझाव तथा वडा कार्यालयका सूचनाहरु प्रशासनलाई सहज प्राप्त हुने व्यवस्था मिलाउने ।

**रणनीति तथा कार्यनीति**

- वडा कार्यालयहरुको भवन निर्माण गर्दा एकीकृत सेवा प्रवाह गर्ने गरि निर्माण गर्ने ।
- गा.पा. को कार्यविभाजन नियमावलीको पुर्ण रुपमा परिपालना, अनुगमण तथा मुल्याङ्कन गर्ने ।

- कर्मचारी प्रशासनलाई पर्याप्त, सक्षम र प्रभावकारी बनाउन सांगठनिक संरचना अनुसारको कर्मचारी आपूर्ति गर्न विशेष योजना बनाइ लागु गर्ने ।
- कर्मचारीहरुको क्षमता विकास तथा वृत्ति विकासमा विशेष योजनाहरु लागु गर्ने ।
- जनप्रतिनिधिलाई विषयगत कार्य विभाजन गरि जिम्मेवारी तोक्ने र सो को क्षमता विकासका लागि तालिम प्रशिक्षण भ्रमण लगायतका अवसरहरु प्रदान गर्ने ।
- गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने ।
- निश्चित विधि विकास गरि सार्वजनिक सेवाको सन्तुष्टी मापन गर्ने ।

**प्रमुख नतीजा**

- गा.पा. को विषयगत समिति तथा शाखाहरु प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ ।
- आगामी २ वर्षभित्र पालिका तथा सबै वडा कार्यालयहरुको सुविधायुक्त भवन व्यवस्थापन भइसक्नेछ ।

**प्रमुख कार्यक्रमहरु**

- कर्मचारी व्यवस्थापन
- सेवा व्यवस्थापन
- कार्यालय व्यवस्थापन
- क्षमता विकास कार्यक्रम
- तहगत सम्बन्ध तथा समन्वय

### ८.२.२. सूचना प्रविधि तथा प्रशासकीय सुशासन

**सोच**

आधुनिक सूचना प्रविधिसहितको प्रशासकीय सुशासन विकास गर्ने ।

**प्रमुख लक्ष्य**

सुशासनका सूचकहरुमा आधारित प्रशासकीय सुशासन प्रणाली विकास गर्ने ।

**उद्देश्य**

सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

**रणनीति तथा कार्यनीति**

- प्राविधिकहरुले गर्ने लगत ईस्टिमेटहरुमा सूचना प्रविधिको प्रयोग गर्ने ।
- गा.पा. को प्रोफाइललाई वार्षिक रुपमा अद्यावधिक गर्ने ।
- कम्तीमा वार्षिक रुपमा सेवाको गुणस्तर मापन गर्ने ।
- क्षमता विकास तथा अभिमुखिकरण तालिम दिने ।

- समिति तथा शाखाहरुलाई सक्षम र प्रतिस्पर्धी बनाउने ।

**प्रमुख नतीजा**

- डिजिटल प्रशासनिक सेवा सञ्चालन हुनेछ ।
- गा.पा.को वेबसाइट समय समयमा अद्यावधिक भएको हुनेछ ।
- गा. पा. प्रोफाइल वार्षिक अद्याावधिक हुनेछ ।
- नियमित तथा चौमासिक सूचना प्रवाहको संयन्त्र क्रियाशील हुनेछ ।

**प्रमुख कार्यक्रमहरु**

- सुचना तथा प्रविधि विस्तार
- प्रशासनिक व्यवस्थापन

## ८.२.३. पारदर्शीता र जवाफदेहिता

**सोच**

पारदर्शी, जवाफदेही र जनविश्वासी गाँउपालिका विकास गर्ने ।

**प्रमुख लक्ष्य**

वार्षिक लेखाजोखामा गाँउपालिकाले पारदर्शीता र जवाफदेहिताका सूचकहरुको उत्कृष्ट स्तर हासिल गर्ने ।

**उद्देश्य**

- उत्कृष्ट सेवामार्फत गाँउपालिकालाई सक्षम र जनउत्तरदायी बनाउने ।

**रणनीति तथा कार्यनीति**

- वडा तथा विषयगत कार्यालय र हरेक योजनाहरुको सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण अनिवार्य रुपमा गर्ने गराउने साथै ठुला आयोजनाहरुको सूचना बोर्ड राख्ने ।
- वार्षिक योजनाहरुको नियमित समिक्षा चौमासिक रुपमा गर्ने ।
- रणनीतिक योजनाको मध्यावधि समिक्षा दोस्रो र चौथो वर्षमा गर्ने ।
- रणनितिक योजनाको अन्तिम मूल्याङ्कन पाँचौ वर्षमा गर्ने ।
- प्राकृतिक श्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहबीच राजश्वको बाँडफाड गर्ने
- आधार अनुसार (जनसंख्या तथा जनसंख्यिक विवरण, क्षेत्रफल, मानव विकास सुचकाङ्क, खर्चको
- आवश्यकता, राजश्व संकलनमा गरेको प्रयास, पुर्वाधार विकास, विशेष अवस्था आदि ) बजेट विनियोजन गर्ने ।

**प्रमुख नतीजा**

- कार्यविधिले निर्धारण गरेअनुसारको लक्ष्यमा सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा नियमित अनुगमन सम्पन्न हुनेछ ।

**प्रमुख कार्यक्रमहरु**

- सार्वजनीक सुनुवाई तथा सामाजीक परिक्षण
- योजना, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन
- लेखापरीक्षण
- सन्तुष्टी मापन

### ८.२.४. सामुदायिक तथा गैरसरकारी संस्था व्यवस्थापन

**सोच**

सामुदायिक तथा गैरसरकारी संस्था परिचालनमार्फत आर्थिक-सामाजिक रूपान्तरणमा योगदान पुर्याउने ।

**प्रमुख लक्ष्य**

सामुदायिक गैरसरकारी संस्थाहरुको स्रोतमार्फत आर्थिक समृद्धिका नमुना कार्यक्रमहरु सञ्चालन गर्ने ।

**उद्देश्य**

- सामुदायिक तथा गैरसरकारी संस्थाहरुलाई सामाजिक सचेतीकरण तथा आर्थिक समृद्धि प्राप्तिका लागि परिचालन गर्ने ।
- स्थानीय समूहको कोषलाई एकीकृत गरि दिगो व्यवस्थापन गर्ने ।
- गैससहरुको प्रभावकारी परिचालन गर्ने ।

**रणनीति तथा कार्यनीति**

- गा. पा. को आवधिक लक्ष्यमा सघाउ पुग्नेगरि संस्थाको दीर्घकालीन योजना बनाउन प्रेरित गर्ने ।
- सबैखाले संस्थालाई आफ्नो विषयगत क्षेत्रमा विशिष्ट पहिचान र दक्षता अभिवृद्धि गर्ने ।
- गरिबसँग विशेश्वर कार्यक्रमलाई अन्य गरिबी निवारणका कार्यक्रमसँग समन्वय गरि चरम गरिबी भएका परिवारमा कार्यक्रम सञ्चालन गर्ने ।
- गरिबी निवारण कोष ग्रामिण स्वालम्बन कोष र युवा स्वारोजगार कोषहरुबाट संचालित अनुदान र ऋणको कार्यक्रमहरु समन्वयात्मक रुपमा सञ्चालन गर्ने ।

**प्रमुख नतीजा**

- उद्देश्य, कार्यक्रम र दक्षताको आधारमा एकद्धार प्रणालीमार्फत गैर सरकारी संस्थाहरु परिचालन हुनेछन् ।

- विशिष्ठिकृत सेवामार्फत गैसस क्षेत्रको लगानी पारदर्शी, प्रभावकारी र नतिजामुखी बन्नेछ ।
- लक्षित वर्ग तथा समुदायको सशक्तिकरण र मूलप्रवाहिकरणमा विशेष सहयोग पुग्नेछ ।

**प्रमुख कार्यक्रमहरु**

- सामाजिक संस्था व्यवस्थापन
- गैसस साझेदार

## ८.३. विषयक्षेत्र अनुसार अनुमानित बजेट

गाँउपालिकाको आवधिक क्षेत्रगत विकासका कार्यक्रमहरुलाई मुख्य ३४ वटा शीर्षकहरुमा विभाजन गरिएको छ । मुख्यतया पाचँवटा शिर्षकहरु गरि कूल रकम रु २ अर्ब ५६ करोड ५४ लाख ९० हजार रुपैंया बारबरको योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ। उक्त प्रस्तावित कूल रकम र विषयगत क्षेत्रका योजना तथा कार्यक्रमहरुको एकमुष्ठ विवरण तल चित्रमा देखाईएको छ। कूल योजना मद्दये सबै भन्दा धेरै करिब ४८.९२ प्रतिशत योजना तथा कार्यक्रमहरु पूर्वाधार विकास क्षेत्र तर्फ रहेको छ भने सबै भन्दा न्यून योजना तथा कार्यक्रमहरु संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फको रहेको छ ।




चित्र: क्षेत्रगत आवाधिक लागनी

### ८.३.१. योजनाहरुको प्राथमिकिकरणका आधार

स्थाानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४/३ बमोजिम निम्न आधारहरुमा वडा तथा बस्तीबाट आएका योजनाहरुको प्रामथमिकीकरण गरिएको छ ।

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्येक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताा अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो, विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने,
- समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशिल (Resilience) बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु,

**तालिका २३ : महाङ्काल गाँउपालिकाको आवधिक क्षेत्रगत बजेटको क्षेत्रगत खर्च अनुमान (बजेट रु. लाखमा)**

| सि.न | क्षेत्र | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | जम्मा |
| १ | आर्थिक विकास क्षेत्र | ९६०२१००० | १०६६९०००० | १०६६९०००० | १०६६९०००० | ११७३५९००० | ५३३४५०००० |
| २ | सामाजिक विकास क्षेत्र | ६८८७३४०० | ७६५२६००० | ७६५२६००० | ७६५२६००० | ८४१७८६०० | ३८२६३०००० |
| ३ | पूर्वाधार विकास क्षेत्र | २२५९१९८०० | २५१०२२००० | २५१०२२००० | २५१०२२००० | २७६१२४२०० | १२५५११०००० |
| ४ | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ६८४५५८०० | ७६०६२००० | ७६०६२००० | ७६०६२००० | ८३६६८२०० | ३८०३१०००० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २५१८२०० | २७९८००० | २७९८००० | २७९८००० | ३०७७८०० | १३९९०००० |
| जम्मा | | ४६१७८८२०० | ५१३०९८००० | ५१३०९८००० | ५१३०९८००० | ५६४४०७८०० | २५६५४९०००० |
| जम्मा प्रस्तावित पुजीँगत खर्च | | ३९१३१८५११ | ४२१६०२५८२ | ४५४४५५६१९ | ४९००५३६९१ | ५२८५६६६९८ | २२८५९९७०१ |

अपुग रकम करिव २७ करोड

तालिका २४ : महाङ्काल गाँउपालिकाको मुख्य कार्यक्रम र कार्यतालिका र वजेट अनुमान (बजेट रु. लाखमा)

| उदेश्य नम्बर | कार्यक्रम तथा आयोजना | योजना | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | स्थानगत तथा कार्यक्रम बिवरण | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | | |
| | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | | |
| क | आर्थिक विकास क्षेत्र | | | | | | | | | |
| १ | कृषि र पशुपन्छी विकास | २६ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | |
| २ | पर्यटन विकास | ११ | ४०५०० | ९३००० | ६०५०० | ९८५०० | १००५०० | २३३००० | | |
| ३ | लघु उद्यमशिलता विकास र स्व–व्यवसाय प्रवर्धन | ७ | ७०० | २७०० | ७०० | ७०० | २७०० | ७५०० | | |
| ४ | वित्तिय संस्था र सहकारी क्षेत्र परिचालन | ६ | ४५० | ९५० | ३०० | ३०० | ३०० | २३०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | उद्योग, वाणिज्य तथा आपुर्ती | ९ | ४३०० | १५७०० | १४४०० | ६४०० | ४६०० | ४५४०० | | |
| ६ | खाद्य सुरक्षा र गरिवी निवारण | ६ | १५३० | १५३० | १४८० | १४८० | १५३० | ७५५० | | |
| 7 | सिंचाइ तथा जलस्रोत | ५ | ४३३० | ८६६० | ८६६० | १०८२५ | १०८२५ | ४३३०० | | |
| ख | **सामाजिक विकास क्षेत्र** | | | | | | | | | |
| १ | जनसङ्ख्या तथा बसाइँसराइ | ७ | ३८० | ६६० | ४६० | ६३० | ५६० | २६९० | | |
| २.० | शिक्षा | १३ | ८३०० | ३४४०० | १२९०० | २८२५० | २८१५० | ११२००० | | |
| ३.० | खानेपानी, सरसफाई र स्वच्छता | ८ | ३१९० | ५०४० | ५१९० | ५१७० | ५१७० | २३७६० | | |
| ४.० | स्वास्थ्य र पोषण | ९ | १०४८० | १४८०० | ६२०० | १२८८० | ४२०० | ४८५६० | | |
| ५.० | महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.१ | महिला | २ | २०२ | २०२ | २०२ | २०२ | १२०० | १००० | | |
| ५.२ | बालबालिका | ४ | ३१३४ | ३१३४ | ३१३४ | ३१३४ | ६१३४ | १८६७० | | |
| ५.३ | ज्येष्ठ नागरिक | ४ | २४० | ६४० | ४४० | ६४० | ४४० | २४०० | | |
| ५.४ | अपाङ्गता | ५ | २५० | ३५० | २५० | २५० | २५० | १३५० | | |
| ६.० | युवा तथा खेलकुद | ३ | १०० | ५५००० | ५५००० | ३०००० | ३०००० | १७०१०० | | |
| ७.० | समाजिक सुरक्षा तथा संरक्षण | २ | ४०० | ४५० | ४०० | ४०० | ४५० | २१०० | | |
| ग | पूर्वाधार विकास क्षेत्र | | | | | | | | | |
| १ | ऊर्जा | ३ | ३६०१ | ३६०१ | ३६०१ | ३६०१ | २१६०० | १८००० | | |
| २.० | यातायात पूर्वाधार | ३२ | १७३६८० | ३५०५२० | १९३२०० | २१९२०० | १९३२०० | ११२९८०० | | |
| ३.० | आवास तथा बस्ती विकास | ९ | १२७४२ | ९६४४ | २५७४३ | २८६४१ | ९९८०० | ८८२०० | | |
| ४.० | सञ्चार तथा सुचना प्रविधि | ४ | ६० | ११६० | ५०० | ० | ५०० | २२२० | | |
| ५.० | फोहोर मैला तथा ढल निकाश | ७ | २०८० | १२० | १५० | ८७९० | ५७५० | १६८९० | | |
| घ | वन वातावरण र विपद् व्यवस्थापन | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.० | जलवायु परिवर्तन अनुकुलन | ७ | १८०० | १९०० | ४४५० | ३९०० | ८०० | १२८५० | | |
| २.० | विपद् व्यवस्थापन | ६ | १२६९० | १२६६० | १२७२० | १२७३० | १२०६० | ६२८६० | | |
| ३.० | वन तथा भू-संरक्षण | ३ | ६१००० | ६१००० | ६०३०० | ६१००० | ६१३०० | ३०४६०० | | |
| ङ | संस्थागत विकास | | | | | | | | | |
| १.० | सेवा प्रवाह तथा सुशासन | ८ | ६०० | ६५० | ६२० | ५०० | ४५० | २८२० | | |
| २.० | मानव संसाधन तथा संस्थागत क्षमता विकास | १ | २० | २० | २० | २० | २० | १०० | | |
| ३.० | तथ्याङ्क प्रणाली | ४ | ६०० | ८०० | ० | ० | ० | १४०० | | |
| ४.० | शासकीय सुधार | ४ | २८० | २८० | २८० | २८० | २८० | १४०० | | |
| ५.० | प्रशासकीय सुशासन | २ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| ६.० | वित्तीय सुशासन | २ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| ७.० | भ्रष्टाचार निवारण | ५ | २४० | १९० | २४० | १९० | १९० | १०५० | | |
| ८.० | सुरक्षा | ४ | २३० | १३० | ८० | ८० | ८० | ६०० | | |
| ९.० | मानव अधिकार | ३ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| १०.० | संघीय शासन प्रणाली | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११.० | स्थानीय तहको सन्तुलित विकास | ३ | ९० | ९० | ९० | ९० | ९० | ४५० | | |
| १२.० | योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | ५ | ४४० | ३९० | १४० | १४० | १४० | १२५० | | |
| १३.० | आयोजना बैंक निर्माण | ६ | ५६० | २७० | ७० | ७० | ७० | १०४० | | |
| १४.० | योजना कार्यान्वयन गर्न अन्तरसरकार समन्वय | ४ | ७६ | ७६ | ७६ | ७६ | ७६ | ३८० | | |
| १५.० | अनुगमन तथा मूल्याङ्कन | १ | ५० | ५० | ५० | ३० | २० | २०० | | |

## ८.४. स्रोत अनुमान तथा प्रक्षेपण

माथिका वृद्धिदर अनुमान र महाङ्गाल गाँउपालिकाको लागि गत आ.व. २०७५।७६ तथा २०७६।७७ मा यस गाँउपालिकालाई प्राप्त बजेट समेतको अनुमानको आधार आगामी ५ वर्षको आम्दानी तथा खर्च प्रक्षेपण गरिएको छ। आय प्रक्षेपण गर्दा खुद विकास कार्यमा लगानी गर्न उपयोग हुन सक्ने बजेट तथा कार्यक्रमको शिर्षकहरुलाई मात्र समावेश गरिएको छ। गाँउपालिकाको कर्मचारी व्यवस्थापन, तलब भत्ता, जेष्ठ नागरिक भत्ता जस्ता राज्यका अनिवार्य दायित्वका रकमहरु जसरी आँउछ त्यसरी नै खर्च हुने हुँदा यसमा समावेश गरिएको छैन। यसर्थ बजेट कार्यक्रम प्रक्षेपण गर्दा वित्तिय समानीकरण अनुदान र शशर्त अनुदान (संघिय तथा प्रादेशिक) लाई आयको प्रमुख स्रोत मानीएको छ भने आन्तरिक आम्दानी तथा राजश्व बाँडफाँडको आयलाई गाँउपालिकाको चालु तथा प्रशासनिक खर्च हुने मानी प्रक्षेपण गरिएको छ। सो को आधारमा गाँउपालिकाको आ.व. २०७८/०७९ देखि २०८२/०८३ सम्मको कुल आम्दानी बजेट रु. ४ अबई ३४ करोड ५ लाख ३८ हजारको प्रक्षेपण गरिएको छ। यो रकम संघिय र प्रदेशले साविकमा दिँदै आएको शशर्त, वित्तिय समानीकरण तथा राजश्व बाँडफाँडबाट प्राप्त हुन सक्ने अनुमानित बजेट बाहेकको थप नपुग बजेट हो। यसका लागि थप दातृ निकाय, विशेष कोषको लागि प्रदेश र संघमा कार्यक्रम पेश गर्ने, नीजिक्षेत्र तथा सहकारी संस्था परिचालन गर्ने, प्राकृतिक श्रोतबाट आन्तरिक आय बढाउने जस्ता उपायहरु अवलम्बन गर्ने छ। यसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### ८.४.१. कानुनी आधार

नेपालको संविधानको धारा ५९ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने सम्बन्धमा संवैधानिक व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चान ऐन २०७४ को दफा २४ ले स्थानिय निकायको आफ्नो अधिकारक्षेत्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था समेत गरेको छ। संविधानको उक्त व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन अनुसार महाङ्गाल गाँउपालिकाको लागि ५ वर्षे रणनीतिक योजना कार्यान्वयन गर्न निम्न कानुनी आधारहरु लिइएको छ:

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर-सरकारी वित्त व्यवस्थापन सम्बन्धी ऐन २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
- संघीय आर्थिक कार्यविधि ऐन २०७५
- विकास सहायता नीति २०७१
- सार्वजनिक खरिद ऐन २०६३
- वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यमकालीन खर्च संरचना समेत) तर्जुमासम्बन्धी मार्गदर्शन २०७४

### ८.४.२. श्रोत अनुमानका क्षेत्रहरु

नेपालको संविधान २०७२ को दफा ६० ले राजश्व श्रोतको बाँडफाँड हुने व्यवस्था गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ४ दफा ८,९,१० र ११ बमोजिम यस महाङ्काल गाँउपालिकालाई प्राप्त हुनसक्ने आर्थिक श्रोतहरु निम्न तालिकामा प्रस्तुत गरिएको छः

**तालिका २५ : गाँउपालिकालाई प्राप्त हुने बजेटको स्रोत तथा शीर्षकहरुको विवरण**

| सि.न. | श्रोत | शीर्षकहरु |
|---|---|---|
| १ | नेपाल सरकार | वित्तिय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| २ | प्रदेश सरकार | वित्तिय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| ३ | राजस्व बाँडफाँड | मूल्य अभिबृदि कर, आन्तरिक उत्पादनमा लागेको अन्तशुल्कको रकम, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडबाट प्राप्त रकम |
| ४ | आन्तरिक आम्दानी | एकीकृत सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, सेवा शुल्क, दस्तुर, गैर कर आदि |
| ५ | अन्तर स्थानीय तह लगानी | फोहोर प्रशोधन केन्द्र निर्माण बजेट आदि |
| ६ | वैदेशिक स्रोत | नेपाल सरकारबाट स्वीकृति प्राप्त कार्यक्रमका रकमहरु |
| ७ | जनसहभागिता | विकास निर्माणमा उपभोक्ताबाट सङ्कलित रकम |
| ८ | आन्तरिक ऋण | आयोगको मापदण्ड बमोजिम स्वदेशी वित्तिय संस्थाबाट लिएको ऋण |

### ८.४.३. वृद्धिदर अनुमानको आधार

विगत पाँच वर्ष यताको कुल बजेटको आकारसँगै स्थानीय तहमा विनियोजन हुने बजेटको अंश निरन्तर वृद्धि भइरहेको छ। महाङ्काल गाँउपालिकाको आगामी आ.व.को लागि अनुमानित आय तथा व्यय तयार गर्नका लागि विगत पाँच वर्षमा भएको कुल बजेटको बढोत्तरी तथा कुल बजेटमध्ये स्थानीय तहमा भएको बजेटको अंशमा भएको बढोत्तरीलाई आधार मानी हाल विनियोजित बजेट तथा खर्चमा सरदर २० प्रतिशत वृद्धि गरि अनुमान गरिएको छ। वृद्धिदर अनुमानको आधारका लागि विगत पाँच वर्षको कुल बजेट तथा स्थानिय तहमा विनियोजन भएको अंशको तुलनात्मक विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः।

क. कुल राष्ट्रिय बजेटको वृद्धिदर

तालिका २६ : बजेट वार्षिक वृद्धिदरको आधार

| आ.व. | कुल राष्ट्रिय बजेट रु लाखमा | पछिल्लो आ.व.मा भएको वृद्धि रु लाखमा | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७३/७४ | १०५१०००० | | |
| २०७४/७५ | १२७९०००० | २२८०००० | २१.७ |
| २०७५/७६ | १३१५१६०० | ३६१६०० | २.८ |
| २०७६/७७ | १५३२०००० | २१६८४०० | १६.५ |
| २०७७/७८ | १४७००००० | -६२०००० | -४.० |

ख. कुल बजेटमध्ये स्थानीय तहको बजेटमा वृद्धि दर

तालिका २७ : स्थानीय तहको बजेट वृद्धिदरको आधार

| आ.व. | बजेट रु लाखमा | पछिल्लो आ.व.मा भएको वृद्धि रु | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७४/७५ | ४४२२.६१ | | |
| २०७५/७६ | ४७५३ | ३३०.३९ | ७.५ |
| २०७६/७७ | ५६९७.१८ | ९४४.१८ | १९.९ |
| २०७७/७८ | ६६०७.५ | ९१० | १६.० |
| २०७८/७९ | ७२१८ | ६११ | ९.२४ |
| २०७९/८० | ७८८५ | ६६७ | ९.२४ |
| २०८०/८१ | ८६१४ | ७२९ | ९.२४ |
| २०८१/८२ | ९४१० | ७९६ | ९.२४ |
| २०८२/८३ | १०२७९ | ८६९ | ९.२४ |
| जम्मा (७८/७९-८२/८३) | ४३४०५ | | |

## तालिका २८ : महाङ्काल गाँउपालिकाको आवधिक आम्दानी बजेट अनुमान (बजेट)

| सि.न | आम्दानी विवरण | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | जम्मा |
| १ | वित्तिय समानिकरण अनुदान (संघ) | ८८८७२००० | १०२२०२८०० | ११७५३३२२० | १३५१६३२०३ | १५५४३७६८३.५ | ५९९२०८९०६.५ |
| २ | राजश्व बाँडफाँड (संघ) | ५९५५६१६६.३१ | ६८४८९५९१.२५ | ७८७६३०२९.९४ | ९०५७७४८४.४३ | १०४१६४१०७.१ | ४०१५५०३७९ |
| ३ | वित्तिय समानिकरण अनुदान (प्रदेश) | १३०५४३९७.५ | १५०१२५५७.१३ | १७२६४४४०.६९ | १९८५४१०६.८ | २२८३२२२२.८२ | ८८०१७७२४.९३ |
| ४ | राजश्व बाँडफाँड (प्रदेश) | १७६४८७६२.५ | २०२९६०७६.८८ | २३३४०४८८.४१ | २६८४१५६१.६७ | ३०८६७७९५.९२ | ११८९९४६८५.४ |
| ५ | सर्शत अनुदान (संघ) | १७४४८३७५० | १८३२०७९३७.५ | १९२३६८३३४.४ | २०१९८६७५१.१ | २१२०८६०८८.६ | ९६४१३२८६१.६ |
| ६ | आन्तरिक आम्दानी (राजश्व) | ४८३०००० | ५०७१५०० | ५३२५०७५ | ५५९१३२८.७५ | ५८७०८९५.१८८ | २६६८८७९८.९४ |
| ७ | सघंबाट प्राप्त समपुरक अनुदान | १९८३७५०० | २२८१३१२५ | २६२३५०९३.७५ | ३०१७०३५७.८१ | ३४६९५९११.४८ | १३३७५१९८८ |
| ८ | प्रदेशबाट प्राप्त समपुरक अनुदान | १४८३७१२७.५ | १७०६२६९६.६३ | १९६२२१०१.१२ | २२५६५४१६.२९ | २५९५०२२८.७३ | १०००३७५७०.३ |
| ९ | सर्शत अनुदान (प्रदेश) | २५६९६८०७.५ | २६९८१६४७.८८ | २८३३०७३०.२७ | २९७४७२६६.७८ | ३१२३४६३०.१२ | १४१९९१०८२.५ |
| १० | संघबाट विशेष अनुदान | ० | ० | ० | ० | ० | ० |
| ११ | प्रदेशबाट विशेष अनुदान | ३९६७५०० | ४५६२६२५ | ५२४७०१८.७५ | ६०३४०७१.५६३ | ६९३९१८२.२९७ | २६७५०३९७.६१ |
| १२ | बचत (अल्या रकम) | ० | ० | ० | ० | ० | ० |
| १३ | अन्य क्षेत्र (जि.स.स, सडक बोर्ड आदि) | ४२२६२५०० | ४४३७५६२५ | ४६५९४४०६.२५ | ४८९२४१२६.५६ | ५१३७०३३२.८९ | २३३५२६९९०.७ |
| | जम्मा | ४६५०४६५११.३ | ५१००७६१८२.३ | ५६०६२३९३८.६ | ६१७४५५६७४.७ | ६८१४४९०७८.६ | २८३४६५१३८५ |

**खर्च तर्फः**

त्यसै गरि खर्च तर्फ चालु शिर्षकमा खर्चको सिमालाई नबढाई औसत रुपमा आम्दानीको प्रक्षेपित वृद्धि जस्तै चालु खर्चलाई पनि औसत १७ प्रतिशतको वृद्धि हुने अनुमान गरिएको छ। यसरी आगामी पाचँ आर्थिक वर्षकोलागि औसत २० प्रतिशतले हुने विृद्धिको आधारमा कूल चालु खर्च रकम रु ५४ करोड ८६ लाख खर्च प्रस्तावित गरिएको छ। पुजीँगत खर्च तर्फ भने आगामी ५ वर्षको लागि रकम रु २ अर्ब २८ करोड ५९ लाख प्रस्तावित गरिएको छ। विस्तृत विवरण तल तालिकममा पेश गरिएको छ।

**तालिका २९ : महाङ्गाल गाउँपालिका आवधिक खर्च बजेट अनुमान (बजेट)**

| सि.न | व्यय | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | जम्मा |
| १ | चालु खर्च | ७३७२८००० | ८८४७३६०० | १०६१६८३२० | १२७४०१९८४ | १५२८८२३८०.८ | ५४८६५४२८४.८ |
| २ | पुजीँगत खर्च | ३९१३१८५११.३ | ४२१६०२५८२.३ | ४५४४५५६१८.६ | ४९००५३६९०.७ | ५२८५६६६९७.८ | २२८५९९७१०१ |

## ८.५. स्रोत परिचालन रणनीति

वित्तिय व्यवस्थापन तथा बजेट परिचालनलाई प्रभावकारी बनाउन गा.पा. ले निम्न प्रक्रियाहरु अपनाउने छः

क. ऐन, नियम तथा कार्यविधिहरुको परिपालन निम्न ऐन नियम तथा कार्यविधिहरुको आधारमा वित्तिय प्रणालीलाई व्यवस्थापन गर्नेछ :

- नेपालको संविधान २०७२,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- गाँउपालिका विकास योजना २०७७।७८,
- गाँउपालिकाको वार्षिक नीति तथा बजेट
- वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८
- सार्वजनिक खरीद ऐन २०६३
- सार्वजनिक खरीद नियमावली २०७५

**ख. लेखा व्यवस्थापन तथा बजेट अनुगमन**

कानुनले तोके बमोजिम र रणनीतिक योजनाले परिकल्पना गरे बमोजिमको वित्तिय व्यवस्थापनका लागि गा. पा. ले आवश्यक कर्मचारी व्यवस्थापन वित्तिय व्यवस्थापन नीति तथा संयन्त्र र विद्युतीय प्रविधिलगायतका प्रणालीहरु व्यवस्थापन गर्नेछ ।

**ग. पारदर्शीता र जवाफदेहिता**

आर्थिक पारदर्शीता र जवाफदेहिताका लागि गा. पा. का योजना, प्रगति तथा अनुगमन प्रतिवेदनहरु वेबसाइटमा राख्ने, जनगुनासाहरु लिन र जवाफ दिन सकिने किसिमका एप्लिकेसनको पहुँच विस्तार गर्ने, वार्षिक प्रकाशन गर्ने, मिडिया अनुगमन गराउने तथा आमञ्चार संवाद कार्यक्रमहरु राख्ने योजनाहरु लागु कार्यान्वयन गर्नेछ ।

### ८.५.१. योजना प्रक्रिया

संघ, प्रदेश र स्थानीय तहले तयार गरेका नीति, कार्यक्रम तथा योजनाहरुको अतिरिक्त यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभिलेख प्रणाली र सिकाइ प्रक्रियालाई यस खण्डमा व्यवस्था गरिएको छ । यी व्यवस्थाहरु संघीय तथा प्रादेशिक ऐन, नियमहरु र गाँउपालिकाले तय गरेको नीति, ऐन तथा नियमावलीहरुको आधारमा कार्यान्वयन हुनेछ । गा. पा. को वार्षिक योजना प्रक्रियालाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले मार्गदर्शन गर्नेछ । उक्त मार्गदर्शनभित्र रही निम्नअनुसार योजना तर्जुमा हुनेछः

**क. योजना छनौटका तह**

- संघ संस्था तहः संघ संस्थाका योजनाहरु संकलन गर्ने ।
- वस्ती तहः वस्तीस्तरको योजना संकलन गर्ने ।
- वडा तहः वडा तहको योजना संकलन गर्ने ।
- गाँउ कार्यपालिका तहः गाँउस्तरीय योजनाहरु छनौट गर्ने ।
- गाँउसभा तहः कार्यपालिकाले पेश गरेका योजनाहरुको अन्तिम छनौट गर्ने ।

विभिन्न तहमा योजना छनौट गर्दा दिग्दर्शनले तोकेको प्राथमिकताका आधारहरु र संघ, प्रदेश तथा स्थानीय तहबीच तालमेल मिलाउनुपर्ने विषयमा ध्यान दिइनेछ ।

### ख. योजना तर्जुमा समितिहरु

- विषयगत समितिः विषयगत योजनाहरु तयार गर्ने ।
- स्थानीय राजस्व परामर्श समितिः राजस्व योजनाका लागि परामर्श दिने ।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः आयस्रोत अनुमान गरि विनियोजन रकम निर्धारण गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जुमा समितिः विस्तृत कार्यक्रम तथा बजेट तयार गर्ने ।

### ग. बजेट तयारी तथा अख्तियारी चरण

- बजेटको पूर्वतयारीः पौष मसान्तभित्र ।
- संघबाट बजेट सीमा प्राप्त गर्नेः फागुन मसान्तभित्र ।
- प्रदेशबाट बजेट सीमा प्राप्त गर्नेः चैत मसान्तभित्र ।
- कार्यपालिकामा वार्षिक बजेट तथा कार्यक्रम मस्यौदा पेशः असार ५ गतेभित्र ।
- गाँउ/गाँउसभामा पेशः असार १० गतेभित्र ।
- गाँउ/गाँउसभाबाट अन्तिम स्वीकृतिः असार मसान्तभित्र ।
- बजेट प्रकाशनः साउन १५ गतेभित्र ।
- अध्यक्ष/प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नेः सभाबाट पारित भएको ७ दिनभित्र ।
- प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विभागरशाखा तथा वडालाई कार्यान्वयनको अख्तियारी दिनेः आफूले अख्तियारी पाएको १५ दिनभित्र ।

### घ. वार्षिक योजनामा रणनीतिक योजना समावेश गर्ने प्रक्रिया

वार्षिक योजना तयार गर्दा रणनीतिक योजनाले तय गरेका लक्ष्य, उद्देश्य, रणनीति तथा वडागत वार्षिक कार्यक्रमहरुलाई समावेश गर्नुपर्नेछ । यसरी प्रस्ताव गरिएका योजनाहरु हरेक तहगत योजना तर्जुमा प्रक्रियामा प्रस्तुत गर्नुपर्नेछ । मूलभूत उद्देश्य, लक्ष्य, नतीजा र रणनीति तथा कार्यनीतिहरुमा खास असर नपर्ने गरि स्थानीय क्रियाकलापहरुमा औचित्यतासहित सामान्य हेरफेर गर्न सकिनेछ । यसरी योजना बनाउँदा सबै सरोकारवालाहरुलाई जानकारी,सहभागिता र सहमतिको आधारमा तयार गर्नुपर्नेछ । यी प्रक्रियाहरु बैठकको रेकडबाट पुष्टि गर्नुपर्नेछ ।

## ८.६. आवधिक योजना कार्यन्वयन

### पृष्ठभूमि

समृद्ध महाङ्काल निर्माण गर्न बनेका योजनाहरूको सफल कार्यान्वयनकालागि तीन तहका सरकारहरू बीच मात्र नभई पालिका भित्रैका सबै वडा कार्यालयहरू तथा विभिन्न सरकारी कार्यालयहरू बीच समन्वय एवम् सहकार्य अत्यावस्यक हुन्छ। नेपालको संविधानको धारा २३२ मा तीन तहका सरकारहरूको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख गरेको छ। त्यसैगरि अनुसूची ५ मा नेपाल सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रूपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्र भित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन

गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ । देशमा संघीयताको अभ्यास प्रारम्भ भए पश्चात् तीन तहमा (संघ, प्रदेश र स्थानीय तह) सरकार गठन भई क्रियाशील भएका छन् । तीन तहका सरकारले कार्यान्वयन गर्ने एकल अधिकार क्षेत्रका कार्यहरूमा प्रष्टता भए तापनि साझा अधिकार भित्रका कार्यहरू कार्यान्वयन गर्ने कार्यहरूमा प्रष्टता आएको छैन । तसर्थ तीन तहका सरकारले प्रभावकारी काम सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ । प्रष्टता नभएका कार्यहरू आपसी सहकार्य र समन्वयमा सम्पादन गरि जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउन सकिन्छ ।

**प्रमुख समस्या**

स्थानीय तहका क्षेत्राधिकारहरू मोटामोटी रूपमा मात्र उल्लेख गरिएको र तोकेर नछुट्याइएको हुँदा कार्य सम्पादन गर्न केही अस्पष्टताहरू रहेको । कार्य विस्तृतीकरणमा केही व्याख्या गरिएको भए तापनि व्याख्या नभएका कैयौं सबालहरू रहेको । कार्यान्वयन चरणमा ती कार्यहरू दोहोरिने, एक अर्काको क्षेत्र अतिक्रमण हुने । तीन तहका सरकारले कार्यन्वयन गर्ने आयोजनाहरूको हालसम्म वर्गीकरण नभएको । योजना तर्जुमा तथा कार्यान्वयनमा थप समस्या पैदा गरेको ।

**चुनौती र अवसर**

तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको वर्गीकरण गरि कार्य प्रष्टता गर्नु । प्राथमिकतामा परेका आयोजनाहरू कार्यान्वयनकोलागि स्रोत व्यवस्थापन गर्नु । आयोजना कार्यान्वनमा प्रभावकरिता ल्याउनु ।

आयोजनाहरूको वर्गीकरण गरि कार्य प्रष्टता ल्याउन आयोजना वर्गीकरण सम्बन्धी छलफलले नीति निर्माताको ध्यान आकर्षण गर्नु । संघीयता कार्यान्वयनकोलागि कार्यतालिका निर्माण हुनु ।

**दीर्घकालीन सोच**

“सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग सहअस्तित्व सहितको सहकार्य“

**लक्ष्य**

सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा समृद्धि हासिल गर्ने ।

**उद्देश्य**

१. आयोजना पहिचान, बजेट विनियोजन तथा निर्माणमा सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग समन्वय एवम् सहकार्य गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आयोजना पहिचान, बजेट विनियोजन तथा निर्माणमा सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग समन्वय एवम् सहकार्य गर्नु ।** | |
| **१.१:** तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको वर्गीकरण गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने । | १. ठूला र रणनीतिक आयोजनाहरूकोलागि आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्य मार्फत् व्यवस्था गरिनेछ ।<br>२. रणनीतिक महत्त्वका ठूला आयोजनाहरू संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा पहिचान, विकास र कार्यान्वयन गरिनेछ । |

| | |
|---|---|
| | ३. जनतामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्न स्थानीय सरोकारवालाहरूसँग सहकार्य गरिनेछ । |

**क. कार्यान्वयन योजना**

वार्षिक योजना तयार गर्दा कार्यपालिका बैठकमा कार्यान्वयन योजनाको मुख्य विषयहरु समावेश गरिनेछ । कार्यान्वयन योजनामा कार्यक्रम, बजेट, साझेदार, लाभग्राही, जिम्मेवारी, मुख्य नतीजा र समयतालिका उल्लेख हुनेछ । सो को आधारमा सम्बन्धित कार्यान्वयन निकायले विस्तृत कार्ययोजना बनाइ कार्यान्वयन गर्नेछ ।

**ख.कार्यान्वयन संयन्त्र**

विशेष योजनाबाहेक अल्पकालीन तथा दीर्घकालीन योजना कार्यान्वयनका लागि स्थायी प्रकृतिको निम्न संरचनाले योजना कार्यान्वयन गर्नेछः

- गा. पा. स्तरीय योजना तथा अनुगमन समितिः जनप्रतिनिधि तथा प्रमुख कर्मचारी सम्मिलित समिति ।
- गा. पा. स्तरीय योजना कार्यान्वयन समितिः विषयगत महाशाखा/शाखाका प्रमुखहरुको समिति ।
- विषयगत समितिः जनप्रतिनधिहरुको गा. पा. स्तरीय विषयगत समिति ।
- वडास्तरीय योजना तथा अनुगमन समिति ।
- विषयविज्ञ तथा परामर्श समिति ।

**ग. कार्यान्वयन विधि**

माथिको संयन्त्रले योजना कार्यान्वयनलाई व्यवस्थित गर्न निम्न विधिहरु अवलम्बन गर्नेछः

- कार्ययोजना विस्तृतीकरणः कार्यक्रम,बजेट, कार्यविधि, समय, जिम्मेवारी, नतीजाहरुको विस्तृत विवरण ।

- लागत इस्टिमेट तथा डिजाइन तयारी र स्वीकृति
- खरिद विधि छनोट
- योजना पेश, सम्झौता र कार्यादेश
- कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण
- प्रतिवेदन तथा मूल्याङ्कन
- योजना फरफारक

## ८.७. अनुगमन तथा मूल्याङ्कन योजना

**पृष्ठभूमि**

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणकालागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था

हुनुपर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो ।

**प्रमुख समस्या**

कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलव्ध र व्यवस्थित नहुनु । सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, संस्थागत संरचनाहरू व्यवस्थित नहुनु । पर्याप्त जनशक्ति र भौतिक संरचना नहुनु ।

**चुनौती र अवसर**

सफलतापूर्वक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु । अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु ।

नतिजामूलक तथ्यहरूको पहिचान गरि आयोजनामा समावेश गर्नु ।

अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारण बन्नु । अनुगमन तथा मूल्याङ्कन कार्यकोलागि संगठन संरचना निर्माण गर्दा महत्त्व दिनु ।

**दीर्घकालीन सोच**

"प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणलीको विकास"

**लक्ष्य**

नतिजामूखी अनुगमन तथा मूल्याङ्कन प्रणलीलाई विकास निर्माण तथा व्यवस्थापनमा संस्थागत एवम् स्थापित गर्ने

**उद्देश्य**

१. योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।

२. अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।** | |
| **१.१ः** जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | १. अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने सबै जनशक्तिलाई बलियो साझेदारीको निर्माण, M&E Matrix, Project Performance Information System (PPIS) Software, M&E data को प्रयोग, अभिलेख व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ । |
| **१.२ः** अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई तहगत रूपमा अनुगमन संयन्त्र विकास गर्ने । | १. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. हरेक वडाले महिनाको एकपटक र कार्यपालिकाले चौमासिक रूपमा कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रगति अनुगमन गर्ने व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| १.३ः आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने । | १. सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेज र अन्तर्राष्ट्रिय प्रतिवद्धताको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>२. हरेक आयोजनाको समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य २ः अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु ।** | |
| २.१ः अनुगमन तथा मूल्याङ्कनकोलागि स्पस्ट नीति बनाई लागु गर्ने । | १. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन पुनरावलोकन गरि प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनेछ । |
| २.२ः अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १. आयोजनागत अनुगमन तथा मूल्याङ्कन शाखालाई प्रभावकारी बनाइनेछ । |
| २.३ः योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने । | १. दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. आयोजनाहरूको आवश्यक अनुगमन र मूल्याङ्कन
२. निर्देशिका तथा अन्य सामग्रीको विकास
३. अनुगमन तथा मूल्याङ्कन मापदण्ड बनाई कार्यान्वयन
४. अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा
५. सूचकहरूको निर्माण

**अपेक्षित उपलब्धि**

आयोजना अनुगमन र मूल्याङ्कनकोलागि छुट्टाछुटै निर्देशिका बनेको हुनेछ । हरेको आयोजनाकोलागि अनुगमन तथा मूल्याङ्कनका सूचकहरू बनेका हुनेछन् । सूचकहरूको आधारमा आयोजनाहरूको मूल्याङ्कन गरिएको हुनेछ । विकासकोलागि छुट्याइएको बजेटको निश्चित प्रतिशत अनुगमन तथा मूल्याङ्कनकोलागि छुट्याइएको हुनेछ । अनुगमन तथा मूल्याङ्कनबाट निस्केका परिणामहरू र सिफारिसहरूलाई योजना तर्जुमा समावेश गरिएको हुनेछ ।

### ८.७.१. अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

आवधिक योजनाले निर्धारित गरेको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरु हाँसिल उन्मुख भए नभएको निगरानी गर्न र लक्ष्य तथा उद्देश्य प्राप्तिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आवधिक योजनाको कार्यन्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरि योजनाले निर्धारण गरेका लक्ष्य, असर र प्रतिफल हासिल गर्ने दिशातर्फ भएको प्रगति आवधिक रुपमा मापन गर्नुपर्दछ ।

यसका लागि योजना कार्यान्वयनका दौरान आइपर्ने समस्याहरुको समाधान एवम् गरिएको लगानी तथा स्रोतसाधनको प्रवाह आशातीत ढङ्गबाट भए नभएको जानकारी समेत प्राप्त गर्नुपर्ने हुन्छ । तसर्थ गाउँपालिकाको आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गरि सोको कार्यान्वयनको लागि वार्षिक कार्यान्वयन कार्यतालिका समेत तयार गर्नुपर्दछ। यसरी तयार भएको कार्यान्वयन कार्यतालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरुसमेत निर्दीष्ट गर्ने एवम् सो अनुसार अनुगमन गर्ने र उद्देश्य प्राप्तिको अवस्था लेखाजोखा गर्न मूल्याङ्कन गर्ने कार्यप्रणाली स्थाापित गर्नुपर्दछ।

### ८.७.२. अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

स्थानीय आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गर्नुपर्दछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ र यस कार्यमा वार्षिक विकास कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदनको लागि गठित अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गर्नुपर्नेछ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनमा संलग्न हुने निकायहरुको निम्न हुनसक्दछन्:

- गाउँ कार्यपालिका
- जिल्ला समन्वय समिति

### ८.७.३. अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

वार्षिक योजना अनुगमनका लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ तोकेबाहेक वार्षिक तथा आवधिक योजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि निम्न विधिहरु अवलम्बन गरिनेछ:

**क. अनुगमन तथा मूल्याङ्कनका चरणहरु**

- योजना चरण : यस चरणका रणनीतिक योजना तथा आवधिक कार्यक्रमका सूचीहरु वार्षिक योजनाभित्र के,कति समावेश भए भन्ने पक्ष यकिन गरिनेछ।
- कार्यान्वयन चरण : यस चरणमा योजनाको गति अनुगमन (Track monitoring) चौमासिक रुपमा गरिनेछ। यसमा मुख्यतया: योजनाहरुको प्रगति अपेक्षित नतीजा र आवधिक लक्ष्य प्राप्तितिर उन्मुख भए नभएको यकिन गरिनेछ।
- कार्यसम्पन्न चरण : यस चरणमा योजनाको उद्देश्य, विधि, बजेट र समयभित्र तोकिएको नतीजा हासिल भए नभएको यकिन गरिनेछ।
- प्रभाव मूल्याङ्कन चरण : रणनीतिक योजनाले प्राथमिकतामा राखेका गौरव आयोजनामध्येका विषयगत, स्थानगत, लाभग्राही र बजेटअनुसार केही योजनाहरुको प्रभाव मूल्याङ्कन गरिनेछ। यस अन्तर्गत कार्यक्रमले जीवनस्तर सुधारमा ल्याएको परिवर्तनबारे लेखाजोखा गरिनेछ।

**ख. अनुगमन तथा मूल्याङ्कन विधि**

१. कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गर्नेछ।
२. गा. पा. ले १ करोड बढी लागतका योजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनेछ।
३. रणनीतिक योजनाको प्रभाव थाहा पाउन,योजनाले लक्ष राखेका लाभग्राहीहरु लाभान्वित भए नभएको एकीन गर्न ,आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण लिन,योजना तर्जुमा र कार्यान्वयन विधिमा

आवश्यक परिमार्जन गर्न बहुसरोकारवाला निकायहरुको सहभागितामा तीन वर्षपछि प्रभाव मूल्याङ्कनको व्यवस्था गर्नेछ। यस्ता प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरि सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक समेत गर्ने छ।

४. अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरि कार्यपालिकाको बैठकमा छलफल गर्नेछ।

५. अनुगमनका लागि निम्न विधिहरु प्रयोग गरिनेछः

- स्थलगत अवलोकन,
- सरोकारवालाहरुसँग छलफल,
- नागरिक समाजका सँस्थाहरु परिचालन,
- मिडिया अनुगमन
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण
- वेब साइट, मोबाइल एप्स् तथा सूचना पाटीमा प्रकाशन

# सन्दर्भ सामाग्री


- स्थानिय सरकार सञ्चालन ऐन २०७४
- नेपालको संविधान, २०७२
- केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८
- महाङ्काल गाउँपालिकाको पार्श्व चित्र, २०७४
- नापी विभाग, टोपोग्राफिक नक्शाहरु, १९९२
- महाङ्काल गाँउपालिकाको आर्थिक प्रतिवेदन, २०७५
- गाँउपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका, २०७४
- Geographical Coding of States, Districts and Local units : NPC/CBS, 2017
- NEPAL Multidimensional Poverty Index, 2018: National Planning Commission
- A study on Foreign Aid Mobilization in Federal Nepal, Dec. 2017: Ministry of Finance
- नेपालको पन्ध्रौ आवधिक विकास योजना (२०७६/७७-२०८०/८१)
- सहस्राब्दी विकास लक्ष्य
- सार्वजनिक खरिद ऐन,२०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- आर्थिक वर्ष २०७६/०७७को बजेट वक्तव्य, २०७७: अर्थ मन्त्रालय
- राजस्व परामर्श समितिको प्रतिवेदन,२०७४: अर्थ मन्त्रालय
- अन्तर सरकारी वित्तिय हस्तान्तरण, आर्थिक वर्ष २०७५र०७६: अर्थ मन्त्रालय २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७३: अर्थ मन्त्रालय
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४
- आर्थिक वर्ष २०७५र०७६ का लागि प्रदेश सरकारबाट स्थानीय तहमा हुने सवारी साधन
- कर बाँडफाँटम्बन्धी सिफारिस, २०७५: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- आर्थिक सर्वेक्षण २०७४ र ०७५: अर्थ मन्त्रालय
- दिगो विकास लक्ष्य २०३०: राष्ट्रिय योजना आयोग २०७३

# अनुसूची-१ योजनाको विवरण

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | प्रति ईकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | स्थानगत तथा कार्यक्रम बिवरण | जिम्मेबार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | | |
| | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | | |
| क | **आर्थिक विकास क्षेत्र** | | | | | | | | | | | | |
| १ | **कृषि र पशुपन्छी विकास** | | | | | | | | | | | | |
| १.१ | टनेल निर्माण (500 वटा) | संख्या | 0 | ५०० | ६० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.२ | चिया पकेट क्षेत्र पहिचान तथा निर्माण | संख्या | 0 | ६ | ३०० | ३०० | ६०० | ३०० | ३०० | ३०० | १८०० | वार्ड-०६ ,०५ | स्थानिय तह आफै |
| १.३ | कफी पकेट क्षेत्र पहिचान तथा निर्माण | संख्या | 1 | ६ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | वार्ड-०३ ,०६ | स्थानिय तह आफै |
| १.४ | लौठ सल्ला पकेट क्षेत्र पहिचान तथा निर्माण | संख्या | 2 | १० | ५०० | १५०० | १००० | ५०० | ५०० | ५०० | ४००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.५ | तरकारी तथा फलफुल पकेट तथा ब्लक क्षेत्र पहिचान तथा निर्माण | संख्या | 2 | १० | ३०० | ६०० | ३०० | ३०० | ६०० | ६०० | २४०० | सबै वार्ड | स्थानिय तह आफै |
| १.६ | खाद्यान्न तथा तरकारी बिजबृद्धी कार्यक्रम | संख्या | 0 | १० | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.७ | एक वडा एक कृषि प्राविधिक | संख्या | 0 | ६ | ७०० | २१०० | २१०० | ० | ० | ० | ४२०० | सबै वार्ड | स्थानिय तह आफै |
| १.८ | कृषि एम्बुलेन्स (२ वटा) | संख्या | 0 | २ | ५००० | ० | ५००० | ० | ५००० | ० | १०००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.९ | महिला समुहमा आधारित कृषि सहकारी स्थापना | संख्या | 0 | 10 | १०० | २०० | २०० | २०० | २०० | २०० | १००० | सबै वार्ड | स्थानिय तह आफै |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१० | कृषि उत्पादन समूह स्थापना | संख्या | 2 | 20 | १०० | ५०० | ४०० | ४०० | ३०० | २०० | १८०० | सबै वार्ड | स्थानिय तह आफै |
| १.११ | कृषि यान्त्रिकरण कार्यक्रम कृषिमा यान्त्रीकरण (जस्तैः थ्रेसर, हाते टयाक्टर) हरेक वडामा १५ वटाको दरले ९० वटा | संख्या | 0 | 90 | ५० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | सबै वार्ड | स्थानिय तह आफै |
| १.१२ | शित भण्डार निर्माण (२ वटा - ५०० मे.ट. क्षमता) | संख्या | 0 | २ | २०००० | २०००० | ० | २०००० | ० | ० | ४०००० | वार्ड-२ र वार्ड-४ | नेपाल सरकार तथा प्रदेशसंगको समन्वयमा गर्ने |
| १.१३ | कृषि प्राविधिक शिक्षालय स्थापना (१ वटा) | संख्या | 0 | 1 | ५०००० | ० | ५०००० | ० | ० | ० | ५०००० | वार्ड-०१ | नेपाल सरकार तथा प्रदेशसंगको समन्वयमा गर्ने |
| १.१४ | उन्नत जातको घाँस उत्पादन प्रवर्द्धन कार्यक्रम (इपिल, जय घाँस, नेपियर, किमु जस्ता घाँसको प्रजातिहरू उत्पादनको लागि मानव संसाधन र प्राविधिक पूर्वाधारको विकास) | रोपनी | 0 | 500 | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.१५ | दूध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना | संख्या | 12 | ३० | २०० | ८०० | ६०० | ६०० | ८०० | ८०० | ३६०० | सबै वार्ड | स्थानिय तह आफै |
| १.१६ | ३ बहुउद्येश्यीय कृषि नर्सरी स्थापना र सञ्चालन गर्ने | संख्या | 1 | 3 | १००० | ० | १००० | ० | १००० | ० | २००० | वार्ड-१ , वार्ड-६ , वार्ड-४ | स्थानिय तह आफै |
| १.१७ | मौरीपालन पकेट क्षेत्र | के.जी | 0 | 5000 | ०.५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | सबै वार्ड | स्थानिय तह आफै |
| १.१८ | व्यवसायिक माछा पालन प्रवर्द्धन कार्यक्रम | रोपनी | 0 | 200 | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | वार्ड-१,२,३ | स्थानिय तह आफै |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१ ९ | पशु विकास रणानीति तर्जूमा | संख्या | 0 | 1 | २०० | ० | ० | २०० | ० | ० | २०० | सबै वार्ड | स्थानिय तह आफै |
| १.२ ० | पशु एम्बुलेन्स (१ वटा) | संख्या | 0 | 1 | ४००० | ० | ० | ० | ४००० | ० | ४००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.२ १ | बाख्रा पालन पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम | वटा | 2 | 20 | ५० | २०० | १५० | १५० | २०० | २०० | ९०० | सबै वार्ड | स्थानिय तह आफै |
| १.२ २ | कुखुरा फर्म प्रवर्द्धन कार्यक्रम | वटा | 10 | 50 | ५० | २५० | ४०० | ४०० | ५०० | ४५० | २००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.२ ३ | खोर तथा गोठ सुधार कार्यक्रम | एकमु ष्ट | | | | २००० | २००० | २००० | २००० | २००० | ८००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.२ ४ | गाई तथा भैंसी पालन पकेट क्षेत्र कार्यक्रम | एकमु ष्ट | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.२ ५ | नश्ल सुधार कार्यक्रम | एकमु ष्ट | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २००० | सबै वार्ड | स्थानिय तह आफै |
| १.२ ६ | पशु तथा बाली बिमा कार्यक्रम / परिवार | संख्या | 0 | 1000 | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | सबै वार्ड | स्थानिय तह आफै |
| २ | **पर्यटन विकास** | | | | | | | | | | | | |
| 2.1 | पर्यटन गुरूयोजना | संख्या | 0 | १ | १००० | ० | १००० | ० | ० | ० | १००० | सबै वार्ड | स्थानिय तह आफै |
| २.२ | कालेश्वोर - बैतर्नीधाम केबलकार सम्भाव्यता अध्ययन (गौरवको आयोजना) | एकमु ष्ट | 0 | 1 | 2000 | ० | १०००.० | १००० | ० | ० | २००० | वार्ड-३ , ४ | नेपाल सरकार तथा प्रदेशसंगको समन्वयमा गर्ने |
| २.३ | कालेश्वोर मन्दिर परिसर संरक्षण तथा विकास कार्यक्रम | संख्या | ० | 1 | 50000 | १०००० | २५०००. ० | १५००० | ० | ० | ५०००० | वार्ड-०४ | नेपाल सरकार तथा प्रदेशसंगको समन्वयमा गर्ने |
| २.४ | बैतरणी धाम संरक्षण तथा विकास कार्यक्रम | संख्या | 0 | 1 | 40000 | ८००० | २००००. ० | १२००० | ० | ० | ४०००० | वार्ड-०३ | स्थानिय तह आफै |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.५ | सिम्बा झरना पर्यटकिय क्षेत्र विकास कार्यक्रम | संख्या | 0 | 1 | 50000 | १०००० | २५०००.० | १५००० | ० | ० | ५०००० | वार्ड-०२ | नेपाल सरकार तथा प्रदेशसंगको समन्वयमा गर्ने |
| २.६ | लोंगतोंग गुम्बा प्रबर्धन कार्यक्रम | संख्या | 0 | 1 | 20000 | ४००० | १००००.० | ६००० | ८०००० | ८०००० | २०००० | वार्ड-०४ | स्थानिय तह आफै |
| 2.7 | पर्यटकीय पदमार्ग विकास कार्यक्रम **(बैतरणी धाम , कालेश्वोर मन्दिर पदमार्ग )** | एकमुष्ट | 0 | 1 | ३०००० | ६०००.० | ६०००.० | ६०००.० | ६०००.० | ६००० | ३०००० | वार्ड-३ , ४ | स्थानिय तह आफै |
